सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

saptahik.ekantipur.com

• वर्ष २४ • अंक १८ • FRIDAY, 14 SEPTEMBER 2018 • काठमाडौं शुक्रबार, भदौ २९, २०७५ • पृष्ठ ३२ • मूल्य रु. १५/-



## सम्बन्ध सुधार्दै पारस-हिमानी

शाहवंशको इतिहाससँग जोडिएको गोरखा पुगेका पारस-हिमानीले मुस्कान मात्र साटासाट गरेनन्, हिमानीले नमस्कार गरिन्, पारसले प्रतिउत्तरमा 'सी यू' भन्दै हात हल्लाए ।

पृष्ठ २१ मा

## विलासी सवारीको सौख





पृष्ठ २२ मा

papaya wash

JOY
beautiful by nature

PAPAYA WASH द्वारा
अनुहारको चायाँपोतो तथा
चिपचिपपन भगाउनुहोस्

प्रस्तुत छ, नयाँ Papaya Wash जुन मेवाको वास्तविक गुणले भरिपूर्ण छ। यसले सूर्यको हानिकारक किरणबाट मुहारमा हुने कालोपन तथा दाग धब्बाबाट बचाउँदै तुरुन्तै प्राकृतिक सुन्दरता प्रदान गर्दछ।



अनुष्का शर्मा
एक्ट्रेस



Instant Fairness GLOW | Anti POLLUTION | HRS 24 Skin Glow & Purifying

## YouTube ट्रेन्डिङ

| क्र.सं. | शीर्षक | च्यानल |
|---|---|---|
| १ | भद्रगोल-१७५ | मिडिया हब |
| २ | लौ न के गर्ने | नितेशजंग कुँवर |
| ३ | द भ्वाइस अफ नेपाल | द भ्वाइस अफ नेपाल |
| ४ | ओ माइ गड | गोल्छे सञ्चार |
| ५ | वेगनास तालबाट | फलानो टिभी |
| ६ | हिमालय रोडिज-७ | हिमालय रोडिज |
| ७ | पत्ता लाग्यो | फेवा टेलिभिजन |
| ८ | माग्नेका छोरा | ठूलो पर्दा टिभी |
| ९ | निर्मला हत्यामा | स्मार्ट टिभी |
| १० | पछि उमेर ढल्किन्छ | हाइलाइट्सनेपाल |

## फोटो अफ दि विक



■ **अभिनेत्री तीज मूड** : अभिनेत्री जेबिका कार्की तीजको मूडमा ।



■ **गौरवको ब्याटिङ** : निकट भविष्यमा काठमाडौंमा हुन लागेको अन्तर्राष्ट्रिय स्तरको च्यारिटी क्रिकेट खेलका लागि ब्याटिङ अभ्यास गर्दै अभिनेता गौरव पहारी ।



■ **सुन्दरीको भेट** : मिस नेपाल-२०१५ इभाना मानन्धर तथा मोडल आस्था पोखरेल न्यू इलेक्ट्रिक स्कुटरको वार्षिकोत्सव समारोहमा ।



सुवास बाबा दर्शन । मेरो तीज कमाइ र खर्चको विवरण पठाएकी छु, हजुरले फेसबुकमा हाल्दिसयो है, नाम उल्लेख नगरी । एउटी कलाकार बैनीको म्यासेज हुबहु । गीतको अडियो रेकर्ड खर्च- २२ हजार, भिडियो–१ लाख १८ हजार, फेसबुक बुस्ट– १० हजार, यो काममा हिँड्दा चिया-खाजा खर्च- १० हजार, जम्मा खर्च १ लाख ६० हजार । गीतको भ्युज १२ लाख गयो, २ सय ५२ डलर आयो, जसको नेपाली रुपैयाँ २८ हजार ९ सय ८० भयो । स्टेज कार्यक्रममा गएर ६० हजारजति ल्याएकी छु । जम्मा आम्दानि ८८ हजार ९ सय ८० रुपैयाँ । मेकअपका सामान, साडी-चोलो तथा लेहेङ्गामा ४० हजार, दुई महिनाको घर भाडा २० हजार, रासन पानी २० हजार, गाडी भाडा, जहाज भाडाको कुरै नगरिसियो, मलाई यो पटकको तीजले १ लाख ५१ हजार १ सय २० रुपैयाँ ऋण लगायो । सबैको अवस्था यही हो बाबा, तिर्ने कसरी हो ? बाँच्ने कसरी हो ? मैले पोस्ट गर्दिएँ, तर तिर्ने र बाँच्ने आईडिया चै कलाकारको हित र अधिकारको ठेक्का लिएका पाटे स्यालहरूसँग सोध्नुपर्छ नानी ।

**सुवास रेग्मी**



जेलमा पर्नेहरू अपराधी लाग्थे, प्रहरी हाम्रा रक्षक । कञ्चनपुर घटनापछि थाहा भयो, भ्रममा रहेछौं हामी । यो कस्तो संकेत हो ?

**ऋषिकेश दाहाल**



भोकै बसेपछि भगवानले मनोकांक्षा पुऱ्याइदिन्छन् रे । त्यस्तो हुने भए, हे प्रभु पशुपतिनाथ, सडक पेटीमा रातदिन भोकै बस्नेहरूको मनोकांक्षा अझै किन पूरा नभएको ? संस्कृति जोगाऊँ, विकृति नफैलाऊँ ।

**समृद्धि रिजाल**



अलि बिस्तारै नाचेको भए हुने नि । धर्ती नै हल्लियो । प्रदेश १ का इलाम, झापा, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, ताप्लेजुङ, मोरङ, सुनसरीलगायतका जिल्लामा धक्का महसुस गरिएको छ (आसाम केन्द्रबिन्दु बनाएर ५ दशमलव ६ रेक्टरको भूकम्प)

**तीर्थ कोइराला**



■ **नयाँ गेटअप** : हास्य श्रृंखला भद्रगोलका पाँडे अर्थात् अर्जुन घिमिरे, जिग्री अर्थात् कुमार कट्टेल तथा दीपक आचार्य ।

कार्टुन सेयर गर्दा कर्मचारी, समाचार अनलाइनमा साभार गर्दा पत्रकार र आलोचनात्मक टिप्पणी गर्दा कलाकार जेलमा बस्नुपर्ने ! हामीले खोजेको लोकतान्त्रिक शासन र कानुनी राज्य यस्तै हो त ? बुझ्न गाह्रो भो ।



**बलराम बानियाँ**



■ **बिपनाको फ्युजन** : तीजको अवसर पारेर फ्यूजन गेटअपमा अभिनेत्री बिपना थापा ।

मंगल होस्

# छाडबिन आयोग



मनोज गजुरेल

निर्मला हत्याकाण्ड छानबिन समितिका एक पदाधिकारीले राजीनामा दिए । जिउज्यानमै खतरा उत्पन्न भएपछि उनले उक्त कदम चालेको बताए । यदि यो दाबी सत्य हो

> सरकारले चाहेको भए चौबीस घण्टामा हत्यारा पत्ता लगाउन सक्थ्यो । प्रहरी छ । प्रहरीसँग तालिमप्राप्त कुकुर छन् । सेना छ । सेनासँग शक्तिशाली सुराकी छन् । गुप्तचर विभाग छ । विभागसँग हजारौं विशेष प्रहरी छन् ।

भने भन्नै पर्ने हुन्छ, छानबिन समितिका प्रायः प्रतिवेदन सत्य हुँदैनन्, सत्य-तथ्य बाहिर ल्याउन खोज्नेहरूकै ज्यान खतरामा पर्छ । आउनुहोस्, आजको बसाइमा आयोगकै विषयमा चर्चा गरौं ।

यसअघि पनि विभिन्न विषयमा छानबिन आयोग बने । सुरुमा ठूलूला गफ छाँटिए तर चित्तबुझ्दो निचोड कहिल्यै आएन । त्यसैले व्यंग्यको भाषामा भनिन्छ, यो छानबिन होइन, छडबिन हो । आयोग होइन, आयो अनि गयो हो ।

कञ्चनपुर काण्डमा पनि झन्डै त्यस्तै हुँदैछ । त्यहाँ, कहिले मानसिक रोगीलाई आरोप लगाइयो । कहिले बम दिदी-बहिनीको बयान लिइयो । कहिले हामीसँग प्रमाण छ भनियो । कहिले भएको प्रमाण मेट्न खोजियो । यी सबै अधिकार प्रत्याभुत गर्ने प्रहरी अधिकारीका तर्फबाट भयो तर निचोड ? हात्ती आयो हात्ती आयो, फुस्सा ।

त्यसपछि सरकारले छानबिन आयोग बनायो । प्रहरीले आरोप लगाएका सबै निर्दोष सावित भए । यता बलत्कारी पत्ता लागेन । न त उ पक्राउ नै पर्‍यो । सिंगो सरकार लाग्दा पनि यो जघन्य अपराधको अपराधी फेला परेन, सबैभन्दा अचम्मको कुरा यही छ ।

प्रधानमन्त्री स्वयम्ले अपराधीलाई पानीबाट भए पनि निकाल्ने भने तर जल, जमिन, आकाश कतै पनि अपराधी फेला परेन । जनता भन्छन्- छाडबिन आयोग भएकाले पक्राउ नपरेको हो । सरकारले चाहेको भए चौबीस घण्टामा हत्यारा पत्ता लगाउन सक्थ्यो । प्रहरी छ । प्रहरीसँग तालिमप्राप्त कुकुर छन् । सेना छ । सेनासँग शक्तिशाली सुराकी छन् । गुप्तचर विभाग छ । विभागसँग हजारौं विशेष प्रहरी छन् । तै पनि निर्मलाको हत्यारा पत्ता लाग्दैन ।

## किन त ?

यसका धेरै कारण होलान् । तीमध्ये मुख्य कारण सरकारमा लाजको अभाव हो । बालिका बलात्कार गरेर हत्या गरिएको घटना सबैभन्दा शरमको विषय हो । यसले जनतामा आक्रोश, डर र पिंडा बढाएको छ । घटना आफैंमा वीभत्स त छँदैछ, त्यसमाथि यस्तै घटना आफ्नै परिवारमा घट्यो भने के होला भनेर जनता असुरक्षित महसुस गर्दैछन् ।

यद्यपि राज्यका निकायहरू भने घटनालाई यसरी लिई रहेका छन् कि यो देशमा घटिरहने विभिन्न घटनाहरूमध्ये एउटा घटना मात्र हो । सरकार एउटै घटनामा राज्य अल्झिने हो भने समृद्धिको यात्रा कसरी तय हुन्छ जस्तो गरेर बसिरहेको भान हुन्छ । राज्यले बुझ्नुपर्छ, संसारका ठूला-ठूला युद्ध मसिना कुराबाट उठान भएका छन् । सुरुमा सामान्य लागेका घटना बढ्दै गएर सत्ता परिवर्तनदेखि दीर्घकालीन हिंसासम्म पुगेका छन् ।

छानबिन समितिका पदाधिकारीले आफ्नो ज्यानको खतरा भएको, ठूलै समूहले धम्की दिएको, जिउज्यानको सुरक्षा चाहिएकोजस्ता माग गर्दैछन् । त्यो शक्ति कुन हो, त्यो व्यक्ति को हो, उसको कनेक्सन कोसँग छ, सरकारले जतिबेला चाह्यो त्यतिबेला पत्ता लगाउन सक्छ ।

हरेक कालो बादलको पछाडि चाँदीको सेतो घेरा हुन्छ भनेझैं अपराधीसम्म पुग्न सरकारले त्यही धम्कीको लहरो समाउन सक्छ । लहरो पछ्याउँदै जाँदा जतिसुकै ठूलो पहरो गर्जिए पनि गर्जियोस्, कारबाही गरेरै छाड्नुपर्छ । राजनीतिका पहरा हुन् कि प्रशासनका पहरा, भत्काउनै पर्छ । त्यसो भयो भने राज्यकै जय हुन्छ अन्यथा जनतालाई सधैं भय हुन्छ ।

खुद्रा मसिना छानबिन समितिले अब यो काम फत्ते हुने देखिँदैन । सत्यतथ्य पत्ता पत्ता लगाउन निर्मम समिति बन्नु जरुरी छ, जसले सोर्सफोर्सलाई अस्वीकार गर्छ । धाकधम्कीका साथै पद र पावरलाई तिरस्कार गर्छ ।






# समुन्द्रमानको संसार



तस्बिर : नवराज बाग्ले

आममानिसको तुलनामा कलाकार समुन्द्रमानसिंह श्रेष्ठ फरक शैलीको जीवन जिउँछन् । उनको दैनिकी बिहान ६ बजे प्रारम्भ हुन्छ । लाजिम्पाटमा बसोबास गर्ने श्रेष्ठ ब्युँझिएपछि दुई ग्लास चिसो पानी पिउँछन् । उनको डेराबाट नजिकै छ, रानीबारी जंगल । मर्निङ वाकका लागि उनी त्यहीं पुग्छन् । नियमित मर्निङ वाकले स्वास्थ्यमा फाइदा पुर्‍याउँछ भन्ने उनको विश्वास छ । त्यसैले उनी दिन नबिराई मर्निङ वाक गर्छन् । मर्निङ वाकका लागि रानीबारी निस्किनुअघि चिया र बिस्कुट खान कहिल्यै छुटाउँदैनन् ।

समुन्द्रमान अधिकांश समय पेन्टिङमै बिताउँछन् । पेन्टिङ नै उनका लागि साधना हो । कुनै बेला त उनी पेन्टिङ गर्दा गर्दै चिया पिउन समेत बिर्सन्छन् । आठ बजे उनको ब्रेकफास्टको समय हो । त्यसपछि उनी पेन्टिङमै घोत्लिन्छन् । बिहानको समय उनी मानिसहरूसँग भेटघाट गर्न खासै रुचाउँदैनन् । 'बिहानको समय मन कल्पनाशील हुन्छ ।' श्रेष्ठ अनुभव बाँड्छन्, 'काम गर्ने ऊर्जा पनि प्रशस्त हुन्छ ।' प्रायः ९ देखि १२ बजेसम्मको पूरै समय उनले पेन्टिङका लागि छुट्याएका छन् ।

श्रेष्ठ दिउँसो १२ बजेतिर खाना खान्छन् । उनको मेनुमा दाल, भात, तरकारी नै हुन्छ । उनी आफूलाई अल्छी भन्न रुचाउँछन् । खाना बनाउन उनलाई झन्झट लाग्छ । लुगा धुन वासिङ मेसिन प्रयोग गर्छन् । नेवार समुदायमा रक्सीलाई सगुनका रूपमा लिइन्छ । मापसे चेकिङ सुरु भएदेखि उनले सगुनको मात्रा अलि घटाएका छन् । खाना खाएको एक घण्टापछि उनलाई निद्रा लाग्छ । डेढ घण्टा सुतेपछि उनको निद्रा खुल्छ । दिउँसो तीन बजेतिर समुन्द्रमान फ्रेस हुन्छन् अनि फेरि सुरु हुन्छ, उनको पेन्टिङ बनाउने कर्म । उनको एउटा बानी छ, पेन्टिङ बनाइउँदा मन्त्र सुन्ने र धूप बाल्ने । युट्युबबाट डाउनलोड गरिएका मन्त्र सुन्दा उनलाई मनमा ऊर्जा थपिएको महसुस हुन्छ । 'आइफोनमा पनि धेरै मन्त्र भरेको छु ।' उनले भने, 'काम गर्दा मन्त्र सुन्दै आफैंभित्र हराउँछु । क्यानभासमा मैले त्यही ऊर्जा झल्काउने हो ।'

समुन्द्रमान स्कुल पढ्दादेखि नै पेन्टिङ बनाउँथे । उनलाई अझै सम्झना छ, ठमेलको जुद्धोदय उमाविमा कक्षा ८ मा अध्ययनरत छँदा उनले बनाएका पेन्टिङ ५-६ सय रुपैयाँमा बिक्री हुन्थे । उनको पकेट मनि त्यसैबाट चल्थ्यो । आफू मात्र होइन, उनी साथीभाइलाई पनि खाजा खाउँथे । उनमा माइला बुबा विकासानन्दको प्रभाव परेको छ । घरमा माइला बुबाले बनाएका पेन्टिङ देखेपछि उनमा पनि त्यस्तै पेन्टिङ बनाउने रहर जाग्थ्यो । आफूले बनाएका पेन्टिङ विकासानन्दकै साथी वरिष्ठ कलाकार दीपक जोशीलाई पनि देखाउँथे । जोशीकै सहयोगमा उनले भीमसेनथानस्थित नेपाल परम्परागत कलाकार संघमा पेन्टिङसम्बन्धी कक्षा लिए, जहाँ गुरु थिए– प्रेममान चित्रकार । उनी आफ्नो प्रेरणाको स्रोत प्रेममान, अमर चित्रकार तथा माणिकरत्न चित्रकारलाई मान्छन् ।

समुन्द्रमान कुनै बेला मखनका गल्लीहरूमा एक मोहर तिरेर कमिक हेर्थे । त्यति बेलादेखि नै उनमा पेन्टिङको रस बसेको थियो । उनलाई वसन्तपुर दरबार स्क्वायर पनि खुब मन पर्छ । जब मन्दिर तथा मूर्तिहरूमा उनका आँखा पर्थे, चित्र बनाऊँ-बनाऊँ लाग्थ्यो । वसन्तपुर दरबार स्क्वायरभित्रको म्युजियममा आनन्दमुनि शाक्यले राजा त्रिभुवनलाई उपहार दिएको पेन्टिङ हेर्नकै लागि उनी धेरै पटक टिकट काटेर छिरेका छन् । समुन्द्रमानलाई पुराना मूर्ति, दरबार तथा घरहरूको डिजाइनले तान्छ । केशर पुस्तकालय पनि बरोबर गैरहन्थे । क्याननको ६० डी क्यामेरा चलाउने श्रेष्ठ फोटोग्राफीका पनि सौखिन हुन् । उनलाई फोटोग्राफी र पेन्टिङ एक-अर्काका परिपूरकजस्तै लाग्छन् । समुन्द्रमान पेन्टिङ प्रदर्शनीका सिलसिलामा जापान, चीन र भारतका विभिन्न ठाउँ पुगेका छन् ।

समुन्द्रमान वर्षमा लगभग सातवटा पेन्टिङ तयार पार्छन् । तीमध्ये चारवटाजति त मास्टरपिस नै हुन्छन् । दस वर्षअघि विवाह बन्धनमा बाँधिएका श्रेष्ठले कोरेका देवीका पेन्टिङमा उनकी श्रीमती देविताकै प्रतिबिम्ब झल्कन्छ । 'मेरी श्रीमती राम्री भएर होला,' उनले त्यसको रहस्य खोतले, 'उनको ओठ साना, आँखा ठूला र मन करुणाले भरिएको छ ।' देविताले कुकुरलाई खाना खुवाउँछिन् । त्यसका लागि समुन्द्रमान ४-५ किलो कुखुराको कलेजो किनेर ल्याउँछन् । हरेक पेन्टिङ गर्नुअघि उनी खास तयारी गर्छन् । पेन्टिङ गर्नुपर्ने विषयका बारेमा विस्तृत अध्ययन गर्छन् र क्यानभासमा त्यसको चित्र उतार्न थाल्छन् ।

फुर्सद मिल्दा समुन्द्रमान टिभी हेर्छन्, स्केच कोर्छन् र पुस्तक पढ्छन् । फेसबुक त उनलाई साथीजस्तै लाग्छ । पेन्टिङ गर्दा बोर भयो भने फेसबुक चलाउँछन्, तर त्यसैमा झुन्डिने बानी छैन । समाचार पढ्न, अन्य कार्यक्रमहरूसम्बन्धी जानकारी लिन उनी फेसबुककै सहारा लिन्छन् । उनलाई टिपटप भएर हिँड्न मन लाग्छ । जुन लुगा सजिलो लाग्छ, सुहाउँछ, त्यही लगाउँछन् । हरेक महिना दुई-चार जोर पहिरन किन्ने उनको बानी छ । उनी सेन्टिमेन्टल र क्लासिक गीत बढी सुन्छन् अनि त्यसैमा नाचौं-नाचौं लाग्ने अवस्थामा पुग्छन् । पढेका मध्ये श्रीधर राना रिन्पोछेले लेखेको बोधिचर्यावतार पुस्तकले उनको मन छोएको छ ।

उनी रेस्टुराँ गैरहन्छन् । ठमेलस्थित चाइना टाउन रेस्टुराँ उनको मुख्य गन्तव्य हो । समुन्द्रमानला ई चाइनिज परिकार ठुटुसी, पिज्जा तथा नेवारी परिकार विशेष मन पर्छ । कलाकार सिंह प्रायः रातको १२ बजेतिर निदाउँछन् ।

**प्रस्तुति : नरेन्द्र रौले**

## प्रतिक्रिया




अस्ट्रेलियामा मात्र होइन, अन्य देशमा पनि नेपालीहरू यस्तो खालको समस्यासँग जुधिरहेका छन् (फ्रन्टपेज : डिप्रेसनले डुबाउँदैछ अस्ट्रेलियामा नेपालीलाई) । ठूलो महत्वाकांक्षा अनि पूरा नहुने सपनाले मानिसलाई मानसिक रोगी बनाउँछ । अभिभावकहरूले आफ्ना सन्तानलाई राम्रो काउन्सिलङ गर्न जरुरी छ ।

**नवराज कार्की**

सरिता लामिछाने, रश्मि भट्ट तथा मेलिना राइका तीज अनुभव रोचक लाग्यो (तीनपुस्ते तीज) । रश्मि भट्टका पुराना अनुभव अझ रोचक रहेछन् ।

**रमेश काफ्ले**

घरमै बसेर सजिलै विभिन्न परिकार बनाउन सकिँदो रहेछ (तीज विशेष : घरमै दर) । यो रेसिपीले परिकार बनाउन धेरै मद्दत पुर्‍याएको छ ।

**समिर राई**

तीज विशेष टिप्स उपयोगी लागे । फरक विषयवस्तुमा यस्तै उपयोगी टिप्स पढ्न पाइयोस् ।

**गोविन्द चौलागाई**

अनन्तराम केसीलाई धेरै-धेरै बधाई छ (अनन्तरामको नयाँ विश्व कीर्तिमान) । तपाईंको प्रतिभा देशले चिनोस् र राष्ट्रले तपाईंको क्षमताको उपयोग गरोस् ।

**कुमार सानु**

यो लेख अस्ट्रेलिया पढ्न जान चाहनेहरूका लागि सूचनामूलक लाग्यो (उच्च शिक्षा : नेपालीको पहिलो रोजाइ : अस्ट्रेलिया) । ठूलो संख्यामा नेपालीहरू जाने अन्य मुलुकका बारेमा पनि यस्तै सामग्री पढ्न पाइयोस् ।

**टीका राना**

यस्ता नाम चलेका कलाकार नेपाल आउनु खुसीको कुरा हो (अर्जुन कपुर पोखरा व्यस्त) । यसले नेपालको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुर्‍याउनेछ ।

**सज्जन विवस**

जीवनमा हरेक कुराको महत्व छ (मंगल होस् : सम्पत्तिको महत्व कति होला ?) । जीवन चलाउन सम्पत्ति महत्वपूर्ण छ । यद्यपि सम्पत्ति नै सबैथोक होइन । सम्बन्ध पनि त्यत्तिकै जरुरी हुन्छ ।

**रमेश पोखरेल**

मिस्टर इन्टरनेट पपुलारिटीको एवार्ड जितेकोमा सुशान्तकाजी श्रेष्ठलाई बधाई छ (म्यान अफ द इयर) । नेपालको नाम राख्ने प्रयास गर्नुभयो । आफूले गर्ने मेहनतलाई निरन्तरता दिनुहोला ।

**नेमिस गिरी**

विषयवस्तु छनौट र प्रस्तुतिले मात्र दर्शकहरूलाई छुन्छ (संगीत : तीज गीतमा हास्य कलाकाररहरूको भीड) । कलाकाहरूको भीडले मात्र गीत चल्ने होइन ।

**विक्रम राई**

चलचित्र ए मेरो हजुर-३ मा छानिएकोमा सुहाना थापालाई अग्रिम बधाई छ (जारी छ संयोग) । उनीबाट राम्रो अभिनयको अपेक्षा छ ।

**सबिन मिश्र**

भ्वाइस अफ नेपालजस्ता कार्यक्रम धेरैभन्दा धेरै बन्नुपर्छ (रुचाइयो भ्वाइस अफ नेपाल) । नेपाल र नेपालबाहिर बस्ने प्रतिभाहरूलाई यसरी नै अवसर दिनुपर्छ । अवसर नपाएका प्रतिभाहरूलाई जीवनमा केही गरेर देखाउने एउटा राम्रो कार्यक्रम हो यो ।

**सत्य ढुंगाना**

twitter follow us on
twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) विएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



# हामी व्यवस्थापकीय कमजोरीमा फसेका छौं

वि.सं.२०३९ मा जुम्लाको सिजामा मध्यमवर्गीय परिवारमा जन्मिएका हुन्-गगन हमाल । स्थानीय भैरव माध्यमिक विद्यालयबाट २०५६ सालको एसएलसी परीक्षामा कर्णाली अञ्चलकै सर्वोत्कृष्ट घोषित भएपछि उच्च शिक्षाका लागि काठमाडौं आएका हमालले अमृत साइन्स कलेजबाट उच्च अंकसहित आईएस्सी उत्तीर्ण गरे । पुल्चोक इन्जिनियरिङ कलेजबाट २०६४ सालमा मेकानिकल इन्जिनियरिङमा स्नातक गरेका हमालले त्यसपछि पुल्चोकसहित थापाथली, कान्तिपुर, काठमाडौं आदि इन्जिनियरिङ कलेजमा अध्यापन गरे । यसै बीच उनले ०६९ मा पुल्चोक इन्जिनियरिङ कलेजबाटै नवीकरणीय ऊर्जामा स्नातकोत्तर गरे । २८ वर्षको उमेरमा ०६७ मा मेकानिकल इन्जिनियरका रूपमा सरकारी सेवामा प्रवेश गरेका हमालले कालान्तरमा प्रशासनिक सेवा रोजे । ०७४ सालमा प्रशासनतर्फ सोझै उपसचिव तहको परीक्षा उत्तीर्ण गरेका हमालले त्यही वर्ष सह-सचिवको खुला परीक्षा दिए । २०७५ सालमा सह-सचिव भएका हमाल गत जेठदेखि ७ नम्बर प्रदेशको सामाजिक विकास सचिवका रूपमा कार्यरत छन् । हमालसँग संघीयतामा नेपालको निजामती प्रशासन, यसका समस्या आदि विषयमा केन्द्रित रहेर साप्ताहिकले गरेको कुराकानी :

**अहिले मुलुकको प्रशासनिक संरचना कस्तो छ ?**

२०७२ सालमा नेपालको संविधान जारी भैसकेपछि मुलुकमा अहिले संघीय, प्रदेश तथा स्थानीय गरी तीन तहको सरकारको अभ्यास भैरहेको छ । नेपालको निजामती सेवा पनि तीन तहमै जाने गरी अघि बढिरहेको छ । यद्यपि जुन गतिमा अघि बढ्नुपर्ने हो, त्यसो हुन सकेको छैन् ।

**अहिलेका ऐन-नियम, कानुनहरूले संघीयतालाई सहयोग गरेको छ ?**

पक्कै पनि त्यसमा केही समस्या र बाधाहरू छन् । बाधाहरू फुकाउन जति सक्रिय रूपमा अघि बढ्नुपर्थ्यो, सम्बन्धित पक्षले जसरी चासो लिनुपर्थ्यो, त्यसरी नलिएको देखिन्छ । संविधानतः प्रदेश र स्थानीय तह हेर्ने गरी प्रदेशमा लोकसेवा आयोग गठन गर्ने भन्ने कुरा छ, प्रदेशको लोकसेवा आयोग गठन नभै प्रदेशले आफ्ना कर्मचारी र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्न सक्दैन । पुराना स्थानीय तहमा कार्यरत कर्मचारीहरू नै अहिले पनि कार्यरत छन् । उनीहरूलाई नयाँ संविधान अनुकूल अभ्यास गराउन नसकिएको अवस्थामा हामी छौं । अब कर्मचारी समायोजन ऐन आउने कुरा छ, त्यसका लागि पनि अत्यन्तै ढिलो भैसकेको छ । उक्त ऐन चाँडोभन्दा चाँडो आउनुपर्छ ।

**यो ढिलाइका पछाडि को जिम्मेवार छ ?**

यो प्राथमिकताको कुरा हो । हामी कहाँ तीन प्रकारको संघीयता छ– पहिलो राजनैतिक, दोस्रो प्रशासनिक तथा तेस्रो भौतिक संघीयता । हामीले राजनैतिक संघीयताको चरण पार गऱ्यौं, अहिले राजनैतिक नेतृत्व चयन भएर आइसकेको छ । राजनैतिक नेतृत्व चयन भएर आउनुअगावै हामीले कर्मचारी व्यवस्थापन गर्न सक्नुपर्थ्यो, तर त्यसो हुन सकेन । संघ र प्रदेशमा त्यहाँको आवश्यताअनुसार कर्मचारी चाहिन्छन्, मन्त्रालय बन्छन् भन्ने कुरा थाहा हुँदाहुँदै पनि हामीले त्यतातिर ध्यान दिएनौं । त्यहाँ राजनैतिक नेतृत्व चुनिनुअघि नै कर्मचारीको व्यवस्थापन र समायोजन हुनुपर्थ्यो, तर त्यसो हुन सकेन । अहिले हामीले जे-जस्ता समस्याहरू भोगिरहेका छौं, त्यो त्यसकै परिणाम हो । यसका लागि यो वा त्यो पक्ष जिम्मेवार छ भन्नुभन्दा यसलाई हामीले संक्रमणकालीन व्यवस्थापकीय कमजोरीका रूपमा लिनुपर्छ ।

**कर्मचारी समायोजन र व्यवस्थापनमा कर्मचारी संगठनहरू नै अवरोधका रूपमा देखा परेको बताइन्छ नि ?**

परिवर्तनलाई आत्मसात् गर्न केही गाह्रो हुन्छ । अर्को कुरा सतहमा देखिएजस्तो स्थिति पनि छैन । सरकारले पठाएको ठाउँमा जानु राष्ट्रसेवक कर्मचारीको दायित्व हो । यद्यपि हामी प्राथमिकता निर्धारण गर्ने कुरामा चुकेका छौं ।

**कतिपयले त हाम्रो संघीय संरचना नै ढाँचागत रूपमा त्रुटिपूर्ण छ पनि भनिरहेका छन् ?**

ढाँचागत रूपमै त्रुटिपूर्ण होइन, तर यो युगान्तरकारी परिवर्तन भएकाले यसमा सामञ्जस्यता ल्याउन अलि ढिलाइ भएको हो । एउटै सरकारको अभ्यास गरिरहेका हामी नेपाली एकै पटक तीन तहको सरकारमा गऱ्यौं । अभ्यासमा जानुपूर्व योजनाबद्ध रूपमा सम्पूर्ण काम हुनुपर्थ्यो । योजनाको पाटोमा हामी एकदमै कमजोर भयौं । अहिलेका जे-जति समस्या देखिएका छन्, त्यो त्यसकै परिणाम हो ।

**यी समस्याको कारकतत्व के हो ?**

जुन-जुन ठाउँमा जो-जो बसिरहेका छन्, उनीहरूले नै यसको जिम्मेवारी लिनुपर्छ । किनभने, जिम्मेवार तहमा रहेकाहरू नै अहिलेको समस्याप्रति संवेदनशील हुनुपर्थ्यो ।

पृष्ठ ७ मा



+ २ पछि



प्लस टु सामान्य अंकमा उत्तीर्ण विद्यार्थीहरूका लागि व्यवहारिक सीप अध्यापन गराइने होटल व्यवस्थापन अध्ययन गरेका अधिकांश विद्यार्थीले अहिलेसम्म बेरोजगार बस्नुपरेको छैन । शैक्षिक बेरोजगारीको संख्या बढिरहेको हाम्रो जस्तो देशमा होटल व्यवस्थापन त्यस्तो विषय हो जसको अन्तिम वर्षमा हुने इन्टर्नसिपबाटै विद्यार्थीले पकेट मनी कमाउन थालिसकेका हुन्छन् अनि अधिकांशले पढाइ पूरा गरेर सर्टिफिकेट हात परेकै दिन राम्रो आम्दानीसहितको अवसर पाएका छन् ।

# होटल व्यवस्थापन रोजगारीको ग्यारेन्टी

त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय तथा पूर्वाञ्चल विश्वविद्यालयका साथै केही विदेशी विश्वविद्यालयहरूले पनि नेपालमा होटल व्यवस्थापन अध्यापन गराउँदै आएका छन् । यो विषय अध्ययन गरेका ६० प्रतिशतको रोजाइ विदेश हुने गरेको क्वेस्ट कलेज बीएचएम डिपाटमेन्ट प्रमुख ओलीम श्रेष्ठ बताउँछन् । यो विषय पढेका विद्यार्थीको आम्दानी नेपालका होटलको तुलनामा विदेशका होटलमा चार गुणासम्म बढी हुने हुँदा अधिकांशको रोजाइ नेपाल बाहिरकै होटल हुन्छन् । सिलवाल भन्छन्- नेपालका तारे होटलहरूले २५ देखि ३० हजार रुपैयाँसम्म दिन्छन् तर विदेशमा प्रत्येक महिना सबै खर्च कटाएर १ लाख ५० हजार रुपैयाँसम्म जोगाउन सकिन्छ ।

होटल व्यवस्थापन अध्यापन गराउँदै आएका नेपालका चारवटै विश्वविद्यालयमा दस जोड दुईमा जुनसुकै विषयमा सी ग्रेडभन्दा माथि ल्याएका विद्यार्थीले प्रवेश पाउँछन् । चार वर्षमा ८ सेमेस्टर पढ्नु पर्ने होटल व्यवस्थापनअन्तर्गत पहिलो ६ सेमेस्टरमा सैद्धान्तिक कक्षा सञ्चालन गरी सोहीअनुसारको काम दिइन्छ । त्यसपछिको दुई सेमेस्टर प्रयोगात्मक रूपमा विद्यार्थीलाई होटलमै काम गराउँदै पढाइन्छ । अध्ययनका हिसाबले नेपालमा चारवटा फ्रन्टलाइन अफिस, हाउसकिपिङ, किचेन तथा सर्भिस विधामा होटल व्यवस्थापनको अध्यापन गराइन्छ । यी विषयसँगै सहयोगी विषयका रूपमा मार्केटिङ, एकाउन्ट, हेल्थ, अंग्रेजी, कम्प्युटर, फुड तथा माइक्रो बायोलोजीसमेत अध्ययन गर्नुपर्छ ।

## इन्टर्नसिपमै विदेश

नेपालका अधिकांश कलेजले नेपाली होटलभन्दा पनि विदेशका होटलमा इन्टर्न गर्न पठाउने गरेका छन् । नेपाली होटलहरूमा इन्टर्न गराउँदा त्यसबापत शुल्क तिर्नुपर्ने हुन्छ भने विदेशका अधिकांश होटलले इन्टर्न गर्ने विद्यार्थीलाई पारिश्रमिकसमेत उपलब्ध गराउँछन् । विदेशमा इन्टर्न गर्न जाँदा लाग्ने हवाई टिकट तथा भिसा विद्यार्थीले नै मिलाउनुपर्छ । विदेशमा इन्टर्न गर्दा होटलहरूले पारिश्रमिकका साथै खाने तथा बस्ने व्यवस्था मिलाउँछन् । विदेशमा इन्टर्न गर्नेहरूले देश र होटलअनुसार फरक-फरक पारिश्रमिक पाउने गरेका छन् । इन्टर्नका लागि नेपालका कलेजहरूले चीन, भारत, युएई, इन्डोनेसिया, थाइल्यान्ड तथा बहराइनका ५ देखि ७ तारे होटल पठाउने गरेका छन् । चीन जाने विद्यार्थीका लागि भने होटलहरूकै सहकार्यमा चिनियाँ भाषा अध्ययनको व्यवस्था समेत मिलाइन्छ । विद्यार्थीहरू आफ्नै पहलमा अन्य देश समेत जान सक्छन् । यसरी इन्टर्नसिपका लागि विदेश पठाउँदा अन्तर्राष्ट्रिय अनुभव प्राप्त हुने र विद्यार्थीले पढाइसँगै पकेट खर्च पनि कमाउने हुँदा विदेशका होटल नै विद्यार्थीको रोजाइमा पर्ने क्वेस्ट कलेजका ओलिम श्रेष्ठ बताउँछन् ।

## कस्तो छ भविष्य

होटल व्यवस्थापन अध्ययनपछि अहिलेसम्म कुनै पनि विद्यार्थीले बेरोजगार बस्नु नपरेको गोल्डेनगेटका प्रिन्सिपल सिलवालको दाबी छ । यो विषय अध्ययनपछि स्वरोजगार र रोजगार दुवै बाटो खुल्ला छन् अनि दुवैको भविष्य पनि राम्रो छ । आफैं उद्यमी भएर होटल सञ्चालन गर्ने वा नेपालभित्र वा बाहिर रोजगारी गर्ने त्यो विद्यार्थीको आफ्नै छनौट हो । रोजगारी गर्नेहरूले होटलको रिसेप्सनदेखि हाउसकिपिङ, किचेन म्यानेजमेन्ट, कुकिङ वा सर्भिस म्यनेजमेन्टसम्मको काम सहजै प्राप्त गर्न सक्छन् । नेपालमा यो विषयको अध्ययन-अध्यापन सुरु भएयता नेपाली विद्यार्थीहरू नेपालका होटलमा भन्दा विदेशी होटलमै बढी खपत भएका छन् ।

नेपालमै प्राप्त हुने अवसरलाई हेर्ने हो भने अबको तीन वर्षभित्र नेपालमा स्टार होटलहरूमा १० हजारभन्दा बढी कोठा थपिने निश्चित छ भने थप १० हजार कोठा थपिने प्रक्रियामा छ । यसरी तारे होटल थपिनु भनेको नेपालमै भएको जनशक्तिका लागि राम्रो अवसर हो ।

## कति लाग्छ खर्च

होटल व्यवस्थापन अध्ययनका लागि कलेज तथा विश्वविद्यालयअनुसार फरक-फरक शुल्क तोकिएको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजहरूले ६ देखि ७ लाख रुपैयाँसम्ममा अध्यापन गराइरहेका छन् भने पोखरा विश्वविद्यालयअन्तर्गतका कलेजहरूले ८ देखि ९ लाख रुपैयाँसम्ममा पढाइरहेका छन् । त्यसैगरी पूर्वाञ्चल तथा काठमाडौं विश्वविद्यालयअन्तर्गतका कलेजहरूले पनि सोही हाराहारीमा शुल्क लिँदै आएका छन् । नेपाली विश्वविद्यालय तथा विदेशी विश्वविद्यालयहरूले अहिले नेपालमा ८५ वटा कलेजमार्फत होटल व्यवस्थापन अध्यापन गराइरहेका छन् ।

## के-के पढाइ हुन्छ

नेपालमा विश्वविद्यालयअन्तर्गत तीनवर्षे र चारवर्षे गरी दुई प्रकारका पाठ्यक्रम छन् । तीनवर्षे र चारवर्षे कार्यक्रममा सैद्धान्तिक कुरा फरक नभए पनि व्यवहारिक सिकाइमा केही फरक हुने जानकारहरू बताउँछन् । सरकारले स्नातक तहको पढाइ चारवर्षे बनाएपछि होटल व्यवस्थापन पढाउने सबै कलेजले प्रयोगात्मक कक्षा बढाएका छन् ।

होटल व्यवस्थापनको पहिलो सेमेस्टरमा अंग्रेजी, एकाउन्टिङ, फुड प्रोडक्सन, म्यानेजमेन्ट, फुड वेभरेज सर्भिस, हाउसकिपिङजस्ता होटल व्यवस्थापनका आधारभूत सिद्धान्तहरू पढाइन्छ । दोस्रो सेमेस्टरमा कम्प्युटर एप्लाइन्स, न्युट्रेसनसम्बन्धी थप जानकारी, आर्थिक मूल्य व्यवस्थापनजस्ता विषय अध्यापन गराइन्छ । तेस्रो तथा चौथो सेमेस्टरमा एकाउन्टिङ र इभेन्ट म्यानेजमेन्ट, होटल स्टाटिक्स, फ्रन्ट अफिस अपरेसनसम्बन्धी अध्यापन गराइन्छ । ती विषयमा खाद्य विज्ञान र सरसफाइ, अर्थशास्त्र, ह्युमन रिसोर्स म्यानेजमेन्ट, पब्लिक रिलेसन, अतिथि सत्कार आदि पर्छन् । पाँचौं सेमेस्टर बढी प्रयोगात्मक हुन्छ । यो सेमेस्टरमा विद्यार्थीलाई काममार्फत नै सीप सिकाइन्छ । ६ सय पूर्णांकमा ४ सय पूर्णांकको प्रोजेक्ट वर्क हुन्छ भने २ सय पूर्णांकको होटल एक्सपोजरसम्बधी विषयहरू पढाइन्छ । छैटौं सेमेस्टरमा हस्पिटालिटी ल, क्याटरिङ, टुरिज्म, हस्पिटालिटी मार्केटिङका विषय अध्ययन गराइन्छ भने सातौं तथा आठौं सेमेस्टरमा इन्टर्नसिप गराइन्छ ।

## अस्ट्रेलियन कुलिनरी आर्ट

कान्तिपुर टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेजले नेपाल सरकारको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सम्बन्धबाहेक कुलिनरी सोलुसन अस्ट्रेलियाबाट थप सम्बन्धन प्राप्त गरी होटल म्यानेजमेन्ट, कुलिनरी आर्ट्स, बार टेन्डर तथा बारिस्ताजस्ता कार्यक्रम सञ्चालनमा ल्याएको छ । ६ महिना अर्थात् ८ सय घण्टा अध्यापन हुने उक्त कोर्स पूरा गरेपछि विद्यार्थीलाई उनीहरूको चाहनाअनुसार थप अध्ययनका लागि अस्ट्रेलिया पठाउने वा सीधै रोजगारीमा पठाइने कलेजको दाबी छ ।

अस्ट्रेलिया गएर एड्भान्स डिप्लोमा पढ्न चाहने विद्यार्थीले भने प्लस टु उत्तीर्ण गरी आईएलटिएसमा ५ दशमलव ५ अंक ल्याउनैपर्ने हुन्छ । यदि प्लस टु फेल र आईएलटिएसमा ५ दशमलव ५ ल्याउन नसके पनि रोजगारीको ग्यारेन्टी भने गरिने कलेजका प्रबन्ध निर्देशक राम कोदान्दाले जानकारी दिए ।

उनका अनुसार यस्ता विद्यार्थीले मासिक ६० हजारदेखि १ लाख ३० हजार रुपैयाँसम्म कमाउन सक्छन् । त्यसका लागि विद्यार्थीले माल्दिभ्स, दुबई, ओमानजस्ता देशका पाँचतारे होटल रोज्न सकिने कोदान्दा बताउँछन् । यसरी ती देशमा रोजगारी गर्ने विद्यार्थीले ४/५ वर्षको अनुभवपछि अनुभवका आधारमा अस्ट्रेलियामा थप अध्ययन गर्न तथा वर्क परमिटमा त्यहाँ काम गर्न कलेजले नै प्रोसेसिङको व्यवस्था मिलाउने कोदान्दाको भनाइ छ ।

# हामी व्यवस्थापकीय...

पृष्ठ ५ बाट

**त्यो जिम्मेवारी राजनैतिक दलहरूले लिनुपर्छ भन्नुभएको हो ?**

राजनैतिक दलहरूलाई मात्र नभनौं, प्रशासनिक नेतृत्व गर्नेहरूलाई पनि थाहा थियो, तीन तहको चुनाव हुँदैछ, राजनैतिक नेतृत्व तीन तहमा विभाजित भएर अघि बढ्दैछ, अबको संरचनामा त्यहीअनुरूपको प्रशासनिक प्रणाली चाहिन्छ । यो विषयमा समयमै पर्याप्त गृहकार्य नभएको चाहिँ पक्कै हो ।

**अहिले देखिएको नीतिगत त्रुटिमा कसले सुधार गर्ने त ?**

त्यो त हामीले नै गर्नुपर्ने हो । हाम्रो सबैभन्दा ठूलो कमजोरी व्यवस्थापनको पाटोमा छ । जबसम्म ठूलो र उदार सोच राखिँदैन तबसम्म यस्ता उल्झनहरू आइरहन्छन् । बजेट र कर्मचारी सबै व्यवस्थापनसँग जोडिएका हुन्छन् । राजनैतिक व्यक्तिहरूलाई सबै कुरा थाहा पनि हुँदैन । दृष्टिकोण दिने र नीतिसहित नेतृत्व गर्ने कुरा मात्र राजनैतिक नेतृत्वको हो । समग्र पाटो हेर्ने काम त निजामती प्रशासनकै हो ।

**प्रसंग बदलौं, सम्बन्धित प्रदेशले आफ्नो लोकसेवा आयोग बनाउँछ कि बनाउँदैन ?**

हाम्रो संविधानअनुसार पहिले केन्द्रीय संघीय निजामती सेवा बन्छ, त्यसले मापदण्ड निर्धारण गर्छ । संघीय लोकसेवा आयोगको नियम कानुन, ऐन नियमावली बनिसकेपछि उसले प्रदेशअन्तर्गत बन्ने लोकसेवा आयोगको संगठन तथा मापदण्ड बनाइदिन्छ । त्यसकै आधारमा प्रदेश लोकसेवा आयोग गठन हुन्छ । त्यसपछि प्रदेशको लोकसेवा आयोगले काम गर्छ ।

**संघीय लोकसेवा आयोगजस्तो प्रादेशिक लोकसेवा आयोग संवैधानिक अंग बन्छ कि बन्दैन ?**

संवैधानिक अंग हुन्छ तर त्यसको हैसियत संघीय लोकसेवा आयोगको जस्तो हुँदैन । कानुनी रूपमा त्यसलाई संघीय लोकसेवा आयोगले नियन्त्रण गर्छ । स्वायत्त निकाय पनि भएकाले त्यहाँ सरकारको हस्तक्षेप हुँदैन । प्रादेशिक लोकसेवा आयोगको आफ्नो छुट्टै कानुन हुन्छ । अहिले संघीय लोकसेवा आयोगको कानुन नबनेकाले लोकसेवा पहिलेकै कानुनअनुसार चलिरहेको अवस्था छ । यसमा निकै ढिला भैसकेको छ ।

**नेपालको निजामती प्रशासनमाथि काम नै नगर्ने, देश बिगार्ने भनेर राजनीतिक नेतृत्वले आरोप लगाउने गरेको छ नि ?**

यसमा सत्यता छैन । म आफैं निजामती कर्मचारी भएकाले आफैंमाथि लागेका आरोप स्वीकार गर्ने कुरै भएन । यद्यपि सबैभन्दा ठूलो कुरा तटस्थ भएर बोल्ने कुरा हो । सामान्यतः आफूले काम गर्न नसकेपछि अरूमाथि दोष लगाइन्छ । नेपाली उखानै छ, आफ्नो शरीरको हात्ती नदेख्ने अरूको शरीरको जुम्रा देख्ने । अहिले यहाँ उल्टो भैरहेको छ, कर्मचारीहरू राजनैतिक रुचि देखाइरहेका छन् भने राजनैतिक दलहरू कर्मचारीलाई आफू अनुकूल बनाउने अभ्यास गरिरहेका छन् । यो हाम्रो व्यवस्थापकीय पाटोमा देखिएको सबैभन्दा ठूलो कमजोरी हो । अहिलेको कन्फ्लिक्ट अफ इन्ट्रेस्ट त्यहींबाट सुरु भएको छ । कर्मचारी सरुवा, बढुवा गर्ने काम कसको हो ? सचिवको ? विभागीय प्रमुखको ? यस्तो काममा कसको बढी हस्तक्षेप हुन्छ, हामी सबैलाई थाहा छ । समस्या कहाँ छ भने आफ्नो दायित्व दुवै पक्षले बुझिरहेका छैनन् । कर्मचारीले आफ्नो काम गर्नुपर्छ, राजनैतिक नेतृत्वले आफ्नो काम गर्नुपर्छ तर कन्फ्लिक्ट अफ इन्ट्रेस्ट बाझिएपछि कर्मचारीले राजनैतिक नेतृत्वले काम गर्न सकेन भन्ने, राजनैतिक नेतृत्वले कर्मचारीले काम गर्न दिएन भन्ने– हाम्रो समस्या यसमै छ ।

**यसमा राजनैतिक नेतृत्व चुकेको मान्नुहुन्छ ?**

शतप्रतिशत चुकेको छ । राजनीतिका नाममा नातावाद, कृपावाद हावी भैरहेको छ । समस्याको जरो नै त्यही हो ।

**अहिलेका प्रादेशिक सरकारको स्थिति पञ्चायतकालका क्षेत्रीय कार्यालयको भन्दा भिन्न छैन भनिन्छ नि ?**

त्यो एकदम गलत हो । संविधानले नै तीनवटा सरकारलाई स्वीकार गरेको छ । हिजोको अञ्चलाधीशको कन्सेप्ट होइन, प्रदेश सरकार छुट्टै सरकार हो । संविधानको अनुसूचीमै प्रदेश सरकारका अधिकारहरू सुनिश्चित गरिएको छ । हिजो पनि स्थानीय सरकार थिए, तर प्रदेश सरकार भर्खर जन्मिएको हो ।

**कतिपय कुरामा त केन्द्र सरकारले लगाम लगाइरहेको सत्य हो नि ?**

होइन, केन्द्रले त्यसो नगर भनेको होइन । सबैभन्दा ठूलो कुरा के हो भने अहिले हामीकहाँ ७ सय ६३ वटा सरकार छन् । म त अझ ८ सय वटा सरकार भन्छु, किनभने मन्त्री पनि छुट्टै सरकार हो । यो ८ सयवटा सरकार बनाउने कुरा नगरौं । किनभने भोलि प्रदेशलाई हामीले भनेजस्तै सम्पूर्ण कुरा दिने हो भने त्यहाँ मनोमानी हुन्छ । कर्मचारी भर्ना गर्दा आफ्नै मान्छे भर्ना गर्छन् । त्यतिबेला हाम्रो प्रशासनिक प्रणालीले जुन हिसाबले हामीले सोचिरहेका छौं, त्यो हिसाबले अघि बढ्दैन । त्यसकारण अहिले संघले जे हिसाबले गाइडलाइन दिइरहेको छ, त्यो केही हदसम्म ठीक पनि हो, तर सबैभन्दा महत्वपूर्ण कुरा प्रदेशको लोकसेवा आयोग चाँडोभन्दा चाँडो गठन गर्नुपर्छ । किनभने अहिले पनि हामीसँग भन्डै २५ हजार कर्मचारीको अभाव छ । केन्द्रमा कर्मचारी बढी नै छन्, प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव छ । स्थानीय तह प्रत्यक्ष सेवा दिने निकाय हो, त्यहाँ नै कर्मचारी छैनन् । स्थानीय तहलाई सम्पूर्ण अधिकार दिइएको छ, स्रोत पनि दिइएको छ तर कर्मचारी दिइएन भने काम कसरी हुन्छ ? संघीयताको मूल मर्म भनेकै सरकारी सेवा जनताको घरघरमा पुऱ्याउनु हो । हिजो जिल्लाबाट पाइने सेवा अहिले आफ्नै वडाबाट पाइयोस् भन्ने हो ।

**स्थानीय तहले नटेर्ने, केन्द्रले अधिकार नदिने, यस कारण प्रदेश स्थानीय निकाय र केन्द्रको चेपुवामा परेको हो त ?**

यो कुरा एकदम सही हो । संविधानतः हामी चेन अफ कमान्ड निर्माण गर्ने कुरामा चुक्यौं । संविधानमा तीनवटा सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्व भन्ने लेखियो, तर सम्पूर्ण स्रोत संघले जम्मा गरेर प्रदेश र स्थानीय तहलाई दिन्छ । संघले प्रदेशलाई र प्रदेशले स्थानीय तहलाई दिने प्रणाली हुनुपर्थ्यो । त्यसो भएको भए स्थानीय तह प्रदेशप्रति उत्तरदायी हुने र उसले भनेको टेर्ने हुन्थ्यो । संघले प्रदेश हेर्नुपर्थ्यो र प्रदेशले स्थानीय निकाय हेर्नुपर्थ्यो । यो कुरा पहिले नै सोच्नुपर्ने थियो, उतिबेला नसोचिएका कारण अहिले समस्या देखियो । अहिले प्रदेशले सीधै स्थानीय तहलाई निर्देशन दिन सक्दैन । स्थानीय तहले प्रदेशले भनेको मान्दिन भन्न सक्छ । कतिपय ठाउँमा त्यो देखिएको पनि छ ।

**यो समस्या कहिलेसम्म तानिएला ?**

यो समस्यालाई चाँडोभन्दा चाँडो टुङ्ग्याउनुपर्छ । समस्या लम्बिँदै गए संघीय संरचना नै खतरामा पर्ने अवस्था पनि आउन सक्छ । यद्यपि हामी आशावादी छौं, संक्रमणकालमा केही समस्या देखिन सक्छ ।

**प्रदेशसभा गठन भएको झन्डै एक वर्ष हुन लाग्दा प्रदेशको नाम र राजधानी पनि तोक्न सकिएको छैन, तिनले बाँकी के काम गर्लान् ?**

जुन गतिमा काम हुनुपर्ने हो, त्यो गतिमा नभए पनि काम भैरहेको छ । प्रत्येक प्रदेशले आफ्ना कार्यविधि बनाएका छन्, ऐन-नियम, कानुन पनि बनाएका छन् । केही भौतिक पूर्वाधारका काम पनि भएका छन् । हिजो कर्मचारी नै थिएनन्, बिस्तारै-बिस्तारै कर्मचारी पनि जुट्न थालेका छन् । बजेट पनि आएको छ, धेरै कुरा कार्यान्वयनकै चरणमा छ । अहिले नै प्रदेश सरकारको मूल्यांकन गर्ने बेला भएको छैन । प्रदेश सरकारले ल्याएको बजेट कार्यान्वयन तहमा कसरी जान्छ, त्यसपछि मूल्यांकन गर्नु उचित होला ।

**संविधानप्रदत्त अधिकार प्रयोग गर्न प्रदेशको क्षमता कस्तो छ ?**

अहिले प्रदेशमा जनशक्तिको अभाव छ, कर्मचारी समायोजन ऐन आएपछि कर्मचारीहरू आफ्नो कार्यक्षेत्रमा जान्छन् । राजस्वमा पनि प्रदेशले आफूलाई दिएको अधिकारअनुसार काम सुरु गरिसकेको छ । यसले अब बिस्तारै गति लिन्छ ।

**नीतिगत अनुभव भएका दक्ष कर्मचारीहरू तल्लो तहमा जान मान्दैनन् नि ? त्यसको कारण के हो ?**

त्यसको प्रमुख कारण नीतिगत त्रुटि हो । म इन्जिनियरिङ पढेको मान्छे, प्रशासनतर्फको सहसचिवमा जाँच दिएर एक नम्बरमा उत्तीर्ण भए । मैले आफ्नो क्षमता र बलबुताले जति सक्छु गरुँला, तर सबै नयाँ कर्मचारीले पनि त्यसै गर्न सक्छन् भन्न सकिँदैन । त्यहाँ केही कुरा चाहिन्छ नै, एउटा नीति के ल्याउनुपर्थ्यो भने नेपाल सरकारको सचिवमा बढुवा हुने कर्मचारीहरूलाई प्रदेशमा पठाउने । प्रदेश सरकारमा काम गरेर आएपछि मात्र नेपाल सरकारको सचिव बनाउने नीति ल्याउनुपर्छ, अरू केही गर्नै पर्दैन । यस्तो नीतिगत व्यवस्था भयो भने सचिवको बढुवाको लाइनमा भएकाहरू मागेर नै प्रदेशमा काम गर्न जान्छन् ।

**भारतमा प्रमुख जिल्ला अधिकारीहरूलाई प्रदेश सरकारले नै नियुक्ति, सरुवा तथा बढुवा गर्छ । हाम्रोमा केन्द्रले नै गर्छ, उल्टो भएन र ?**

त्यो अभ्यास गलत हो । केन्द्रको निकाय पनि चाहिन्छ, उसका आफ्ना केही स्वार्थ हुन्छन् । प्रदेशले सधैं राष्ट्रको हितमा काम गर्छ भन्ने पनि छैन । यद्यपि त्यसो भयो भन्दैमा केन्द्रले सीधै जिल्लामा पदस्थापन गर्ने होइन, केन्द्रले प्रदेशको राय-सल्लाहमा उसको आवश्यकताबमोजिम नीतिगत तहमा मात्र आफ्ना कर्मचारी खटाउनुपर्छ । यहाँ केन्द्रबाट जिल्लामा कर्मचारी पठाउने गलत अभ्यास भैरहेको छ, त्यसलाई रोक्नुपर्छ । प्रदेशमा नियुक्त भएका सबै किसिमका प्रशासनिक अधिकारीहरूको उत्तरदायित्व प्रदेश सरकारप्रति हुनुपर्छ ।



# मेकअप कम्पिटिसन









दरबारमार्गस्थित क्लब डेजाभूमा सम्पन्न नेपाल मेकअप कम्पिटिसन-२०१८ मा रिना लिम्बू विजयी भएकी छिन् । नेपालभरिका मेकअप आर्टिष्टहरूले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा निर्मला फुयाँलले फस्ट रनर्सअप तथा कामिनी शाहले सेकेन्ड रनर्सअपको उपाधि जिते । जुम ब्युटी एकेडेमीले आयोजना गरेको यो प्रतियोगिताका क्रममा प्रतिस्पर्धी मेकअप आर्टिस्टहरूले क्रिएटिभ तथा ब्राइडल मेकअप गरी दुई चरणमा आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । क्रिएटिभ मेकअपका क्रममा प्रतिस्पर्धीहरूले हलिउड टच दिने प्रयास गरेका थिए भने ब्राइडल मेकअप गर्ने क्रममा हिन्दू दुलहीका साथै भारतीय, पाकिस्तानी, बंगाली तथा क्रिस्चियन दुलहीहरूको मेकअप शैली प्रस्तुत गरिएको थियो । पूर्व मिस नेपाल सदीक्षा श्रेष्ठ, मेकअप आर्टिस्ट सोफी सुनुवार, फेसन डिजाइनर तेन्जिङ छिरिङ भुटिया, फोटोग्राफर राजभाइ सुवाल आदि निर्णायक रहेको उक्त प्रतियोगितामा सहभागिता जनाउने मेकअप आर्टिस्टहरूले दुई साता लामो विशेष प्रशिक्षण लिएको बताइएको छ ।

# ज्योतिको नयाँ रूप



सधैं भड्किलो पोसाकमा स्टेज तताउने ज्योति मगर घोराहीमा आयोजित तीज महोत्सवमा भने शालीन ढंगले मगर वेशभूषामा देखा परिन् । गुन्यू, चोली र घलेकमा सजिएकी ज्योतिले मञ्चमा आफूलाई परिपक्व रूपमा प्रस्तुति गरिन् ।

आफ्ना चर्चित गीतहरू गाएर दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरेकी ज्योतिको पहिरनमा शालीनता देखिए पनि उनको गीत गाउने तथा नाच्ने शैली भने उस्तै थियो । त्यस क्रममा ज्योतिले विभिन्न रोमाञ्चक शब्दहरू प्रयोग गरेर युवाहरूको चाहनालाई समेत सम्बोधन गरेकी थिइन् ।

राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानले भदौ २२ देखि २८ सम्म घोराहीमा आयोजना गरेको महोत्सवमा ज्योतीका साथै विभिन्न कलाकारले प्रस्तुति दिए । उक्त अवसरमा गायक बद्री पंगेनीले लोकप्रिय गीतहरू गाएर दर्शक नचाएका थिए भने गायक दुर्गेश थापाले पनि युवायुवतीहरूलाई उफारेका थिए ।

दुर्गालाल केसी

# हङकङमा स्वप्न -२




हङकङमा हुर्किरहेको तेस्रो पुस्ताका नेपाली बालबालिकाको प्रतिभा उजागर गर्ने हेतु सञ्चालित स्वप्न ट्यालेन्ट शोको दोस्रो श्रृंखला सम्पन्न भएको छ । हङकङ नेप्लिज डान्स ग्रुपद्वारा आयोजित उक्त कार्यक्रममा लालीगुराँस डान्स क्लब, अनन्त स्टुडियो, सामयोक ब्यान्ड, खुकुरी डान्स, दृव्य दृष्टि ब्यान्ड, नाउ एन्ड अवाकन ब्यान्ड, संयुक्त स्टुडियोलगायत एक दर्जनभन्दा बढी प्रतिभाले प्रस्तुति दिएका थिए । कार्यक्रममा डान्सका अतिरिक्त गीत एवं नाटकसमेत प्रस्तुत गरिएका थिए । हरेक साता हङकङमा सांगीतिक कार्यक्रम हुने भए पनि स्थानीय प्रतिभालाई महत्व नदिइएको गुनासो आएपछि स्वप्नले यो प्रयास प्रारम्भ गरेको हो ।

अनोज रोक्का

# तीज फेसन शो



एल एन्ड एन मोडल एजेन्सीले काठमाडौंमा तीज फेसन शो सम्पन्न गरेको छ । उक्त फेसन शोमा डिजाइनर रश्मि बस्नेत, प्रमिला डंगोल, अनिल प्रधान, स्वीकृति पोखरेल, अनु शिल्पकार तथा एलभीडी एन्ड लाइभ अप डेनिमले तयार पारेका पहिरनहरू प्रदर्शन गरिएको थियो जसमा २३ जना मोडल सहभागी थिए । फेसन शोलगत्तै आयोजित सांगीतिक कार्यक्रममा गायिका बुनु राई मानन्धर, शर्मिला श्रेष्ठ, गायक रमेश श्रेष्ठ मेलोडी, कर्णराज गिरी आदिले वातावरणलाई संगीतमय बनाएका थिए । उक्त अवसरमा गंगा जमुना खड्की तथा मारिया कार्कीले नृत्यमार्फत मनोरञ्जन प्रदान गरे ।

# कोपिला र श्यामलाई उपाधि



परिवर्तन इभेन्ट हाउसले काठमाडौंमा आयोजना गरेको प्लस टु अध्ययनरत छात्र-छात्राको प्रतिभा तथा सौन्दर्य प्रतियोगिता मिस एन्ड मिस्टर प्लस टु-२०१८ को उपाधि कोपिला अधिकारी तथा श्याम प्रधानले जितेका छन् । सम्पन्न प्रतियोगितामा मिस प्लस टुतर्फ आस्मा दुलालले फस्ट रनर्सअप तथा पूजा लिम्बूले सेकेन्ड रनर्सअपको उपाधि हात पारे भने मिस्टर प्लस टुतर्फ अंकित मानन्धर फस्ट रनर्स अप तथा संगीत लामा सेकेन्ड रनर्सअप घोषित भए ।

# मिस लिटिल आइडल




मिस लिटिल आइडल-२०१८ शीर्षकको बाल सौन्दर्य प्रतियोगितामा नेरिष्का स्थापित विजयी भएकी छिन् । प्रतियोगितामा दृष्टि श्रेष्ठ फस्ट रनर्सअप तथा समृद्धि पौडेल सेकेन्ड रनर्सअप घोषित भए । प्याब्सन काठमाडौं तथा एक्सन इन्टरटेनमेन्टद्वारा संयुक्त रूपमा आयोजित उक्त प्रतियोगितामा प्रतिस्पर्धीहरू आईसी कलेज अफ आर्ट एण्ड फेसनका विद्यार्थी डिजाइनरहरूले तयार पारेका पहिरनमा प्रस्तुत भएका थिए ।

# मिसेज डिभा र किड्स अफ द इयर



नेपालगन्जमा मिसेज डिभा इन्टरनेसनल तथा किड्स अफ द इयर-२०१८ सम्पन्न भएको छ । पहिलो पटक आयोजित प्रतियोगिताको पहिलो मिसेज डिभा इन्टरनेशनल बन्न सफल भइन्– सरिता शर्मा । मुख्य उपाधिसँगै सरिताले भ्युअर्स च्वाइस तथा बेस्ट ड्रेसको अवार्ड समेत हात पारिन् । प्रतियोगितामा वेष्ट वाकको एवार्डसहित पूजा गुप्ता फस्ट रनर्सअप तथा ट्यालेन्ट विधाको एवार्डसहित संगीता आर.सी. सेकेन्ड रनर्सअप घोषित भए । त्यसैगरी किड्स अफ द इयर-२०१८ मा विपिन खड्का र सञ्चिता रानामगर विजेता भएका थिए भने फस्ट रनर्सअपमा अभिनव शर्मा र प्रत्युषा घिमिरे तथा सेकेन्ड रनर्सअपमा कुशाग्र गुप्ता र सोनिया साउदले बाजी मारे । पाण्डव मिडियाद्वारा प्रस्तुत यो कार्यक्रमको व्यवस्थापन रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले गरेको थियो ।

# तीज क्विनको उपाधि



पोखरामा सम्पन्न तीज क्विन-२०७५ को उपाधि मञ्जु विष्टले जितेकी छिन् । नाइटेङ्गल ट्रेनिङ सेन्टरले आयोजना गरेको उक्त प्रतिस्पर्धामा अञ्जु पौडेल फस्ट रनर्सअप, पुष्पा गुरुङ सेकेन्ड रनर्सअप तथा पुनम क्षेत्री अर्गनाइजर च्वाइस घोषित भए । प्रतियोगितामा १४ जना युवती सहभागी थिए ।

ADMISSION PROCESS GOING ON FOR

# TU BBA

PROGRAM

**CMAT Test Date : Bhadra 30, 2075 at 8:30 A.M.**

1 Why You Join TU BBA

TU as a premier & world renowned university of Nepal offering BBA Program. A deep understanding & development of business skills: managerial, analytical, Leadership, communication, critical thinking, and decision-making.

2 Why Choose TU BBA

A practical experience for the students in the form of projects work, internship, industrial visits etc.

3 Why You Study TU BBA

An opportunity to acquire professional middle level managerial skills

## Internal Application Form is available in the following BBA colleges.

**CMAT result awaiting students can also apply.**

**Campion College**
Kupondole, Lalitpur
Tel: +977-1-5521753, 5531430
www.cgeducation.com.np

**College of Applied Business**
Gangahity, Chabahil, Kathmandu
Tel: +977-1-4462736, 4476119
www.cab.edu.np

**D.A.V. College**
Dhobighat (Bhanimandal), Lalitpur
Phone: 01-5533044, 5523782
Email: davcollege.tu@gmail.com
www.davcollege.edu.np

**Everest College**
Thapathali, Kathmandu
Tel: +977-1-4266652, 4231460
www.everestcollege.edu.np

**Institute of Mgmt. Studies**
Thapathali, Kathmandu
Tel: +977-1-4102250, 4102251
www.ims.edu.np

**K & K International College**
New Baneshwor, Kathmandu
Tel: +977-1-4497515, 4474557
kandk.edu@gmail.com
www.kandk.edu.np

**Kantipur College of Mgmt. & IT**
Mid-Baneshwor, Kathmandu
Tel: +977-1-4479939
www.kcmit.edu.np

**Kathford Int'l College of Engineering & Management**
Balkumari, Lalitpur
Tel: +977-1-5186046, 5186112
www.kathford.edu.np

**Kathmandu Model College**
Balkumari, Lalitpur
Tel: +977-1-5201331, 5201334
www.ktmmodelcollege.edu.np

**Modern Nepal College**
Sorhakhutte, Bahati Pokhari, Kathmandu
Tel: +977-1-4355304, 4354628
www.mncollege.edu.np

**People's Campus**
Paknajol, Kathmandu
Tel: +977-1-4251412, 4251990
www.peoplescampus.edu.np

**Prime College**
Nayabazar, Kathmandu
Tel: +977-1-4361690, 4390072
www.prime.edu.np

**Thames Int'l College**
Old Baneshwor, Kathmandu
Tel: +977-1-4464584, 4465660
www.thamescollege.edu.np

**Universal College**
Shantinagar, Tinkune, Kathmandu
Tel: +977-1-4620523, 4620522, 4620524
Email: universalbbabbs@gmail.com
Web: www.uc.edu.np

संगीत

# यस्तो पो गीत



विद्यालयका विद्यार्थी तथा विषय शिक्षकले तयार पारेको एउटा गीतले युट्युबमा लाखौं दर्शक पाउला अनि ट्रेन्डिङको उत्कृष्ट १० मा पर्न सफल होला भन्ने कसैले पनि सोचेका थिएनन् । तीजको पूर्वसन्ध्या पारेर म्युजिक नेपालको युट्युब च्यानलमा अपलोड भएको नेपाली व्याकरण सिकाउने तीज गीत अहिले चर्चामा छ । नेपाली व्याकरणलाई सहज रूपमा सिकाउने उक्त गीतमा शंखमुल, काठमाडौंस्थित अवेरनेस इन्टरनेसनल एकेडेमी (एआईए) का विद्यार्थीहरूको स्वर सुन्न सकिन्छ । विद्यालयकै नेपाली शिक्षक बिमल घिमिरेका शब्द तथा संगीत निर्देशनको उक्त गीतमा ह्रस्व तथा दीर्घ कसरी छुट्याउने, कस्तो शब्द ह्रस्व तथा दीर्घ हुन्छन् भन्ने कुरा सिकाइएको छ । गीतकार घिमिरेका अनुसार विद्यार्थीलाई सहज तरिकाबाट व्याकरण सिकाउन उक्त गीत रचिएको हो । घिमिरे भन्छन्- गीतमा वाद्यवादन पनि विद्यार्थीहरूकै छ भने भिडियोमा समेत विद्यार्थीहरूले नै नृत्य गरेका छन् । यो गीत युट्युबमा ७ लाख पटक भन्दा बढी हेरिएको छ ।

# विदेशी एवार्डमा नेपाली गीत



अमेरिकाको न्युजर्सीमा जारी गोल्डेन डोर इन्टरनेसनल फिल्म फेस्टिभलमा गायक रामकृष्ण ढकालको स्वरको 'अचेल पाइला पिच्छे' गीत छनौटमा परेको छ । सांगीतिक भ्रमणका क्रममा अमेरिका-क्यानाडामा रहेकै बेला गायक ढकालले यो सुखद खबर सुनेका हुन् । प्रतियोगितामा विश्वभरिका करिब १ सय म्युजिक भिडियो छनौट भएका छन् । उक्त गीतमा हिमाल सागरको संगीत तथा कृसु क्षेत्रीको शब्द छ भने भिडियोको निर्देशन बिक्की पुलामीले गरेका हुन् ।

# एउटै गीतमा लाउरे र बिपुल



आशिष राना अर्थात् लाउरे तथा बिपुल क्षेत्री आ-आफ्नै शैलीका गीत गाएर लोकप्रिय भएका गायक हुन् । लाउरेका र्‍याप गीत बालबालिकादेखि वयष्कसम्मले मन पराउँछन् । दार्जीलिङका गायक क्षेत्री नेपाली भाषी श्रोतामाझ लोकप्रिय छन् । यी दुवै गायकलाई एउटै गीत तथा भिडियोमा ल्याउने काम भने टुबोर्ग ओपनले गरेको छ । हालै सार्वजनिक उक्त गीतको म्युजिक भिडियोमा यी दुई संगीतकर्मीलाई विश्वस्तरीय गायक डिप्लो तथा मोले साथ दिएका छन् । अमेरिकी निर्माता तथा डिजे डिप्लो एवं डेनमार्कका कलाकार मोसँगको सहकार्यमा रचना गरिएको 'स्टे ओपन' ट्र्याकमा नेपाली संस्करणका लागि लाउरे र विपुलले 'ओपन टु मोर' हुनुको औचित्य वर्णन गर्दै उक्त गीतका शब्द पुनर्लेखन गरेका हुन् ।

# राजुको कमब्याक

नेपाली लोकसंगीतमा कुनै बेला राजु परियारको एकछत्र राज थियो । दैनिक ५ वटासम्म गीत गाउँथे उनी, मेला महोत्सव तथा कार्यक्रममा पनि उत्तिकै माग हुन्थ्यो उनको । २०५६ देखि एक दशकसम्म करिब १० हजार लोकगीत गाएका राजु एक्कासि गुमनाम भए । अहिले राजु फेरि सक्रिय हुन थालेका छन् । 'पारिवारिक समस्याका कारण केही वर्ष गीत गाउन सकिनँ,' परियारले भने, 'समस्या हल भएपछि दुई वर्षयता फेरि सक्रिय भएको छु ।' हो, राजु परियार फेरि एल्बम तथा स्टेज कार्यक्रमहरूमा व्यस्त हुन थालेका छन् । राजुले दुई वर्षयता करिब ३० वटा जिल्लामा गीत गाइसके । पश्चिमका जिल्लामा अहिले उनको माग बढी छ । डेढ वर्षअघि आफ्नै रचनामा 'दरौ सिरुवारी' गाएका राजुले हालसालै 'दमाईंको छोरो' मा स्वर दिएका छन् । पछिल्लो गीत युट्युवमा करिब साढे ११ लाख पटक हेरिसकिएको छ । राजुले यो वर्ष तीजगीत र अन्य लोकभाका गरी करिब ४० वटा गीत गाइसकेका छन् ।



कुराकानी



● विनोद बानियाँ, गायक/संगीतकार

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**
जागिरमै व्यस्त छु, संगीत पढाउने, गाउने अनि नयाँ कम्पोज गर्ने ।

**'पार्वती' कस्तो किसिमको गीत हो ?**
एकल महिलामाथि तयार पारिएको यो गीत रियालिटिमा आधारित छ, लमजुङको भुजुङ गाउँमा देखिएको दृश्यलाई कवि तीर्थ श्रेष्ठले शब्दमा उतार्नुभएको हो ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
भिडियो राम्रो बनेको छ, गीतमाथि न्याय गरिएको छ, निर्देशक विभोर पोखरेलले गीतलाई स्पष्ट बुझाइदिएका छन् ।

**प्रतिक्रिया कस्तो पाउनुभएको छ ?**
सबैतिरबाट एकदमै राम्रो अनि उत्कृष्ट छ भन्ने प्रतिक्रिया पाएको छु, भिडियो हेरेर धेरै जना भावुक पनि हुनुभएको छ ।

**कस्ता किसिमको गीत गाउन रुचाउनुहुन्छ ?**
सबै खाले गीत गाउँछु, तर अलि बढी मेलोडियस गीत रुचाउँछु ।

म्युजिक अपडेट

## एकल गायनमा सुरेन्द्र

कवि, गीतकार तथा गायक सुरेन्द्र महर्जन अमर एकल सृजना साँझ-२०७५ मा सहभागी भएका छन् । कार्यक्रममा संगीतकर्मी महर्जनले रचना गरेका गीतहरू महर्जनसहित एन शाक्य, संगीता रायमाझी, सोनी राजभण्डारी, राजु श्रेष्ठ, मुना रोक्का, बबी दाहाल आदि गायक-गायिकाले प्रस्तुत गरेका थिए ।

## गीतकारको खाना

गीतकार अम्बिका गुरुङ तथा मनमाया दाहाल गुरुङले बुवाको मुख हेर्ने दिन कोष कोपिला फाउन्डेसनमा आश्रित बालबालिकाहरूलाई खाना ख्वाएका छन् । पासिकोटस्थित उक्त फाउन्डेसनमा भूकम्पपीडित ११ जना बालबालिका आश्रित छन् ।

## स्वयम्भूमा नेपथ्य

सांगीतिक समुह नेपथ्यले असोज १३ गते काठमाडौंको स्वयम्भूमा लाइभ कन्सर्ट दिने भएको छ । उक्त कन्सर्टमा नेपथ्यका गायक अमृत गुरुङलाई ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुविन शाक्य, गितारमा निरज गुरुङ तथा मादलमा शान्ति रायमाझीले साथ दिनेछन् ।



**अस्ट्रेलियामा पनि एवार्ड :** राप्ती इन्टरनेसनल म्युजिक एवार्डको वितरण समारोह अस्ट्रेलियामा सम्पन्न भएको छ । गत शनिबार सञ्चालित एवार्ड वितरण समारोहमा चलचित्र अभिनेता पल शाह, गायिका राधिका हमाल, सिन्धु मल्ल आदि सहभागी थिए ।

## अनुराग भए अध्यक्ष

पोखराबाट सञ्चालित सांगीतिक अभियान सुगम संगीत यात्राको अध्यक्षमा गजलकार अनुराग अधिकारी चयन भएका छन् । तीन वर्षदेखि सञ्चालित अभियानमा गीतकार, संगीतकार तथा गायक/गायिकाहरूको भेलाले यात्राका आयोजक संस्थाहरूमध्ये एक अनुपम म्युजिकका प्रबन्ध निर्देशक अधिकारीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो ।

भिडियो

## जातिवाद विरुद्धको गीत



गायक, गीतकार तथा संगीतकार सौगात आचार्यले जात नमिलेर प्रेममा विछोड भएका प्रेमीहरुको पीडालाई गीतमा प्रस्तुत गरेका छन् । रगत हाम्रो रातो नै थियो शीर्षकको उक्त गीतको स्टुडियो भिडियोलाई नै दर्शकले मन पराएपछि गायक आचार्यले यसको वास्तविक भिडियो समेत निर्माण गरेका छन् । यसै साता सार्वजनिक हुने उक्त भिडियोमा गायक आचार्य तथा मुस्कान आचार्यले अभिनय गरेका छन् । सन्तोष पौडेलद्वारा निर्देशित उक्त भिडियोलई अरुण सुनारले छायांकन गरेका हुन् ।

## मापसे

गायक सचिन राईको स्वर, रमेश खड्काको संगीत तथा खड्का राजको शब्दको गीत 'मापसे' को म्युजिक भिडियो सार्वजनिक भएको छ जसको निर्देशन दीपेन्द्र तिमिल्सिनाले गरेका हुन् ।

## फिल्मी डायरी



### प्रेमदिवसमा बुलबुल

स्वस्तिमा खड्काले प्रमुख भूमिका निर्वाह गरेको चलचित्र बुलबुलको छायांकन सम्पन्न भएसँगै प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माता अबिरल थापाले यो चलचित्र भ्यालेन्टाइन डेका अवसरमा प्रदर्शनमा आउने कुरा बताएका छन्।

### अस्करको आह्वान

९१ औं एकेडेमी अवार्ड्स् (द अस्कर अवार्ड) मा सहभागी हुन नेपाली चलचित्रलाई आह्वान गरिएको छ। आफ्नो चलचित्र अस्कर अवार्डमा सहभागी गराउन चाहनेहरूले भदौ २९ गते शुक्रबारसम्म दर्ता गरिसक्नुपर्ने नेपालको अस्कर अवार्ड समितिले जनाएको छ। अस्कर अवार्ड समारोह सन् २०१९ फेब्रुअरी २४ तारिख आइतबारका दिन अमेरिकाको लस् एन्जेल्सको डल्बी थिएटरमा आयोजित हुँदैछ।

### सयकडा दश

मनोज गजुरेलको डेब्यु चलचित्र सयकडा दशले आफ्नो प्रदर्शन मिति तय गरेको छ। भ्रष्टाचारविरुद्ध सदाचार सन्देश बोकेको चलचित्र सयकडा दश माघ १८ गते प्रदर्शनमा आउनेछ। रामशरण पाठकद्वारा निर्देशित यो चलचित्रले भ्रष्टाचारले प्रेम, परिवार र समाजमा पारेको प्रभावको कथा भन्छ।

### इन्टुमिन्टुको दौडाह

असोज ५ गत प्रदर्शनमा आउने चलचित्र इन्टु मिन्टु लन्डनमा टिमले चलचित्रको प्रचारका लागि मोफसल टुर सम्पन्न गरेको छ। भदौ १६ गते बिर्तामोडबाट प्रारम्भ भएको उक्त टुर दमक, विराटनगर, नेपालगन्ज, धरान, पोखरा, चितवन हुँदै भदौ २८ गते बुटवलमा पुगेर समापन भएको थियो।

### चलचित्रको आर्काइभ

पहिलो नेपाली चलचित्र सत्य हरिशचन्द्रदेखि अहिलेसम्म प्रदर्शनमा आएका १ हजार ३ सयभन्दा बढी नेपाली चलचित्रको विस्तृत विवरण अब एकै ठाउँमा पाइने भएको छ। प्रदर्शन भएका चलचित्र तथा ती चलचित्रमा आबद्ध कलाकारदेखि प्राविधिकसम्मको विवरण समेटिएको वेबसाइट लेन्सनेपाल डटकमको शुभारम्भ भएको छ। सरकारी अथवा चलचित्रसँग सम्बन्धित संघ-संस्थासँग आधिकारिक तथ्याङ्क सुरक्षित नभएको अवस्थामा लामो समयको अध्ययनपछि चलचित्रको विवरण संकलन गरिएको लेन्सनेपालका प्रकाशक विष्णुप्रसाद सुवेदीले बताएका छन्।

### हटाइयो प्रोमो

चलचित्र कथा काठमान्डुको गीत रातको कुरा यूट्युबमा रिलिज भएसँगै विवादमा पर्‍यो। प्रियंका कार्की र प्रमोद अग्रहरिबीचको इन्टिमेट सिनका कारण उक्त चलचित्र विवादमा परेको हो। चलचित्रको यो गीत मात्र होइन हालै सार्वजनिक प्रोमोले समेत सरकारको ध्यानाकर्षण गरेको छ। सरकारले चलचित्र विकास बोर्डलाई प्रोमोका विषयमा बुझ्न पत्र काटेको छ जसअन्तर्गत बोर्डले चलचित्र निर्माण कम्पनीलाई तत्काल यूट्युबबाट उक्त प्रोमो हटाउन निर्देशन दिएको छ।

### खनाल पक्राउ

फेसबुकमार्फत चरित्रहत्या गरेको आरोपमा प्रहरीले वरिष्ठ कलाकार देशभक्त खनाललाई पक्राउ गरेको छ। फेसबुकमा चलचित्र कलाकार संघका अध्यक्ष रामकेशर बोगटीलाई लक्षित गर्दै उनले स्टाटस लेखेका थिए भने अध्यक्ष बोगटीले आफ्नो चरित्र हत्या हुने गरी स्टाटस लेखेको भन्दै प्रहरीमा उजुरी दिएका थिए। उक्त उजुरीकै आधारमा कलाकार खनाललाई प्रहरीले पक्राउ गरेको हो। अहिले उनलाई अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर टेकुमा राखिएको छ।

## पोस्टर/ट्रेलर

### गुनगुनको टिजर



लामो समयपछि पर्दामा फर्कन लागेकी अभिनेत्री सञ्चिता लुइँटेल अभिनित चलचित्र गुनगुनको अफिसियल टिजर इन्टरनेट रिलिज भएको छ। उक्त टिजरमा प्रेम र द्वन्द्वको समिश्रण छ। कात्तिक ३० गतेलाई प्रदर्शन मिति तोकिएको यो चलचित्रको निर्देशन पुकार भट्टराईले गरेका हुन्।

### पछि उमेर ढल्किन्छ

छक्का पञ्जा-३ को दोस्रो गीतपछि उमेर ढल्किन्छ फेरि काले पल्किन्छ सार्वजनिक भएको छ। नवलपुरस्थित सास्वत धाममा खिचिएको गीतको भिडियोमा अभिनेत्री दीपिका प्रसाई, दीपकराज गिरी, केदार घिमिरे, जितु नेपाल तथा बुद्धि तामाङ देखिएका छन्।

### छिरिङको ट्रेलर

बाटोमुनिको फूलका अभिनेता तथा गायक यशकुमार अभिनित एवं निर्देशित चलचित्र छिरिङ्गको ट्रेलर सार्वजनिक भएको छ। प्रेम र द्वन्द्वले भरिएको उक्त ट्रेलर कलरफुल छ। चलचित्रमा नव-नायिका कामना भुजेलसँग यशका साथै गायक निमा रुम्बाले रोमान्स गरेका छन्।

### दैलोको आइटम गीत

कात्तिक ३० गते प्रदर्शनमा आउने चलचित्र दैलोको आइटम गीत सार्वजनिक भएको छ। लाग्यो मलाई गीतको उक्त भिडियोमा मोडल पवन पाठकले ठुम्का लगाएकी छिन्। दुर्गा साउदको स्वरको सो गीतमा विमल भट्टराईको शब्द तथा लक्ष्मप्रकाश मल्लको संगीत सुन्न सकिन्छ।

# दुई एवार्डको मनोनयन सार्वजनिक




नेपाली चलचित्र तथा चलचित्रकर्मीहरूलाई पुरस्कृत गर्ने दुई भिन्न एवार्डको मनोनयन यसै साता सार्वजनिक भएको छ। भदौ ३१ गते वितरण गरिने एलजी सिनेमा सर्कल चलचित्र एवार्ड तथा वितरण मिति तोकिन बाँकी रहेको सिजी कामना फिल्म एवार्डको मनोनयन सूची सार्वजनिक भएको हो।

बलिउड अभिनेता गोविन्दा सहभागी हुने सिनेमा सर्कल एवार्डका लागि विभिन्न २३ विधाको मनोनयन सार्वजनिक गरिएको छ। दिनेश डिसीको परिकल्पनामा प्रस्तुत हुने एवार्डमा २०७४ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म प्रदर्शन भएका चलचित्रलाई समावेश गरिएको छ। एवार्डमा उत्कृष्ट पोस्टर डिजाइनरदेखि आकर्षक ट्रेलर बनाउने सम्मलाई पुरस्कृत गरिँदैछ। एवार्डका लागि उत्कृष्ट पोस्टर, ट्रेलर, स्टन्ट, लोकप्रिय गीत, संगीतकार, गायक, गायिका, भिएफएक्स, प्रभावशाली चलचित्र, लोकप्रिय अभिनेता-अभिनेत्री, सम्पादक, पार्श्व संगीत, पटकथा, द्वन्द्व निर्देशक, नृत्य निर्देशक, उत्कृष्ट जोडी, छायांकार, उत्कृष्ट अभिनेता-अभिनेत्री, निर्देशक, उत्कृष्ट चलचित्र तथा लाइफ टाइम एचिभमेन्ट आदि विधा समावेश छन्। वर्षको उत्कृष्ट चलचित्रको विधामा छक्का पञ्जा-२, पञ्चायत, शत्रुगते, लिलिबिली, भुइँमान्छे, मंगलम तथा तिमीसँग मनोनीत छन् भने निर्देशकको विधामा पनि यिनै चलचित्रबाट क्रमशः दीपाश्री निरौला, शिवम अधिकारी, प्रदीप भट्टराई, मिलन चाम्स, नवराज बुढाथोकी, नवल नेपाल तथा शिशिर राणा मनोनीत छन्।

उत्कृष्ट अभिनेताको विधामा सरोज खनाल (पञ्चायत), राज कटुवाल (लाल्टिन), दयाहाङ राई (त्यान्द्रो), अनमोल केसी (कृ), प्रदीप खड्का (लिलिबिली), नाजिर हुसेन (तिमीसँग) तथा पुष्प खड्का (मंगलम) मनोनीत छन् भने उत्कृष्ट अभिनेत्रीको विधामा साम्राज्ञी राज्यलक्ष्मी शाह (मंगमल, ए मेरो हजुर-२ तथा तिमीसँग), नीता ढुंगाना (पञ्चायत), बेनिशा हमाल (ब्ल्याण्ड रक्स), शिल्पा पोखरेल (मंगलम) तथा प्रियंका कार्की (छक्कापञ्जा-२) मनोनीत छन्।

कामना फिल्म एवार्डको मनोनयनमा चलचित्र छक्कापञ्जा-२ सर्वाधिक १५ विधामा मनोनीत छ। यो चलचित्र निर्देशन, अभिनेता, हास्यकलाकार, सहअभिनेता, सहअभिनेत्री, नव अभिनेता,




पटकथा, संवाद, छायांकन, सम्पादन, पार्श्व संगीत, ध्वनि मिश्रण, द्वन्द निर्देशन तथा श्रृंगार मनोनीत छ। चलचित्र कृ दोस्रो सर्वाधिक १३ विधामा तथा ए मेरो हजुर-२ तेस्रो सर्वाधिक ११ विधामा मनोनीत छ।

कामना फिल्म एवार्डमा २०७४ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म प्रदर्शन भएका चलचित्रलाई ३१ विधामा पुरस्कृत गरिनेछ। एवार्डको सर्वोत्कृष्ट चलचित्र विधामा ब्लाइन्ड रक्स, घामपानी, कृ, लिलिबिली तथा शत्रु गते मनोनीत छन् भने सर्वोत्कृष्ट निर्देशकमा छक्का पञ्जा-२ बाट दीपाश्री निरौला, लिलीबिलीबाट मिलन चाम्स, मंगलमबाट नवल नेपाल, शत्रुगतेबाट प्रदीप भट्टराई तथा कृबाट सुरेन्द्र पौडेल मनोनीत छन्। सर्वोत्कृष्ट अभिनेतामा छक्का पञ्जाबाट दीपकराज गिरी, घामपानीबाट दयाहाङ राई, झ्यानाकुटीबाट सौगात मल्ल, कृबाट अनमोल केसी, लिलीबिलीबाट प्रदीप खड्का तथा मंगलमबाट पुष्प खड्का मनोनीत छन्। सर्वोत्कृष्ट अभिनेत्रीतर्फ ब्लाइन्ड रक्सबाट बेनिशा हमाल, शेरबहादुरबाट मेनुका प्रधान, पञ्चायतबाट नीता ढुंगाना, शत्रुगतेबाट प्रियंका कार्की, पिंजडा ब्याक अगेनबाट सारा सिर्पाइली तथा मंगलमबाट शिल्पा पोखरेल मनोनयनमा परेका छन्। उत्कृष्ट बालकलाकारको विधामा अनुभव रेग्मी (ए मेरो हजुर-२), विनोद मगराती (आधा लभ), कुशाग्र भट्टराई (पिंजडा ब्याक अगेन), सौरभ शाह (कृ) तथा स्वदिता सापकोटा (भुइँमान्छे) मनोनीत छन्।

बलिउड

# सुहानाको तयारी



पछिल्ला केही महिनायता शाहरूख खानकी छोरी सुहानाको गतिविधि अचानक बढेको छ । सामाजिक सञ्जालमा उनको हट एन्ड ग्ल्यामरस अवतार बाहिरिएको धेरै भएको छैन । केही साताअघि मात्र एउटा भारतीय म्यागजिनको कभरमा उनको तस्बिर प्रकाशित भएको थियो । यी क्रियाकलापसँगै भारतीय मिडियाले सुहाना अब बलिउड छिर्ने अन्तिम तयारीमा छिन् भन्न थालेका थिए । अहिले करण जौहरले सुहानाको डेब्यु चलचित्र निर्माण गर्न लागेको खबरसमेत बाहिरिएको छ । यो खबरसँगै धेरैले अब सुहानाले केही महिनाभित्रै बलिउडमा पाइला टेक्ने अनुमान गरेका छन् । किनभने शाहरूख र करणको सम्बन्ध धेरै राम्रो छ । शाहरूखले भनेको कुरालाई करणले कहिल्यै नाइँ भन्दैनन्, करणले भनेको कुरालाई शाहरूखले अहिलेसम्म अस्वीकार गरेका छैनन् । यो हिसाबले पनि करणको प्रस्तावलाई शाहरूखले ओके भन्न सक्ने भारतीय मिडियाको दाबी छ । त्यसो त यसअघि शाहरूख नजिकका आधा दर्जन निर्माता तथा निर्देशकले सुहानालाई डेब्यु गराउन खोजिरहेको खबर बाहिरिएको थियो । यसमा शाहरूखले भन्ने गरेका छन्– चलचित्रमा आउने-नआउने निर्णय छोरी सुहानामै अन्तरनिहित छ, यसमा मैले केही भन्न मिल्दैन । यद्यपि सुहानाले अध्ययन नरोकिदिए हुन्थ्यो भन्ने शाहरूखको चाहना छ । भनिन्छ, शाहरूख पत्नी गौरीले सुहानालाई ग्रिन सिग्नल दिइसकेकी छिन् ।

# अक्क न बक्क भइन् उर्वशी



उर्वशी रौतेला हट फोटोसुटका कारण बेला-बेला चर्चामा आउँछिन् । केहि समयअघि सार्वजनिक चलचित्र हेट स्टोरी-४ मा उनले खुलेर ग्ल्यामरस रूप देखाइन् । यद्यपि उनले त्यसअनुरूपको रिजल्ट भने प्राप्त गर्न सकिनन् । अहिलेसम्म बलिउडमा अपेक्षा गरेजस्तो सफलता हात पार्न नसके पनि उनले हार भने खाएकी छैनन् । यी हट अभिनेत्री बलिउडका स्टार र ठूला ब्यानरसँग काम गरेर आफूलाई सशक्त अभिनेत्रीको क्याटोगरीमा उभ्याउन चाहन्छिन् तर अहिलेसम्म उनले सोचेजस्तो भैरहेको छैन । हालै मात्र उर्वशीको एउटा भिडियो भाइरल भएको छ । उर्वशी एक जना व्यक्तिसँग क्याफेमा कफी मिटिङ गरिरहेकी हुन्छिन् । उक्त कफी मिटिङपछि उनीहरू एकसाथ बाहिर आउँछन् । उनीहरूलाई अनुमान पनि थिएन, बाहिर मिडियाले घेरिहाल्छ भन्ने ! सँगै बाहिर निस्कने बेला एक्कासि मिडियाकर्मीहरूलाई देखेपछि उर्वशीले ती व्यक्तिलाई आँखा झिम्क्याइन्, ती व्यक्ति फनक्क फर्किएर भित्र गए । भारतीय मिडियाले बताएअनुसार ती व्यक्ति हुन्– अभिनेता चंकी पाण्डेका भतिजा अहान पाण्डे । निकै सुन्दर बनेर अहानसँग भेट्न आएकी उर्वशीलाई मिडियाले बाहिर घेरिहाले । मिडियाले ती व्यक्तिका बारेमा प्रश्न गरेपछि उर्वशी अक्क न बक्क भइन् अनि विभिन्न कुरा गरेर मिडियाको प्रश्न पन्छाउने प्रयास मात्र गरिन् ।

# महाभारतमा प्रभास !



मिस्टर परफेक्सनिस्ट आमिर खानको ड्रिम प्रोजेक्ट महाभारतले प्रदर्शनमा नआउँदै विश्व चलचित्र बजार तताइरहेको छ । बलिउडको इतिहासकै सबैभन्दा ठूलो लगानीमा निर्माण हुन लागेको यो चलचित्रका तीनवटा सिक्वेल हुने चर्चा छ । हालै मात्र अमिर खानले एउटा महत्वपूर्ण निर्णय लिएका छन् । भारतीय मिडियाका अनुसार आमिर यो चलचित्रमा बाहुवाली फेम प्रभासलाई इन्ट्री गराउन प्रयासरत छन् । यद्यपि प्रभासले आमिरको प्रस्ताव मानिसकेका छन् कि छैनन्, त्यो भने अहिलेसम्म बाहिर आएको छैन । आमिरले प्रभासलाई जसरी पनि यो ड्रिम प्रोजेक्टमा इन गराउन चाहेको बताइन्छ । जानकारहरू भन्छन्- प्रभासले आमिरको प्रस्ताव मान्ने लगभग पक्का छ । आमिरले महाभारतमा प्रभासको के-कस्तो भूमिका रहनेछ भन्ने विषयमा केही बताएका छैनन् । कतिपय भारतीय मिडियाले भने प्रभासले अर्जुनको भूमिका निर्वाह गर्न सक्ने दाबी गरेका छन् ।

# विवाहको डेट फाइनल



अन्ततः बलिउडको लोकप्रिय जोडी दीपिका पादुकोण र रणवीर सिंहको विवाह हुने पक्का भएको छ । धेरै पटक यो जोडीको विवाहको चर्चा चले पनि उनीहरूको विवाह हुन्छ कि हुँदैन, अनुमानबाहेक कसैले केही भन्न सक्ने स्थिति थिएन । अहिले उनीहरूको विवाह मिति तय भैसकेको भारतीय मिडियाहरूले जनाएका छन् । केही समयअघि मात्र श्रीलंका भ्रमणका क्रममा उतै इङगेजमेन्ट गरेका दीपिका-रणवीरले यही वर्षको २० नोभेम्बरमा इटलीमा विवाह गर्ने पक्का भएको बताइन्छ । उनीहरूको विवाह उनीहरू दुवैलाई मन पर्ने इटालीको लेक कोमो सहरमा हुनेछ । दीपिका-रणवीरले नजिकका साथीभाइ तथा परिवारका सदस्य गरी कम्तीमा ३०-३५ जनाको उपस्थितिमा विवाह गर्न लागेको बताइन्छ । यद्यपि उनीहरूले विवाहपछि मुम्बइ र दीपिकाको होमटाउन बैंगलुरुमा पार्टी दिनेछन् ।

## बलिउड सेलिब्रेटीका अंगरक्षकको तलब ?

# नेपालका प्रधानमन्त्रीको भन्दा बढी



हलिउडपछिको सबैभन्दा ठूलो सिने उद्योग बलिउड । एउटा मात्र चलचित्र चल्यो भने यहाँ व्यक्तिको कायापलट नै हुन्छ । बलिउडका हरेक कलाकारले आफ्नो स्टारडम जोगाउन निकै मेहनत गरेको पाइन्छ । सधैं मिडियाको नजरमा रहने बलिउडका सेलिब्रेटीहरूको हरेक कुरा मिडियाका लागि 'मसला'बन्छन् । वार्षिक १ हजारभन्दा बढी चलचित्र निर्माण हुने भारतको बलिउडले स्थापनाको १ सय वर्ष मनाइसकेको छ ।

सुरक्षा थ्रेटका कारण बलिउड कलाकारहरू कहीं जानुपर्दा आफ्ना बडीगार्डलाई सँगै लिएर जान्छन् । एउटा चलचित्रमा काम गरेबापत ३० करोडभन्दा बढी लिने बलिउड अभिनेताहरूले बडीगार्डमा चाहिँ कति खर्च गर्लान् ?

बलिउडका अभिनेताहरूको बडीगार्डको तलब नेपालका प्रधानमन्त्रीको भन्दा बढी छ । वार्षिक २ देखि ४ करोड पारिश्रमिक दिएर राखेका छन् बलिउड सेलिब्रेटीले आफ्ना अंगरक्षक ।

बलिउडमा बडीगार्डको चर्चा गर्दा सबैभन्दा पहिले आउने नाम हो– शेरा । उनी सलमान खानका अंगरक्षक हुन् । शेराले दुई दशकदेखि सलमानलाई सुरक्षा दिँदै आएका छन् । शेरालाई आफ्नो परिवारकै सदस्य मान्ने सलमानले उनलाई वार्षिक सवा ३ करोड पारिश्रमिक प्रदान गर्दै आएका छन् ।

अभिनेता आमिर खानलाई युवराज घोरपडेले सुरक्षा दिन्छन् । घोरपडेले अमिरको बडीगार्ड भएवापत वार्षिक सवा ३ करोड रुपैयाँ प्राप्त गर्छन् । बिग बी अभिताभ बच्चनका बडीगार्ड जितेन्द्र सिन्दे हुन् । उनको वार्षिक तलब अढाई करोड छ । शाहरूख खानका अंगरक्षक रवि सिंहले वार्षिक ४ करोड पारिश्रमिक लिन्छन् ।

अक्षय कुमारका बडीगार्ड स्रिसे थलेको वार्षिक पारिश्रमिक २ करोड छ । जलाल अभिनेत्री दीपिका पादुकोणका अंगरक्षक हुन् । रक्षाबन्धनमा दीपिकाले जलाललाई लगाइदिएको राखी सामाजिक सञ्जालमा भाइरल भएपछि उनी एकाएक चर्चामा आएका थिए । जलालको वार्षिक पारिश्रमिक सवा करोडजति छ ।

*एजेन्सीको सहयोगमा*

केवल एक प्रश्न

# काठमाडौंको सडकले कत्तिको हैरान बनाएको छ ?

पहिलो कुरा त काठमाडौंको सडक नै गुणस्तरीय नभएर धेरै दुःख भएको छ अनि वर्षामा खाल्डाखुल्डीमा पानी जम्छ, ती खाल्डाखुल्डी समयमा नपुरिँदा थप हैरानी हुन्छ । काठमाडौंको व्यस्त सडकमा उड्ने धूवाँधूलोले गर्दा कोही पनि यहाँ खुला रूपमा हिँड्न सक्दैनन् ।

**निशान भट्टराई, गायक**

वर्षायाममा हिलो र हिउँदमा धूलोले गर्दा निकै हैरानी खेपेकी छु । ठूला कुरा गर्ने तर कामको नाममा माखो नमार्ने नेताहरूको बानीले त थप हैरान बनाएको छ ।

**ऋचा शर्मा, अभिनेत्री**

काठमाडौंको सडकले व्यक्त गर्न नसकिने पीडा दिएको छ ।

**सरिता लामिछाने, अभिनेत्री**

साह्रै हैरान बनाएको छ । पानी परेका बेला त कतिबेला कुन खाल्डोमा परिने हो भनेर डराई-डराई हिँड्छु ।

**बिनु शाक्य, मोडल**

जहिले पनि अल्छी बनाइरहन्छ । जोस-जाँगरै हराउँछ । तैपनि खुसी छु, किनभने यो सहरले धेरै कुरा सिकाएको छ ।

**टंक तिमल्सिना, गायक**

काठमाडौंको सडकले हैरान मात्र होइन, दैनिक जीवनयापनमा एकदमै ठूलो असर पुऱ्याएको छ । यात्रा कष्टकर बनाएको छ । १० मिनेट लाग्ने ठाउँमा आधा घण्टादेखि एक घण्टासम्म लाग्ने गरेको छ । यसलाई हैरान होइन, बेहाल भनिन्छ ।

**पृथ्वीराज प्रसाई, अभिनेता**

धूवाँ, धूलो, मैलो अनि सडकमा राखिएका जथाभावी पसलले गर्नु गरेको छ नि !

**धीरज राई, गायक**

घरबाट कुनै योजना बनाएर निस्कन्छु, तर काठमाडौंको सडकले गर्दा त्यो योजनाअनुसार काम गर्न गाह्रो भैरहेको छ । यसका साथै धूवाँधूलोले गर्दा शरीरमा रोगले छिट्टै आक्रमण गरेर दिनचर्या नै प्रभावित बनाइदिन्छ ।

**दुर्गेश थापा, मोडल**

धूवाँ-धूलो अनि जाम त भैहाल्यो, वर्षामा बाटो सम्मै होला भनेर गयो, पूरै खाल्डामा परेर हैरान भइन्छ ।

**प्रकाश सपूत, गायक**

सडकमा भएका सुरुङमार्ग (खाल्डा) का कारण मोटरसाइकल चलाउँदा-चलाउँदै आफ्नो अन्तिम होला झैं हुन्छ ।

**कविर खड्का, अभिनेता**

ओहो ! काठमाडौंको सडकको त के कुरा गर्नु बरै, जतातातै बाटो भत्काएर खाल्डाखुल्डी मात्र बाँकी छ, बाटो हिँडी नसक्नु छ । घाम लाग्यो भने धूलो उडेर केही देखिँदैन अनि पानी पऱ्यो भने सडकमा अघि बढौं खाल्डोमा जाकिएला भन्ने डर अनि पछाडि कुरूँ भने अर्काले हिलो छ्यापिदेला भन्ने डर । बिहान घरबाट निस्कँदा ठीकठाक बाटो साँझ घर फर्कदा बिनासूचना, बिनाबोर्ड नै सडक अवरुद्ध भै उल्टो बाटो लाग्नुपर्ने अवस्थालाई हैरानी मात्र भनेर पुग्दैन ।

**हेमन्त शर्मा, गायक**

आनन्द छ । गाडी बेचेर अब एउटा डुङ्गा किन्न बाँकी छ ।

**केदार घिमिरे, हास्यकलाकार**

सडकका खाल्डाखुल्डीले गर्दा जाममा परेर कुनै पनि काममा समयमा पुग्न नसक्दा निकै हैरानी बेहोरेकी छु ।

**पूजा शर्मा, अभिनेत्री**

पानी परेका बेला काठमाडौंका सडकमा चिप्लेर धेरै पटक लडेकी छु ।

**सावित्री सुवेदी, अभियन्ता**

जति हैरान भए पनि बाटो हिँड्नै पर्छ, वाक्कदिक्क हुनैपर्छ । यहाँ सबैको दैनिकी नै यस्तै छ ।

**शिव परियार, गायक**

गाडीले खाल्डाखुल्डीमा जमेको हिलो पानी छ्याप्दा साह्रै रिस उठ्छ, तर हामीसँग सडक विभाग र ड्राइभरलाई गाली गर्नेबाहेक अरू केही उपाय छैन ।

**सबनम मुखिया, छायाँकार**

गाडी चलाउँदा जेब्रा क्रसिङ कहाँ छ, त्यो पनि देखिँदैन । यस्ता धेरै कुराको लापरबाहीले गर्दा थुप्रै हैरानी बेहोरेको छु ।

**खुमन अधिकारी, गायक**

सडकमा उडेको धूवाँधूलोले हैरान बनाएको छ ।

**विराज भट्ट, अभिनेता**

उफ् ! बिहान हिँडेपछि साँझ घर पुग्दा धूवाँ-धूलोले मान्छे नै नचिनिने हुन्छ अनि पानी परेपछि हिलाम्मे सडकमा मोटरसाइकल चिप्लेर हैरान भएको छु ।

**शिव विक, नृत्य निर्देशक**

धूलो र धूवाँले गर्दा अफिसबाट घर फर्कंदा आफ्नै श्रीमतीले पनि चिन्दिनन् कि भन्ने डर लाग्छ ।

**प्रल्हाद सुवेदी, गीतकार**

पानी जमेर कहाँ खाल्डो छ, थाहा हुँदैन । अर्को कुरा, बाटो बिग्रिएपछि सवारी साधनहरू बिस्तारै गुड्छन्, तर्काउन खोज्छन्, जसले गर्दा ठूलो जाम हुन्छ । जाम भएपछि तेल पनि बढी खर्च हुन्छ । यो हैरानी होइन, सास्ती हो ।

**महेन्द्र गौतम, मोडल**

प्रस्तुति : महेश तिमल्सिना



टर्निङ प्वाइन्ट

# पहिलो गीत नै टपटेन भित्र पऱ्यो

मलाई गीत-संगीतमा सानैदेखि रुचि थियो । मैले ०५९ सालमा पहिलो पटक आफ्नै शब्द, संगीत तथा स्वरको 'मायालु आउने जाने बाटो' गीत बजारमा ल्याएँ । त्यति बेला अहिलेको जस्तो प्रविधिको विकास भैसकेको थिएन । गीत बजाउने माध्यम भनेकै रेडियो तथा टेलिभिजन थिए । त्यति बेला धेरै रेडियो पनि थिएनन्, तर, जति थिए ती रेडियोमा मेरो गीत अत्यधिक बज्यो । म गीत रेकर्ड गरेर, रेडियोहरूमा गीत दिएर बिदा मनाउन जन्मस्थान दोलखा गएको थिएँ । गाउँको एउटा रेडियोमार्फत मेरो गीत टपटेनमा परेको छ भन्ने सुनें । उक्त कुरा सुनेपछि म तुरुन्त काठमाडौं फर्किएँ । पहिलो गीतले नै यति धेरै सफलता पाएपछि मलाई गीत संगीतमा लाग्न थप हौसला मिल्यो । त्यो गीत नै मेरो जीवनको पहिलो टर्निङ प्वाइन्ट सावित भयो ।



## ०६५ देखि ०६७ सम्मका सिर्जना सुपरडुपर भए

मेरा सिर्जनालाई दर्शक श्रोताले रुचाइ दिनुहुँदो रहेछ भन्ने लागेपछि म सांगीतिक यात्रामा दौडन थालें । यही क्रममा मैले ०६० मा गैदिन्छु माइत लोकदोहोरी एल्बम सार्वजनिक गरें । त्यसपछि ०६१ मा पञ्चामृत एल्बम निकालें । यसैक्रममा मैले ०६२/६३ को आन्दोलनताका वार्ता गराइ दिऊँ लोकदोहरी एल्बम बजारमा ल्याएँ । त्यति बेलाको परिप्रेक्ष्यमा उक्त गीतले ठूलै चर्चा पायो । यसरी गीत-संगीतमा निरन्तर अघि बढ्ने क्रममा मैले ०६५, ०६६ र ०६७ भित्र विभिन्न गायक-गायिकाको आवाजमा एल्बम निकालें, जसमा शब्द तथा संगीत मेरो थियो । तीमध्ये धेरैजसो गीत चर्चित भए । जसले मेरो सिर्जनशीलतालाई परिचित गरायो ।

## सुर्के थैली खोइ

सांगीतिक यात्राकै क्रममा ०७२ सालमा सुर्के थैली खै गीत बजारमा आयो । यो गीतले मलाई गायक तथा संगीतकारका रूपमा थप स्थापित गरायो, जुन मेरा लागि महत्वपूर्ण टर्निङ प्वाइन्ट थियो । यो गीत हिट भएसँगै पूर्व-पश्चिम रेल, कुटुमा कुटु, चिरचिरबीर चाँचरी, चरी चट्ट परी भुरुरु, सिओडब्लु काउ, चेप्टे चेप्टे पेरुंगो, टाकनटुकुन टक्क, ठेकीमा दही, उम्लियो भने पोखिन्छ, कम्पनी माला आदि गीत क्रमशः हिट हुँदै गए ।

● राजनराज शिवाकोटी, गायक/संगीतकार

विकेन्ड स्वाद

# ३२१ लाइभ आइसक्रिम



आइसक्रिम त्यो पनि खानेवेला धुँवा निस्कने ? हो, नेपालमा पहिलो पटक त्यस्तो आइसक्रिम भित्र्याइएको छ, जसलाई खाने क्रममा धूवाँ आउँछ । सामान्यत: चिज बल चाख्नु भएकै होला तर विशेष मेसिनबाट नाइट्रोजन ग्यास प्रयोग गरी तयार पारिएको स्मोकी चिज बल मुखमा राख्नु भयो भने धुंवा आउँछ । तरल नाइट्रोजनको प्रयोगबाट ताजा आइसक्रिमलाई तत्कालै जमाइन्छ । काठमाडौंका सिभिल मल तथा लाबिम मल पुगेर स्मोकी चिज बल, स्मोकी सिगार चाख्न सकिन्छ । यी दुवै आइटम १ मिनेटमै तयार हुन्छन् । विशेषगरी टिनएजर्स एवं कलेजका विद्यार्थीहरूले ३२१ लाइभ आइसक्रिमका आइटम रूचाएको कुरा बताउँछन्, हेम बास्तोला । उपभोक्ताहरूले खाने बेला धूवाँ आएको त्यही दृश्य आफ्नो फेसबुक तथा इन्स्टाग्राममा पोस्ट गर्न रूचाएको पाइन्छ ।

**स्थान** : सिभिल मल तथा लाबिम मल
**स्मोकी चिज बल** : १ सय रुपैयाँ
**स्मोकी सिगार** : १ सय ५० रुपैयाँ

विकेन्ड एनिभर्सरी

# पोखरामा विक्की सिंह



आज शुक्रबार भारतीय गायक विक्की सिंहले पोखरामा प्रस्तुति दिँदैछन् । विक्की सिंह लाइभ इन् नेपाल शीर्षकको कार्यक्रममा उनले आफूले गाएका लोकप्रिय कभर गीतहरु सुनाउनेछन् । जुम् इन इभेन्टको यो प्रस्तुतिमा सिंहले डेढ दर्जन गीत सुनाउने तयारी गरेका छन् । पोखरा लेकसाइडस्थित अक्सिजन लाउञ्ज बारमा सञ्चालन हुने उक्त कार्यक्रममा प्रयत्न श्रेष्ठ, अगुष्टिक व्यान्ड, डिएसआर इम्पेरियल माइक, डिजे जाइन्ट तथा डिजे उमेशको प्रस्तुति समेत समेटिनेछ ।

**प्रवेश** : १ हजार रुपैयाँ
**समय** : साँझ ६ बजे

विकेन्ड डिनर

# फेसन शोसहित रेन्टरटेन्मेन्ट

भोलि भदौ ३० गते शनिबार पोखरामा 'रेन्टरटेन्मेन्ट'को पाँचौ संस्करण सञ्चालन हुँदैछ । कृत्रिम पानीमा रूझ्दै डिजेको तालमा उफ्रन पाउनु यो इभेन्टको विशेषता हो । पोखराको लेकसाइडस्थित व्यञ्जन रेस्टुराँले आयोजना गर्ने यो इभेन्टमा वर्षा, संगीत, नृत्य तथा फेसनको फ्युजन रहनेछ । फेसन शोमा काठमाडौंका ६ जना तथा पोखराका २ जना गरी ८ जना मोडलले चलनचल्तीका फेसन शैली प्रस्तुत गर्नेछन् । शोको अर्को आकर्षण डिजे सेसन हो भने कार्यक्रममा कलाकार भुइयांको बेली डान्ससमेत हेर्न पाइनेछ ।

**स्थान** : व्यञ्जन रेस्टुराँ, लेकसाइड, पोखरा
**मिति** : २०७५ भदौ ३० गते शनिबार **समय** : दिउँसो २ बजे
**प्रवेश शुल्क** : ५ सय तथा १ हजार रुपैयाँ (महिलाको हकमा प्रवेश नि:शुल्क )

विकेन्ड कम्पिटिसन



# मोडल हन्ट नेपाल-२०१८

आज शुक्रबार मोडल हन्ट नेपाल-२०१८ को ग्रान्ड फिनाले हुँदैछ । मोडल हन्ट नेपाल को यो चौथो सिजन हो । ३३ पुरुष तथा २५ महिला सहभागी यो शोमा फेसन तथा चलचित्र उद्योगका सेलिब्रिटीहरु पनि सहभागी हुने बतँइएको छ । कार्यक्रममा विभिन्न कलाकारले समेत प्रस्तुति दिनेछन् ।

**स्थान** : सोल्टी क्राउन प्लाजा
**समय** : ६:३० बजे
**आयोजक** : मोडल हन्ट नेपाल, नेक्स्ट मोडल्स नेपाल
**प्रवेश शुल्क** : १ हजार ५ सय (नर्मल)
३ हजार रुपैयाँ (भीभीआईपी)



विकेन्ड पार्टी

# ह्याट पार्टी



भोलि शनिबार लाजिम्पाटस्थित हभाना लाउन्ज एन्ड बारमा ह्याट पार्टी हुने भएको छ । यो पार्टीमा सहभागी हुन चाहनेहरूले अनिवार्य रूपमा ह्याट लगाउनु पर्नेछ । यो डान्स पार्टीमा जो विजयी हुन्छ उसले विशेष प्रकारको ह्याट प्राप्त गर्नेछ भने उक्त अवसरमा डिजे निरजले विशेष प्रस्तुति दिनेछन् ।

**समय** : ६ बजे **प्रवेश** : नि:शुल्क
**स्थान** : हभाना लाउन्ज एन्ड बार, लाजिम्पाट

विकेन्ड ब्याण्ड



# नाइट् विद् नट्टु शाह एण्ड द ब्यान्ड

आज शुक्रबारको साझ सांगीतिक वातावरणमा रमाउन चाहनुहुन्छ वा दिनभरको थकान बिर्सँदै शरीरमा स्फूर्ति जगाउन चाहनुहुन्छ भने नट्टु शाह तथा द ब्यान्डका कलाकारहरूसँग रमाउन सक्नुहुन्छ ।

**प्रवेश** : नि:शुल्क
**समय** : ७ बजे
**आयोजक** : लास्ट फ्राइडे बार एन्ड ग्रिल
विकेन्ड कम्पिटिसन

विकेन्ड लाइभ

भोलि शनिबार झम्खिसेलस्थित एट् डिग्रिज फाइन डाइन एन्ड भेन्युजले आफ्नो सातौं वार्षिकोत्सवको अवसर पारेर लाइभ कार्यक्रम राखेको छ । उक्त अवसरमा गायक दीपक बज्राचार्य तथा रिदम्स ब्यान्डले आफ्ना चर्चित गीतहरु सुनाउनेछन् ।

**प्रवेश शुल्क** : १ हजार ५ सय रुपैयाँ
**समय** : ६ बजे
**स्थान** : झम्खिसेल



चलचित्र

## सायाबुङ



किराँत राई संस्कृतिमा आधारित चलचित्र ‘सायाबुङ’ (शिरफुल)को विशेष प्रदर्शन किराँत राई यायोक्खा केन्द्रीय कार्यालय कोटेश्वरस्थित सुम्निमा हलमा भोलि भदौ ३० गते हुने भएको छ ।

यो चलचित्रमा किराँतीहरूको परम्परागत मूल्य-मान्यतालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । शीर्षक किराँती सभ्यता र भाषाबाट लिइए पनि यो चलचित्र नेपाली भाषामा छ । पूर्वी नेपालको उच्च पहाडी भेगको गाई तथा चौरी गोठको संस्कृतिलाई पनि चलचित्रमा समेटिएको निर्देशक भगिराज राईले बताए । राई भाषामा सायाबुङको अर्थ अप्ठेरोमा फूल्ने फूल हुन्छ । हिमाली भेगमा गोठ राख्ने चलन छ, जुन बस्ती भन्दा धेरै टाढा हुन्छ । त्यही गोठ राखिने सुदूर ठाउँमा रहेको युवा र बस्तीकी युवतीबीचको प्रेमकथा यो चलचित्रको मुख्य विषय हो ।

यो चलचित्रको छायाँङ्कन पूर्वी नेपाल-भारत सिमाना सन्दकपुर, फालेलुङ, सिदिन, सिलौटी, लब्रेकुटी तथा भारतको मणिपुरका रमणीय स्थानहरूमा गरिएको छ । सौजन सुब्बा, निशा राई, सगुन सुसारा, साया राई, राहुल राई, दर्पण राई, उमेश राई तथा दिव्य आङ्देम्बेले अभिनय गरेको चलचित्र सायाबुङको निर्माण साया राईले गरेका हुन् । भगिराज राईको लेखन तथा निर्देशन, भक्त सुनुवार र उदय नेम्वाङको संगीतको यो चलचित्रलाई देवजंग थापाले सम्पादन गरेका छन् । चलचित्र सायाबुङका गीतमा दीपक लिम्बू, रजिना रिमाल, दिपा लामा, उदय नेम्बाङ, गौरिमान राई तथा भगिराज राईको स्वर सुन्न सकिन्छ ।

## साली कसको भेनाको



**निर्देशक :** भद्र भुजेल **कलाकार :** विल्सनविक्रम राई, बुद्धि तामाङ, रजनी गुरुङ, मरिश्का पोखरेल, सुष्मा कार्की, जयनन्द लामा, कविता आले, बिरेन श्रेष्ठ, पुष्प आचार्य आदि ।

**संगीत :** प्रसाद श्रेष्ठ, सुरज शाही ठकुरी, मिन घलान

हिन्दीमा एउटा चर्चित उखान छ, साली आधा घरवाली । यही चर्चित उखानमा व्यङ्ग्यात्मक ढंगले निर्माण भएको छ चलचित्र– साली कसको भेनाको । यो चलचित्र आज शुक्रबारदेखि नेपालभरका ५० भन्दा बढी हलमा एकसाथ प्रदर्शनमा आउँदैछ । एकै साता तीन-चारवटा चलचित्र प्रदर्शन भैरहेका बेला यो चलचित्रले भने एक्लै प्रदर्शन हुने अवसर पाएको छ । हास्य विधाको चलचित्र साली कसको भेनाकोमा नेपाली समाजको यथार्थ घटनालाई व्यङ्ग्यात्मक ढंगले प्रस्तुत गरिएको निर्देशक भद्र भुजेल बताउँछन् । प्रसाद श्रेष्ठको प्रस्तुति एवं रामप्रसाद श्रेष्ठ, सुशील गोपाल न्याछ्यो, काजीमान श्रेष्ठ विशाल, कमला भट्टराई तथा मुक्ति अधिकारी आदिको लगानीको यो चलचित्र मुभिङ पिक्चर्सको ब्यानरमा निर्माण भएको हो । चर्चित हास्यकलाकारहरूको अभिनयका कारण यो चलचित्रले दर्शक तान्ने अपेक्षा गरिएको छ । लामो समयको विश्रामपछि अभिनेत्री सुष्मा कार्की यही चलचित्रबाट पुनः पर्दामा आउँदैछिन् । काठमाडौं तथा बाहिरका केही जिल्लामा समेत खिचिएको यो चलचित्र निर्माणमा झन्डै ८० लाख रुपैयाँ लगानी भएको दाबी गरिएको छ । चलचित्र साली कसको भेनाको दृश्य दीर्घ गुरुङले खिचेका हुन् भने त्यसको सम्पादन बनिष शाहले गरेका हुन् ।

रंगमञ्च

## कुञ्जमा बोक्सी उद्योग



नयाँ-बानेश्वरस्थित कुञ्ज थिएटरमा नाटक ‘बोक्सी उद्योग’ मञ्चन हुने भएको छ । रामकुमार एलनको लेखन, प्रभाकरदेव शर्माको निर्देशन एवं केसी राजा र पदम घिमिरेको परिकल्पनाको उक्त नाटक असोज २ गतेदेखि २० गतेसम्म मञ्चन हुने बताइएको छ । यो नाटक हरेक दिन साँझ ५ बजे मञ्चन हुनेछ भने शनिबार नाटकको अतिरिक्त शो प्रस्तुत गरिने बताइको छ ।

ग्यालरी

## बबरमहलमा कला महोत्सव



बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा जारी हिमालयन कला महोत्सवको समापन भोलि शनिबार हुँदैछ । ई-आर्ट नेपालद्वारा आयोजित यो प्रदर्शनीमा १ सय ३५ जना कलाकारका २ सयवटा चित्र राखिएका छन् । गत मंगलबार प्रारम्भ भएको प्रदर्शनीमा समकालीन चित्र, मूर्तिकला, पौवा चित्रकला, प्रिन्ट, फोटोग्राफी, इन्स्टलेसन आर्ट तथा सेरामिक कला आदिको अवलोकन गर्न सकिन्छ ।

# पुरस्कृत भए तीजका गीत-संगीत



पाँचौं संस्करणको छायाँछवि तीज म्युजिक एवार्ड-२०७५ मा गायिका सहिमा श्रेष्ठ उत्कृष्ट तीज गायिका घोषित भएकी छिन् भने गायिका मञ्जु पौडेलको 'माइतीको आँगनी' ले उत्कृष्ट तीज गीतको एवार्ड जितेको छ । छायाँछवि क्रिएसनले आयोजना गरेको समारोहमा ३१ वटा विधामा एवार्ड वितरण गरिएको थियो । मौलिकता बोकेका तीज गीत-संगीतलाई प्रोत्साहित गर्न एवार्ड वितरण समारोह आयोजित गरिएको आयोजक संस्थाका प्रमुख शान्तिप्रियले बताएका छन् । एवार्ड वितरण समारोहमा गायक-गायिकाहरु सहिमा श्रेष्ठ, शर्मिला गुरूङ, चन्द्र चलाउने, लीला कुँवर, जमुना आचार्य, गोकर्ण रानामगर आदिले गीत-संगीत प्रस्तुत गरे भने श्रीराज इन्टरटेनमेन्ट, विक्रम चौहान तथा टीका जैसीको समूहले नृत्य प्रस्तुत गरेको थिए । उक्त समारोहमा पत्रकार जयन सुब्बा मानन्धरलाई रंग पत्रकारिता पुरस्कारबाट सम्मान समेत गरिएको थियो ।

**यस्ता छन् एवार्ड विजेताहरु**

**तीज दोहोरी (नव गायक)**
राम गोपाली (भदौरे झरी)

**तीज दोहोरी (नव गायिका)**
अमृता श्रीपाल (खैनीले)

**तीज गीत (नव–गायिका)**
बिना भट्टराई (स्वामी ज्यू)

**तीज दोहोरी मोडल (पुरुष)**
निर्मल क्षेत्री (एउटा जरुरी कुरा छ)

**तीज दोहोरी मोडल (महिला)**
आरुषी मगर (चुरीया छैं छैं)

**तीज गीत मोडल**
दीपाशा विसी (कति राम्रो)

**तीज युगल गीत**
लीला कुवँर र चन्द्रा चलाउने (सौता -२)

**तीज दोहोरी गीत (गायक)**
अमृत खाती (नाचौ घुमी घुमी)

**तीज दोहोरी गीत (गायिका)**
उमा श्रेष्ठ (भाइरल)

**सर्वोत्कृष्ट तीज गायिका**
सहिमा श्रेष्ठ (पहिलो नम्बर सुन)

**तीज दोहोरी गीत**
जमुना आचार्य र गोकर्ण राना मगर (छड्के तिलहरी)

**सर्वोत्कृष्ट तीज गीत**
मञ्जु पौडेल (माइतीको आँगन)

**पब्लिक च्वाइस एवार्ड (गायक)**
सन्तु थापा (चन्दनै चन्दनै)

**पपुलर सिंगर अफ दि इयर**
श्रीदेवी देवकोटा (झल्को)





सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# प्रदीप खड्का










Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
लोकेसन : चोभार
पहिरन : नोभेम्बर, दरबारमार्ग, काठमाडौं



# हिरो खोज्दै निर्देशक



निर्देशक विकास आचार्य सिक्वेल किङ निर्देशक भन्दा फरक पर्दैन । नाइँ नभन्नु लको पाँचौं श्रृंखलाले व्यवसायिक सफलता हासिलपछि आचार्यलाई दर्शक रुवाउन सक्ने निर्देशक समेत मान्न थालिएको छ । उक्त चलचित्रको सफलतासँगै दर्शकले आचार्यबाट नाइँ नभन्नु लको छैठौं श्रृंखलाका बारेमा जिज्ञासा राख्न थालेका छन् । यद्यपि आचार्यले भने तत्काल सिक्वेललाई अघि नबढाउने घोषणा गरेका छन् । नाइँ नभन्नु लको छैटौं श्रृंखलालाई थाँति राख्दै आचार्यले नयाँ चलचित्र 'हजार जुनीसम्म' निर्देशन गर्ने भएका छन् । उक्त चलचित्रका लागि आचार्य अहिले चकलेटी अभिनेताको खोजिमा छन् । नयाँ हिरोले अभिनेत्री स्वस्तिमा खड्कासँग अनस्क्रिन रोमान्स गर्ने निश्चित भैसकेको छ ।

# धुर्मुसको पनि चलचित्र



अभिनेता सीताराम कट्टेल धुर्मुस तथा अभिनेत्री कुञ्जना घिमिरे सुन्तलीलाई दर्शकले हास्यश्रृंखला मेरी बास्सैमा नदेखेको धेरै भयो । म्युजिक भिडियो तथा सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिइरहे पनि धुर्मुस र सुन्तलीले मेरी बास्सैको अभिनयमा ब्रेक लगाएका छन् । मिडिया हबले श्रृंखलामा ल्याउन सक्दो प्रयास गरे पनि उनीहरू त्यसका लागि तयार भएका छैनन् । यसका पछाडि एउटा कारण छ । उनीहरू दुवै यतिबेला चलचित्र निर्माणको मोडमा पुगेका छन् । 'एन्टिभाइरस' उनीहरूले निर्माण गर्ने चलचित्रको शीर्षक हो । पोखरा तथा आसपासका क्षेत्रमा छायांकन गरिने उक्त चलचित्रमा धुर्मुस र सुन्तलीका अतिरिक्त मनोज गजुरेल, जिग्री अर्थात् धुर्मुसकै भाइ कुमार कट्टेलले अभिनय गर्ने निश्चित भैसकेको छ भने चलचित्रको एउटा महत्वपूर्ण भूमिकाका लागि अभिनेता प्रदीप खड्कालाई प्रस्ताव गरिएको छ । यद्यपि प्रदीपले उक्त चलचित्रमा साइन गरिसकेका छैनन् ।

# प्रियंका चोपडाले हग गरेपछि



अभिनेता सुनिल थापा गत साता अमेरिकाको टेक्सासमा झुल्किए । उनी अर्विङस्थित पिक रेस्टुराँमा आयोजित एक कार्यक्रममा आफ्नो चलचित्र यात्राको अनुभव सुनाउँदै थिए । निर्देशक नारायण पुरीले मञ्चमा आमन्त्रण गरेपछि थापाले आफ्नो संघर्षको कथा सुनाए, जसमा मध्यस्थकर्ता बने चलचित्र लेखक शैलेश आचार्य । त्यस क्रममा थापाले बलिउडमा आफूले अभिनय गरेको चलचित्र मेरी कोमसम्बन्धी स्मरण पनि सुनाए । गेटअप आदि सबै परिवर्तन गरेर मेरी कोमको अभिनय सकेपछि चलचित्र युनिट आफनो कामबाट सन्तुष्ट भएको उनले बताए । त्यसभन्दा पनि बलिउड नायिका प्रियंका चोपडा उनको अभिनयबाट विशेष प्रभावित भइन् । 'राम्रो सहकार्यसँगै उत्कृष्ट अभिनय गरेको भन्दै मलाई दुई मिनेटसम्म हग गरिन्,' थापाले भने- 'त्यो मेरा लागि ठूलो सन्तुष्टिको दिन थियो ।' थापाले त्यसअघि हिन्दी चलचित्र एक दुजे के लिए मा अभिनय गर्दा मेरी कोमकी अभिनेत्री प्रियंका जन्मिएकै थिइनन् ।

# मन जित्दै मिरुना

बेलायतमा बसोबास गर्ने नेपाली युवतीहरू नेपाली चलचित्रमा स्थापित हुने क्रम बढ्दो छ । चलचित्र लिलिबिलीबाट उदाएकी जसीता गुरुङपछि गोपीकृष्ण मुभिजको पछिल्लो चलचित्र 'रोज' की अभिनेत्री मिरुना मगर पनि बेलायतबाटै आएकी कलाकार हुन् । सस्पेन्स तथा क्राइम थ्रिलर विधाको उक्त चलचित्रमा मिरुनाको अभिनयले दर्शकको मन जितेको छ । चलचित्रमा उनले अधिवक्ताको भूमिका निर्वाह गरेकी छिन् भने अभिनेता प्रदीप खड्कालाई एकतर्फी प्रेम गर्ने युवकका रूपमा प्रस्तुत गरिएको छ । त्यसो त रोजमा अभिनेत्री पारिमिता राणा शीर्षक भूमिकामै प्रस्तुत भएकी छिन्, यद्यपि अदालतमा बहस गर्ने मिरुना दर्शकको मनमा बस्न सफल भइन् । व्यवसायिक रूपमा समेत सफल भैरहेको रोजमा मिरुनाले निर्वाह गरेको भूमिका चुनौतीपूर्ण समेत छ । नेपाली चलचित्रमा अभिनेत्रीहरूलाई प्राय: कानुन व्यवसायिको भूमिकामा बिरलै प्रस्तुत गरिन्छ । मिरुनाले दोस्रो चलचित्रमै उक्त भूमिका सशक्त रूपमा निर्वाह गरेर आफूमा प्रसस्त सम्भावना रहेको प्रमाणित गरेकी छिन् । सुन्दर मुहारकी धनी मिरुनाको अभिनयमात्र होइन, वकिलका रूपमा संवाद बोल्ने शैलीले समेत प्रशंसा पाएको छ । मिरुनाले यसअघि चलचित्र लालपुर्जामा अभिनय गरेकी थिइन् ।

रिस उठ्छ

# जथाभावी ट्याग गर्दा !

- ध्यान दिएर काम गरिरहेका बेलामा कसैले जिस्क्याए
- म समयको एकदमै ख्याल गर्छु, त्यसैले कसैलाई कुर्नुपर्‍यो भने,
- मोबाइलमा म्यासेज नगर्ने तर मिसकल गरिरहनेहरूदेखि,
- रेस्टुराँमा खानेकुराका बारेमा भनिराख्नुपर्‍यो भने
- फेसबुकमा कसैले अनावश्यक ट्याग गर्दा
- म सरसफाइमा ध्यान दिन्छु, त्यसैले घरमा होस् वा अरू कतै फोहोर देखें भने साच्चै रिस उठ्छ । घरमा होस् वा अरू कतै फोहोर देखें भने साच्चै रिस उठ्छ ।



◆ दीपिका प्रसाई, अभिनेत्री




# अनमोलले झुक्याए

पोखरामा अनमोल इभ शीर्षकको कार्यक्रममा मुख्य आकर्षणका रूपमा अभिनेता अनमोल केसी आउने प्रचार गरिएको थियो । साढे दुई घण्टा ढिलो गरी साढे ४ बजे कार्यक्रम सुरु भयो, तर कार्यक्रममा अनमोल केसीले दर्शकले अपेक्षा गरे जस्तो पर्फमेन्स दिन चाहेनन् । उनी केवल चलचित्र छायांकनका लागि मात्र त्यहाँ प्रस्तुत भए । उक्त कार्यक्रममा रेड क्यामेरा टूली सेटसहित दृश्य कैद गर्न व्यस्त थियो । झन्डै १५ मिनेट स्टेजमा देखिएका अनमोलको प्रस्तुति खिच्न जोनी जिप लगाएर क्यामेरामेन स्टेजमा उभिदा दर्शकले सो को मज्जा लिन सकेनन् । वास्तवमा त्यहाँ ए मेरो हजुर-३ छायांकन गरिएको थियो, जसका लागि दिउँसोदेखि नै अनमोल केसीको तस्बिर अंकित प्लेकार्ड बोकेका केही मानिस तम्तयार थिए । ती प्लेकार्ड हातमा लिएका दर्शकको भीड खिच्न चलचित्र युनिट सफल त भयो, तर दर्शकहरूलाई आफू भरिया भएको कुरा भने पत्तो भएन ।

# फर्किइन् जसीता



एउटा मात्र चलचित्रमा अभिनय गरेर चर्चामा आएकी अभिनेत्री हुन्- जसीता गुरुङ । गत वैशाखमा प्रदर्शित चलचित्र 'लिलीबिली' व्यवसायिक रूपमा सफल भएपछि जसीताको राम्रै चर्चा भयो । बेलायतमा बसोबास गर्ने भएकाले जसीता उक्त चलचित्र प्रदर्शनपछि फेरि उतै लागिन् । लिलिबिली प्रदर्शन भैरहकै बेला झन्डै आधा दर्जन चलचित्रका स्क्रिप्ट पाएकी जसीताले तीमध्ये एउटा मात्र चलचित्रमा अभिनय गर्ने निश्चित भएको छ । 'लभ स्टेसन' शीर्षक राखिएको उक्त चलचित्रमा जसीताले लिलिबिलीकै अभिनेता प्रदीप खड्कासँग अनस्क्रिन रोमान्स गर्नेछिन् । लभस्टेसनको छायांकनमा सहभागी हुन उनी यसै साता बेलायतबाट काठमाडौं आएकी छिन् । दोस्रो चलचित्रमा अभिनय गर्न खासै उत्साहित नभए पनि अभिनेता प्रदीप खड्काको आग्रहमा जसीताले उनको जोडीका रूपमा काम गर्न सहमति जनाएको बताइन्छ ।



# उकुसाको पदार्पण

अभिनेता अनमोल केसीले नयाँ अभिनेत्रीसँग नयाँ चलचित्रमा अभिनय गर्ने क्रम जारी छ । अभिनेत्री झरना थापाकी छोरी सुहाना थापासँग 'ए मेरो हजुर-३' मा व्यस्त हुने क्रममा रहेका अनमोलले त्यसपछिको चलचित्र 'ब्याचलर बन्टि' मा पनि नयाँ अनुहारसँग अनस्क्रिन रोमान्स गर्ने निश्चित भएको छ । मिलन चाम्सले निर्देशन गर्ने उक्त चलचित्रमा अनमोलसँग मोडल उकुसा गिरीले अभिनय गर्ने बताइन्छ । मिस एसिया नेपाल-२०१७ की विजेता उकुसाले मिस एसिया-२०१७ मा बेस्ट पर्सनालिटी तथा ब्युटिफुल आइजको शीर्षक उपाधि जितेकी थिइन् । दसैंपछि छायांकनमा जाने ब्याचलर बन्टिका लागि उकुसा तथा निर्माता सुदिप खड्काबीच सम्झौता भैसकेको छ । कमेडी लभस्टोरी विधाको उक्त चलचित्रमा अनमोलले बन्टिको भूमिका निर्वाह गर्नेछन् भने उकुसाले उनको जोडीका रूपमा काम गर्नेछिन् ।



# प्रतापको चाहना

प्रताप दास नेपाल आइडलका उप विजेता हुन् । सुरिलो स्वरका धनी यी हेन्डसम गायकलाई सुन्न भन्दा हेर्न चाहने युवतीको संख्या ठूलो हुन्छ । मोटर साइकलमा...गीत लोकप्रिय भएपछि प्रताप चलचित्रको पार्श्व गायनमा समेत सक्रिय हुन थालेका छन् । प्रेमगीत-२ को उक्त गीतपछि प्रतापले लिलिबिली, रोज आदि चलचित्रका गीत गाइसकेका छन्, जुन लोकप्रिय पनि छन् । गायनमा सक्रिय प्रतापले हालै मात्र अभिनयमा समेत आफ्नो रुचि भएको कुरा उजागर गरेका छन् । कन्सर्टका क्रममा मोफसलमा रहेका प्रतापले राम्रो चलचित्रबाट प्रस्ताव आए अभिनयका लागि तयार भएको बताएका हुन् । 'राम्रो चलचित्र पाएँ भने अभिनय गर्छु, प्रतापको भनाइ छ- 'अभिनय मेरो सानैदेखिको रहर हो, यद्यपि पूरा गर्ने मौका पाएको छैन ।'



# रियल नाम नै हरायो

नाटकलाई आफ्नो प्राण सम्झने र नाटकबाट अफर आयो कि सबै काम छोडेर दौडिहाल्ने कमलमणि नेपाल टेलिश्रृंखला भद्रगोलका 'खुपीका बाउ' उपनामले परिचित छन् । आफ्नो असली नामलाई ओझेलमा पार्दै उपनामले चर्चा पाएपछि उनी एक प्रकारले खुसी भए पनि आफ्नो असली नाम नागरिकतामा मात्र सीमित होला कि भनेर चिन्तितसमेत देखिन्छन् ।

**तपाईंको कलाकारिताको सुरुवात ?**

म सानैदेखि कलाकारितामा रुचि भएको मान्छे । त्यसमा पनि मलाई नाटक असाध्यै मन पर्छ । गुरुकुल मेरो पहिलो घर हो जहाँ मैले नाटकको क, ख सिकें । मलाई नाटकले नै रंगमञ्चमा ल्यायो र एउटा परिचय दियो ।

**नाटक, चलचित्र तथा टेलिफिल्ममध्ये एक रोज्नुपर्‍यो भने ?**

नि:सन्देह, म नाटक नै रोज्छु । मलाई एकातिर चलचित्र र अर्कातिर नाटक रोज्न लगाइयो भने अलिकति पनि सोच्दिनँ । म नाटक नै रोज्छु ।

**आर्थिक रूपमा त चलचित्र फाइदाजनक होला नि ?**

पक्कै पनि नाटकभन्दा चलचित्रमा राम्रो पैसा हुन्छ, तर पैसा हुन्छ भन्दैमा म नाटकलाई छोड्न र बिर्सन सक्दिनँ । म बाँचुन्जेल नाटकमा काम गर्छु । मलाई यसमै मज्जा आउँछ ।

**थुप्रै चलचित्रमा काम गर्नुभयो, तर तपाईंको परिचय चाहिँ टेलिफिल्मको एउटा क्यारेक्टरले दियो नि ?**

मैले धेरै चलचित्र तथा नाटकमा काम गरें तर सानो पर्दाको भद्रगोलले मलाई यति उचाइमा पुर्‍यायो कि त्यसको कुरै नगरौं । मेरो त परिचय नै बदलियो । साँच्चै भन्ने हो भने मेरो रियल नाम त नागरिकतामा मात्र सीमित होला जस्तो छ । सानो उमेरदेखि पाको उमेरसम्मका सबैले मलाई त्यही एउटा क्यारेक्टरका रूपमा चिन्छन् ।

**कस्तो लाग्छ खुपीका बाउका रूपमा चिनिँदा ?**

मेरो एउटा क्यारेक्टरलाई यति धेरै रुचाइँदा नराम्रो लाग्ने त कुरै भएन नि, तर रियल नाम नै हराउँदा चाहिँ कता-कता नरमाइलो लाग्छ ।

प्रस्तुति : नरेन्द्र बस्नेत

पहिलो विश्व



# टेस्टट्युबमा जन्मियो सिंहको बच्चा

विश्वमा सिंहको जनसंख्या घट्दै गएपछि वैज्ञानिकहरूले टेस्टट्युबमार्फत पहिलो पटक सिंहको शिशुलाई जन्मदिन सफलता प्राप्त गरेका छन् । युनिभर्सिटी अफ प्रिटोरियाका वैज्ञानिक एवं चिकित्सकहरूले दक्षिण अफ्रिकाको उकटुलु संरक्षण क्षेत्रको सिंहमा उक्त सफलता हात पारेका हुन् । यो सफलतापछि अरू लोपोन्मुख जनावरहरूको जनसंख्या बढाउन मद्दत पुग्ने आशा पलाएको छ । सिंहको टेस्टट्युब बेबी जन्माउने क्रममा इन्भिट्रो फर्टिलाइजेसन (आईभिएफ) प्रविधिवाट भाले सिंहको शुक्रकीटलाई पोथी सिंहको पाठेघरमा प्रत्यारोपण गरेर गर्भवती बनाइएको थियो ।

# उद्घाटनकै दिन एक सातालाई प्याक

युरोपमा यौन पुतलीहरू राखेर व्यापार गर्ने नयाँ चलनले व्यापकता पाइरहेको छ । यौन पुतली प्रति युरोपेलीहरूको चासो बढेको देखेर इटालीको तुरिन सहरमा सञ्चालनमा आएको लुमिडलको उद्घाटनकै दिन एक साताका लागि ६ महिला तथा १ पुरुष यौन पुतली बुक भएका छन् ।

परम्परागत हावा भर्ने र रोबोट टाइपको तुलनामा युवतीझैं आकर्षक देखिने महिला तथा पुरुष यौन पुतलीलाई लिएर उक्त लुमिडल सञ्चालनमा आएको थियो । यो लुमिडलमा प्राइभेट कोठा, आकर्षक बेड, बाथरुम तथा टेलिभिजनमा अश्लिल चलचित्र लगातार आइरहने सुविधा आदि उपलब्ध छन् । पहिलो पटक सञ्चालनमा आएका कारणले धेरै व्यक्ति यस्ता पुतलीप्रति आकर्षित भएको लुमिडलका सञ्चालकले बताए । उद्घाटनकै दिन अत्यधिक भीडका कारण त्यहाँ बुकिङको व्यवस्था मिलाउनुपरेको थियो । यसरी बुकिङ गर्दा प्रतिघण्टाको १३ हजार ५ सय रुपैयाँ तिर्ने ग्राहकलाई समय मिलाउँदा एक सातासम्मका लागि लुमिडलका सबै यौन पुतली बुक भएका थिए ।





# स्तन ठूलो देखाउने टिसर्ट

स्तन आकर्षक भएन भने युवतीहरूमा हीनताबोध हुन्छ । प्राकृतिक रूपमै साना स्तन भएका युवतीहरूको समस्या बुझेर जापानको एक कम्पनीले हेर्ने व्यक्तिलाई थ्रिडी अप्टिकल इलुजन गराएर टिसर्ट लगाउने युवतीको स्तन ठूलो भएको भ्रम पार्ने गरेको छ । जापानको चर्चित ब्रान्ड इकोडीले बजारमा ल्याएको यो टिसर्ट पहिलो चरणमा अनलाइनमार्फत बिक्रीमा राख्दा केही समयमै स्टक सकिएको थियो । सेतो तथा गुलाबी रंगमा उपलब्ध यो टिसर्टको छातीपट्टिको भागमा थ्रिडी प्रिन्ट गरेर हेर्ने व्यक्तिलाई दिग्भ्रमित गर्ने किसिमको धर्के चित्र बनाइएको छ, जसका कारण हेर्नेहरूलाई युवतीको स्तन ठूलो भएको भान पर्छ । यो टिसर्ट बजारमा आएपछि स्तन ठूलो बनाउन प्याड तथा विभिन्न किसिमको ब्रा लगाउनुपर्ने झन्झटबाट मुक्ति मिलेको जापानी युवतीहरूले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन् ।

# कागले पार्क सफा गर्ने

मानिसले पार्क तथा सार्वजनिक स्थलमा गरेको फोहोर जति सफा गरे पनि भोलिपल्ट उस्तै भएको देखेर फ्रान्सको भ्यान्डी प्रान्तका अधिकारी दिक्क थिए । उक्त फोहोर कसरी सफा गर्दा सधैं पार्क सफा रहन्छ भन्ने कुरा अधिकारीहरूले सुल्झाउन सकेका थिएनन् । यस क्रममा उनीहरूले एउटा नयाँ जुक्ति निकाले पार्कमा मानिसले गरेको फोहोर सफा गर्न पन्छीको प्रयोग गर्ने । उनीहरूले मानिसले गरेको फोहोर सफा गर्न कागलाई प्रयोगमा ल्याएका छन् । कागले पार्कको फोहोर टिप्दा फोहोर गर्ने मानिसमा जनचेतना बढेको तथा उनीहरूले फोहोर गर्न समेत कम गरेको देखियो । भएन त नौलो उपाय ?













# दाह्रीजुँगा प्रतियोगिता

बेलायतमा वार्षिक रूपमा आयोजना हुने दाह्री-जुँगा प्रतियोगिता लोकप्रिय हुनुका साथै सामाजिक कार्यमा समेत अग्रसर हुन थालेको छ । चौथो संस्करणको यो प्रतियोगितामा सहभागी खेलाडीहरूले विभिन्न च्यारिटीका लागि अर्थ संकलनसमेत गरेका छन् । यो वर्ष ब्ल्याकपुलले आयोजना गरेको प्रतियोगितामा २१ वटा विधामा स्पर्धा गराइएको थियो, जसमा फ्रिस्टाइल, ह्यान्डमेड क्रिएटिभ, नेचुरल आदि प्रमुख थिए । यो प्रतियोगितामा बेलायतका साथै अन्य युरोपेली मुलुकका सयौं प्रतिस्पर्धीले सहभागिता जनाएका थिए ।

# सम्बन्ध सुधार्दै
# पारस-हिमानी

**पारसको मुस्कानमा हिमानीको मधुर मुस्कानको जवाफ उनीहरूको उतारचढावपूर्ण सम्बन्ध देखिरहेकाहरूका लागि भिन्न परिघटना थियो ।**



तस्बिरहरू : हरिराम

हरिराम उप्रेती

शाहवंशको इतिहाससँग जोडिएको ठाउँ हो– गोरखा । त्यही गोरखामा यसपटक अर्को एउटा रमाइलो संयोग सिर्जना भयो र त्यो थियो– पूर्वयुवराज पारस शाह तथा पूर्वयुवराज्ञी हिमानी शाहको मिलन ।

पारस र हिमानीसँगै बसे, कुराकानी गरे, आपसमा मुस्कान साटासाट गरे । बोलीचाली नै बन्द हुने गरी बिग्रिएको सम्बन्धमा आएको यो परिवर्तनलाई धेरैले अर्थपूर्ण रूपमा लिए भने कतिपयले उनीहरूबीचको सम्बन्धमा सुधार आइसकेको दाबीसमेत गरे ।

## गोरखाको त्यो मिलन

गणतन्त्र स्थापनासँगै राजसंस्थाको अन्त्य भए पनि पूर्वराजपरिवारका सदस्यहरू समाजसेवा, धार्मिक एवं विदेश भ्रमण आदिका विभिन्न कारणले बेलाबेलामा चर्चामा आइरहन्छन् । भदौ २१ गते हिमानी ट्रस्टद्वारा निर्मित पालुङटार नगरपालिका-५, ठाँटीपोखरीस्थित भवानी माध्यमिक विद्यालयको भवन हस्तान्तरण कार्यक्रममा पूर्वयुवराज पारस शाह तथा पूर्वयुवराज्ञी हिमानी शाहसँगै पूर्वरानी कोमल शाह पनि थिइन् भने पूर्वअधिराजकुमारीहरू प्रेरणा राज्यलक्ष्मी सिंह, शितास्मा शाह, दिलासा शाह पनि सँगै थिए । पूर्वयुवराज्ञी हिमानी 'हिमानी ट्रस्ट' मार्फत समाजसेवामा तल्लीन छिन् । ट्रस्टको संरक्षकमा छन्– पूर्वराजा ज्ञानेन्द्र तथा पूर्वरानी कोमल ।

ट्रस्टले शिक्षा, स्वास्थ्य, वातावरण तथा दैवी प्रकोपलाई मुख्य आधार बनाएर काम गर्दै आएको ट्रस्टकी सचिव श्री मल्लले बताइन् । सामाजिक क्षेत्रमा लागेका ठाँटीपोखरीका भगिरथ गुरुङसँगको छलफलपछि उक्त विद्यालयले हिमानी ट्रस्टलाई भवन निर्माण गरिदिन आग्रह गरेको थियो ।

२०७२ वैशाख १२ को भूकम्पले पुरानो २० कोठे भवन भत्काएपछि हिमानी ट्रस्ट तथा बुद्धिष्ट अर्गनाइजेसनले ४ करोड ९५ लाख रुपैयाँ खर्च गरेर भवानी माध्यमिक विद्यालय भवन निर्माण गऱ्यो । 'आठकोठे सुविधा सम्पन्न विद्यालय बन्यो, अर्को भवन पनि हिमानी ट्रस्टले नै निर्माण गरिदिने सम्झौता भैसकेको छ,' विद्यालयका प्रधानाध्यापक ओजराज गिरीले बताए । भवन अभावमा उक्त विद्यालयका १० वटा कक्षा अझै टहरोबाटै सञ्चालित छन् । हाल निर्माण भएको आठकोठे विद्यालय भवन निर्माणका क्रममा पनि हिमानीले त्यसका बारेमा जानकारी लिइरहेको बताइन्छ । २०७३ मंसिर १९ गते ट्रस्टकी अध्यक्ष हिमानीले उक्त विद्यालय भवनको शिलान्यास गरेकी थिइन् ।



निर्माण सम्पन्न भएपछि हिमानीले ट्रस्टकी संरक्षक एवं सासु कोमल तथा श्रीमान पारसलाई आफ्नो परिश्रम देखाउने चाँजोपाँजो मिलाउदै निम्तो गरिन् भने उनीहरूलाई अतिथि बनाएर पालुङटारसम्म ल्याइन् । आयोजकले पूर्वराजपरिवारका सदस्य कार्यक्रममा अतिथि बनेर आउने पूर्वजानकारी प्रशासनलाई गराएका थिए । भवन हस्तान्तरण भन्दा पनि पूर्वराजपरिवारका सदस्यको आनीबानी, बोली, व्यवहार आदि हेर्न ठाँटीपोखरीको भवानी माध्यमिक विद्यालयको प्राङ्गणमा अभिभावक, स्थानीय बासिन्दा तथा विद्यार्थीहरूको ठूलो भीड लागेको थियो । राजसंस्था हुँदाको बखत जस्तो चार्म नभए पनि पूर्वराजपरिवारका सदस्यहरूलाई हेर्न स्थानीय बासिन्दाहरू लालायित देखिन्थे ।

पूर्वराजपरिवारका सदस्य मध्ये लामो समयपछि सँगै देखिएका पूर्व युवराज पारस र हिमानी विशेष आकर्षणको केन्द्र बन्ने नै भए । भीडको आँखा उनीहरूतिरै सोझिएको थियो । पारस थाइल्यान्डमा लामो समय बिताएर तीन वर्षअघि नेपाल फर्किएका हुन् । थाइल्यान्डमा प्रेमिका कन्निका तथा लागूपदार्थ दुर्व्यसनबीच फसेर पटक-पटक विवादमा पर्दै आएका पारस र हिमानीबीच यो तीन वर्षमा पनि सम्बन्ध पुरानो अवस्थामा फर्कन नसकेको अनुमान गरिँदै आएको छ ।

नेपाल फर्किएपछि उनीहरू सँगै नबस्नुले उक्त अनुमानलाई बल पुऱ्याउँदै आएको छ, तर केही समययता नेपालगन्ज र काठमाडौंको सोल्टी होटलमा भएका जमघटहरूमा हिमानी र पारससँगै देखिन थालेपछि उनीहरूबीचको दूरी घट्दै गैरहेको बताइन थालेको थियो । अझ रोचक त के भने शाहवंशको इतिहाससँग जोडिएकै गोरखामा पुगेर पारस-हिमानीले सार्वजनिक रूपमै कुराकानी गरेपछि यसले उनीहरूबीचको सम्बन्ध सुधार हुँदै गएको स्पष्ट संकेत मिलेको छ । 'हिमानी र पारस एउटै मञ्चमा देखिनु आफैमा महत्वपूर्ण क्षण हो, पछिल्लो समय हामीले उहाँहरूलाई बिरलै सँगै देखेका छौं,' पारिवारिक स्रोतले भन्यो । उनीसँगै आएका आसेपासे हिमानी र पारसको समन्ध सुधदै गएको दाबी गर्दै खुसी देखिन्थे । आसेपासेहरू सञ्चारमाध्यमलाई 'पोजेटिभ' समाचार संप्रेषण गरिदिन आग्रह समेत गर्दै थिए ।

उक्त कार्यक्रममा सहभागी हुन हिमानी र कोमल अघिल्लो दिन भदौ २० गते काठमाडौंबाट हिँडेका थिए । मुग्लिनको एक होटलमा बास बसेर भोलिपल्ट कार्यक्रम सुरु हुनुभन्दा दुई घण्टाअगावै उनीहरू ठाँटीपाखेरी आइपुगे । पारस भने फिस्टेल एयरको हेलिकप्टरबाट बिहीबार बिहान करिब आठ बजेतिर बहिनी प्रेरणा, शितास्मा तथा दिलासासहित पालुङटार उत्रिए । उनीहरूले संयुक्त रूपमै स्थानीय बासिन्दाहरूसँग भेटघाट पनि गरे । त्यतिबेला स्थानीय बासिन्दाहरूका साथै राप्रपा कार्यकर्ताले पूर्वराजपरिवारका सदस्य समक्ष धर्म र राष्ट्र जोगाउन भूमिका खेलिदिन आग्रह गरेका थिए ।

बिहान ११ बजे पूर्वनिर्धारित कार्यक्रमअनुसार राजपरिवारका सदस्यहरू भवानी माध्यमिक विद्यालय प्राङ्गणमा प्रवेश गरे । अतिथिहरूको स्वागतका लागि विद्यार्थी एवं स्थानीय बासिन्दाहरू पुष्पगुच्छा र मालासहित लामबद्ध थिए । पन्चैबाजासहित फूलमालाले पूर्व राजपरिवारका सदस्यहरूको स्वागत गरियो । कार्यक्रमकी प्रमुख अतिथि कोमल फूल लिँदै अघि बढिन् । उनको पछि-पछि थिए– पारस । पातलो ज्यान, कालो चस्मा, ढाकाको टोपी अनि टोपी बाहिर देखिने गरी बाँधिएको पोनिटेलमा प्रस्तुत पारस स्वागतार्थीले दिएको पुष्पगुच्छा लिनुभन्दा पनि घरी आफूभन्दा अघि रहेकी आमा कोमल त घरी आफूभन्दा पछि रहेकी श्रीमती हिमानी नजिक पुगेर फिस्स हाँस्थे । पारसको मुस्कानमा हिमानीको मधुर मुस्कानको जवाफ उनीहरूको उतारचढावपूर्ण सम्बन्ध देखिरहेकाहरूका लागि भिन्न परिघटना थियो ।

करिब १० मिनेट स्वागतमै बिताएपछि राजपरिवारका सदस्यहरू मञ्चमा पुगे । मञ्चमा कोमल र पारसलाई एकै ठाउँमा बस्ने व्यवस्था मिलाइएको थियो । हिमानीका लागि छुट्टै कुर्सी थियो । कोमलको दायाँतर्फ हिमानी र बायाँतर्फ पारसलाई वस्ने व्यवस्था मिलाइएको थियो । मञ्चमा रहदा पारस र कोमल तथा हिमानी र कोमल बेलाबेलामा खासखुस गरिरहेका देखिन्थे । लामो समयदेखि सम्बन्ध चिस्सिएको हल्ला सुनेका दर्शकको ध्यान भने पारस र हिमानीतर्फ नै केन्द्रित थियो । कार्यक्रमका वक्ताहरूले विद्यालयको भौतिक अवस्थाका विषयमा आ-आफ्नो धारणा व्यक्त गरेपनि त्यसले कार्यक्रमका सहभागीहरूको ध्यान खिच्नसके । पारस र हिमानी बोल्लान् कि नबोल्लान्, नजिक बस्लान् कि नबस्लान् अधिकांश विद्यार्थी, अभिभावक तथा स्थानीय बासिन्दाहरू त्यतै नजर लगाउँदै थिए । हिमानी मञ्च अगाडिको खाली भागमा खेलिरहेका बालबालिकाहरूलाई नियाल्दै मुस्कुराउँथिन् । बीचमा कोमल रहेकीले मञ्चमा संवाद नभए पनि पारस र हिमानीबीच हेराहेर भने भैरहेको हुन्थ्यो । दुवै नजर जुदाउँदै बेलाबखत फिस्स हाँसेको देखिन्थ्यो ।

हिमानीले बनाएको विद्यालय भवनको रिबन काटेर उद्घाटन गर्न पूर्वरानी कोमल शाह समक्ष आग्रह गरिएपछि उनीहरू मञ्च छोडेर नवनिर्मित भवनतर्फ लागे । कोमल अघि लागिन् भने पारस र हिमानी उनको पछि-पछि थिए । उनीहरू नजिकएसँगै खासखुस गरे । उनीहरूले के कुराकानी गरे अरूले भेउ पाउन सकेनन् । उनीहरूबीच संवाद होला कि नहोला भन्ने चासोमा केन्द्रित सहभागीहरू कार्यक्रममा उद्घाटनभन्दा पनि पारस र हिमानीले खासखुस गरेको तस्बिर खिच्न तँछाड-मछाड गर्न थाले । हिमानी भने मोबाइलबाट त्यसरी तस्बिर लिइन थालेपछि हच्किइन् । भवन अवलोकनका क्रममा पनि उनीहरूबीच हेराहेर भयो । उनीहरूले नजिकिएर मन फुकाउँदै लामो कुराकानी भने गरेनन् । एक बालक र विद्यालयका प्रधानाध्यापक ओजराज गिरीसँग उनीहरूले सँगै तस्बिर खिचाए । त्यसपश्चात मञ्चमा फर्किएका पारस र हिमानीले पुन: समय-समयमा एक-अर्कालाई हेराहेर गरेको दृश्य दर्शकहरूले देखिरहे । कार्यक्रममा उनीहरूले मन्तव्य भने व्यक्त गरेनन् । कार्यक्रम सकेर उनीहरू छुट्टाछुट्टै गाडीमा फर्किए । विद्यालय परिसरमा छुट्टिने बेला पारसले आमा कोमललाई नमस्कार गर्दै बिदाइ गरे । हिमानीले पारसलाई नमस्कार गरिन्, पारसले 'सी यू' भन्दै हात हल्लाए । हिमानी र कोमलको गाडी अघि बढे पनि पारस भने केही समय त्यही अलमलिँदै विद्यार्थी, स्थानीय बासिन्दा तथा शुभचिन्तकहरूसँग सेल्फी खिच्न थाले ।



# विलासी सवारीको सौख

**कार, जिप, भ्यान दर्ता पछिल्लो १० वर्षमा**

| | |
|---|---|
| ०६५/०६६– ६,८५७ | ०७०/०७१– ११,३७२ |
| ०६६/०६७– १२,२६८ | ०७१/०७२– १३,५६० |
| ०६७/०६८– ८,५१० | ०७२/०७३–२८,३६१ |
| ०६८/०६९– ८,७११ | ०७३/०७४–२१ २९२ |
| ०६९/०७०– ९,५९५ | ०७४/०७५–२४,३३८ |

स्रोत : यातायात व्यवस्था विभाग

जनक तिमिल्सिना / एकराज सुवेदी

एक समय थियो, नेपाली धनाढ्य तथा हाइप्रोफाइलहरूका लागि सौखअनुसारका ब्रान्डका गाडी उपलब्ध थिएनन् । काठमाडौंका सडकमा हुइँकिने ल्याडरोभर, पजेरो तथा प्राडोमा हाइप्रोफाइल तथा धनीहरूको 'स्टाटस' झल्किन्थ्यो । अहिले पहिलेको जस्तो प्राडो, पजेरोजस्ता एकै प्रकारका गाडीलाई स्टाटस सिम्बोलका रूपमा रोज्नुपर्ने बाध्यता छैन ।

कोही बाध्यता त कोही रहरले विश्वबजारका चर्चित कम्पनीका महँगा विलासी गाडीलाई 'स्टाटस सिम्बोल'का रूपमा आफ्नो बनाउन थालेका छन् । गाडीका कतिपय सौखिन त फरक ब्रान्ड र आकर्षक लुक्स भएका गाडीमार्फत अरुको ध्यान तान्न चाहन्छन् । त्यसैले नेपालमा सडकको चरम दुरावस्थाका बाबजुद पनि हुनेखाने, हाइप्रोफाइल तथा धनीहरू करोडौं रुपैयाँका चिल्ला गाडीमा हुइँकिन्छन् । प्रतिस्पर्धी विश्वबजार, विलासी तथा विश्वस्तरीय ब्रान्डको सहज उपलब्धता एवं विविधताजस्ता कारण 'स्टाटस सिम्बोल'मा समेत विविधता देखिन थालेको छ ।

विभिन्न अटोमोबाइल कम्पनीहरूले नाम चलेका विदेशी ब्रान्डका महँगा गाडीहरू नेपाली बजारमा भित्र्याउन थालेका छन् । गोल्छा समूहले फ्रान्सेली ब्रान्ड प्युजो, एमएडब्लूले अमेरिकन जिप, पारामाउन्ट मोटर्सले ब्रिटिस ब्रान्ड एमजीजस्ता नयाँ ब्रान्डका महँगा गाडी नेपाली बजारमा उपलब्ध गराइरहेका छन् । अहिले काठमाडौंका सडकमा ज्यागुअर, आउडी, बीएमडब्ल्यु, हमर, फरारी, बेन्टलेका महँगा गाडीहरूसमेत कुदिरहेका देखिन्छन् । मर्सिडिज बेन्ज, रेनल्ट, फोर्ड, भक्सवागन, टोयोटा, साङ्योङजस्ता महँगा ब्रान्डका गाडीहरूसमेत नेपाली सडक नापिरहेका छन् ।

हुन्डाई, मारुती सुजुकी, महिन्द्रा, किया, निसान, सुवारु, माज्दा आदि इन्ट्री लेभलदेखि करोडौं रुपैयाँसम्मका कार बेच्ने लोकप्रिय कम्पनी हुन् । नेपालीहरूको रुचि महँगा गाडीमा बढ्नुको कारण के हो ? गाडी व्यवसायीहरूको संस्था नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका महासचिव कृष्णप्रसाद दुलाल कर्पोरेट कल्चरका कारण महँगा गाडी खरिद गर्नेहरूको संख्या बढेको मान्छन् । 'हामीकहाँ अहिले कर्पोरेट कल्चर बढेको छ,' दुलाल भन्छन्, 'व्यवसायीहरूले नै प्रायः महँगा गाडी खरिद गर्दै आएका छन् ।' कम्पनी वा व्यवसायका नाममा गाडी किन्दा केही छुट पाइने भएकाले पनि व्यवसायीहरू यसतर्फ आकर्षित भएका पाइन्छन् । कुल सवारीमध्ये ५ प्रतिशतको हाराहारीमा महँगा गाडीमा सयर गर्नेहरू छन्, जसमा उद्योगी/व्यवसायी, बैंकका सिइओहरू, घरजग्गा कारोबारी तथा म्यानपावरवालाहरूको बाहुल्य छ ।





सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत सवारी साधन करमा भारी वृद्धि गरेपछि नेपालीहरूमा महँगा गाडीको प्रयोगमा कमी आएको केही व्यवसायीको दावी छ । नेपालका महँगा कार विक्रेतामध्ये एक किशोर श्रेष्ठ भने यसपाली करमा भारी वृद्धि गरिएपछि महँगा गाडी ल्याउनै नसकिएको बताउँछन् । यद्यपि हाल चलिरहेको नाडा अटो शोमै करोडौं मूल्य पर्ने महँगा गाडीहरू बिक्रीका लागि राखिएका छन् । अर्थमन्त्री डा. युवराज खतिवडाले नाडा अटो शो उद्घाटनका अवसरमा ऋण लिएर गाडी किन्नुभन्दा पैसा कमाएर किन्न आग्रह गरे ।

नाडाका सचिव अनुप बरालका अनुसार अहिले नेपाली बजारमा १० लाख रुपैयाँदेखि पौने ४ करोडसम्मका गाडी उपलब्ध छन् । 'साढे तीन करोडदेखि पौने चार करोडसम्मका हमर र बीएडब्लू नेपाली बजारमा उपलब्ध हुन थालिसके,' बराल भन्छन्, 'एकदमै कम मूल्यको कमर्सियल भेइकल मारुती पिकअप भ्यान १० लाख रुपैयाँमा भित्रिरहेका छन् ।' व्यक्तिगत रहरका लागि भित्र्याएका गाडी समेत जोड्ने हो भने अहिले नेपाली

पृष्ठ २५ मा



तस्बिरहरू : महेश प्रधान





# नेपाली बजारमा महँगा गाडी

विश्व बजारमै एसयूभी अर्थात स्पोर्ट युटिलिटी भेइकल सेगमेन्टका गाडी महँगा मानिन्छन् । विभिन्न विशेषताका कारण यी गाडी आरामदायकका साथै महँगा पनि हुन्छन् । नेपाली बजारमा पनि १ करोड भन्दा बढीका गाडीहरु उपलब्ध छन् । तीमध्ये अधिकांश एसयूभी सेगमेन्टकै छन् । यस्ता अधिकांश गाडी काठमाडौंमा जारी यो वर्षको नाडा अटो शोमा प्रदर्शनका लागि राखिएका छन् ।












## न्यू महिन्द्रा एक्सयूभी-५००

नयाँ एक्सयूभी-५०० अल ह्विल ड्राइभ अप्सनसम्मको क्षमतामा उपलब्ध छ । यसमा भएको ४ सिलिन्डरको एमहक १५५ डिजेल इन्जिन प्रशस्तै क्षमताको छ । यो नयाँ एसयुभीमा कम्पनीले अत्याधुनिक तथा सुविधासम्पन्न फिचर्स थप गरेको छ । यो गाडीको माथिल्लो भर्सनको मूल्य ८४ लाख ९५ हजार रुपैयाँ सम्म छ ।

## जिप कम्पास

नेपाली बजारमा जिपका कम्पास तथा रेंगलर गाडी भित्रिएका छन् । जिपको कम्पासलाई संसारकै पहिलो एसयुभीका रूपमा लिइन्छ, तर जिप र अन्य एसयूभी फरक हुन् । जिप आफैंमा एउटा ब्रान्ड हो । जिप कम्पासको मूल्य ९६ लाख ५० हजार रुपैयाँसम्म पर्छ ।

## जिप रेंगलर

जिप रेंगलरको डिजाइन 'आइकनिक' छ । जिप रेंगलर त्यस्ता सीमित सवारीमध्ये पर्छ, जसको पारम्परिक लुक्स र डिजाइन दशकौंदेखि उस्तै छ । ठूलो बम्पर, आइकनिक ग्रिल तथा ठूल्ठूला टायर, जिप रेंगलरबाहेक अरु कुनै गाडीमा पाइँदैन । रेंगलरलाई अफरोड किङ समेत मानिन्छ । यसको मूल्य २ करोड ५० लाख रुपैयाँ छ ।

## एमजी जीएस

एमजी जीएस उत्कृष्ट फुल अप्सन एसयुभी हो । यसमा अटोमेटिक हेडल्याम्पदेखि क्रुज कन्ट्रोलसम्म छ । रियर पार्किङ सेन्सर र क्यामेरा, डिएबी रेडियो र ब्लुटुथ जस्ता उत्कृष्ट एसयुभीमा हुनेसबै सुविधा यो कारमा छ । जीएस २.० लिटर इन्जिन, टर्बो ४ सिलिन्डरमा उपलब्ध एमजी जीएसको मूल्य ५४ लाख ९० हजार देखि ७४ लाख ५० हजार रुपैयाँसम्म पर्छ ।

## सुबारु आउटब्याक

सुबारुको एसयूभी आउटब्याक निकै महँगो गाडी हो । यसको मूल्य १ करोड ९५ लाख रुपैयाँ छ । यसमा ३.६ लिटरको बक्सर इन्जिन जडान गरिएको छ । यो सिमेट्रिकल अल ह्विल ड्राइभ गाडी हो ।

## टोयोटा

टोयोटा आफैमा महँगो ब्रान्ड हो । टोयोटाका निकै महँगा गाडी पनि नेपाली बजारमा उपलब्ध छन् । केही दिन पहिले मात्र नेपालमा उपलब्ध टोयोटा रसको मूल्य ६६ लाख ९० हजार देखि ७५ लाख ५० हजार रुपैयाँसम्म पर्छ, तैपनि नेपालमा टोयोटाको सबैभन्दा महँगो गाडी ल्यान्डक्रुजर हो । यो स्टोर्म वागन हो र यसलाई भी८ मात्र पनि भनिन्छ । हाइड्रोलिक सस्पेन्सन तथा इन्डिपेन्डेन्ट ब्रेकिङ सिस्टमयुक्त उक्त गाडीको मूल्य (नेपाली बजारमा) ४ करोड ८ लाख रुपैयाँ छ ।

## भक्सवागन टिगुआन

करोड माथिका कारको नाम लिँदा भक्सवागनको नाम पनि छुट्दैन । जर्मन अटोमोबाइल कम्पनी भक्सवागनको न्यु टिगुआन मोडल महँगो र लक्जरियस सेग्मेन्टमा चर्चित छ । यसको मूल्य १ करोड ४७ लाख रुपैयाँसम्म पर्छ ।

## होन्डा सी-आरभी

होन्डाको सी-आरभीमा १४९६ सीसीको इन्जिन छ । यसको मूल्य १ करोड २६ लाख रुपैयाँ पर्छ ।

## प्युजो ३००८

फ्रान्सेली कम्पनी प्युजो नेपाली बजारमा भित्रिएको एक वर्ष पनि भएको छैन । यसको सर्वाधिक महँगो गाडी प्युजो ३००८ हो । एसयूभी सेगमेन्टको उक्त गाडीको मूल्य १ करोड ३० लाख रुपैयाँ छ ।

## फोर्ड एन्डेभर

फोर्ड एन्डेभरको ठूलो बम्परदेखि यसमा रहेको ७ वटा एयर व्याग, आकर्षक बनावट तथा प्रविधि विश्वव्यापी फोर्ड एसयूभी डिजाइनमा आधारित छन् । यसको मूल्य १ करोड ७१ लाख रुपैयाँ छ ।

## मस्ट्याङ

फोर्ड मस्ट्याङको मूल्य परिस्थितिअनुसार २ करोड रुपैयाँको हाराहारी पर्न आउँछ । ग्राहकको माग अनुसार फिचर राख्दा यसको मूल्यमा घटबढ हुन सक्ने कम्पनीले जनाएको छ ।

## निसान एक्स-ट्रेल

निसानको एक्स-ट्रेल ७ सिटे एसयूभी हो । यसको मूल्य १ करोड २५ लाख ६९ हजार पर्छ ।

## स्कोडा कोडियाक

स्कोडाको पहिलो फुल साइज एसयूभी कोडियाकमा ७ जना बस्न मिल्छ । यसमा अल ह्विल ड्राइभलगायतका विभिन्न विशेषता छन् । यसको मूल्य १ करोड ४९ लाख रुपैयाँ छ । स्कोडाकै अर्को महँगो गाडी सुपर्व हो जसको मूल्य १ करोड १६ लाख रुपैयाँ छ ।

## साङ्योङ रेक्सटन

कोरियन कम्पनी साङयोङका गाडी पनि महँगा मानिन्छन् । नेपाली बजारमा यसको सर्बाधिक महँगो गाडी रेक्सटन हो । २ हजार २ सय सीसी डिजेल इन्जिन जडान गरिएको उक्त गाडीको मूल्य १ करोड ४५ लाख रुपैयाँ पर्छ ।

## किया सोरेन्टो

कियाको सोरेन्टो फुल्ली लोडेड एसयूभी हो । यसको मूल्य बजेटभन्दा पहिले नै १ करोड २० लाख रुपैयाँ थियो । हाल त्यसमा केही वृद्धि भए पनि मूल्य सार्वजनिक गरिएको छैन ।

## हुन्डाईको टक्सन तथा सान्ता फे

हुन्डाईका टक्सन तथा सान्ता फे नेपालमा उपलब्ध महँगा गाडी हुन् । टक्सनको मूल्य १ करोड ४ लाख ९६ हजार रुपैयाँसम्म पर्छ भने सान्ता फेको मूल्य १ करोड २२ लाख ९६ हजार रुपैयाँ छ ।

## टाटा हेक्सा

नेपालमा उपलब्ध टाटाका गाडी मध्ये सर्बाधिक महँगो गाडी हेक्सा हो । यसको मूल्य ९१ लाख ५५ हजार रुपैयाँ छ ।



# महँगा मोटरसाइकल

विश्व बजारमा महँगो बाइकका रूपमा परिचित हार्ले डेभिडसनका मोटरसाइकल हालै मात्र नेपाल भित्रिए । त्यसैगरी इटालियन कम्पनी एसडब्लूएम पनि यही वर्ष भित्रियो । त्यसबाहेक पहिलेदेखि नै बेनेली, सीएफ मोटो, होन्डा, रोयल इन्फिल्ड आदिका मोटरसाइकल पनि नेपाली बजारमा उपलब्ध हुँदै आएका छन् । नाडा अटो शोमा पनि यस्ता धेरै कम्पनीका महँगा मोटरसाइकल अवलोकन गर्न पाइन्छ ।



### सीएफ मोटो

सीएफ मोटोको ६५० एमटी मोटरसाइकलमा ड्युअल च्यानल एबीएस छ भने यसलाई स्पोर्ट तथा टुरिङ गरी दुई मोडमा चलाउन सकिन्छ । यसको मूल्य १७ लाख ५० हजार रुपैयाँ पर्छ ।




### हार्ले डेभिडसन स्पोर्टस्टर आइरन-८८३

नेपालमै पहिलो पटक हार्ले डेभिडसनका मोटरसाइकल भित्रिएका छन् । हार्ले डेभिडसनको मोटरसाइकलको मूल्य ४५ लाख रुपैयाँ पर्छ । यसमा ८८३ सीसीको एयरकुल्ड ट्विन सिलिन्डर इन्जिन छ । हार्ले डेभिडसनलाई छोटकरीमा एचडी अथवा हार्ले भनिन्छ । यो अमेरिकाको मोटरसाइकल निर्माता कम्पनी हो । नेपालमा औपचारिक रूपमा बिक्री-वितरण नभए पनि केही सौखिनले हार्लेका बाइक पहिलेदेखि नै नेपालमा ल्याएर चलाएको पाइन्छ । अब भने यो औपचारिक रुपमै नेपाल भित्रिएको छ ।



### होन्डाको नयाँ क्रुजर बाइक

होन्डाले हेर्दै फरक देखिने नयाँ क्रुजर बाइक एनएम फोर नेपाली बजारमा उतारेको छ । विशेष डिजाइनको यो क्रुजर बाइक क्लच प्रयोग नगरी पनि चलाउन सकिन्छ । यसको गियर चेन्ज गर्न बटन दबाए पुग्छ । यो बाइकमा ७ सय ५० सीसीको इन्जिन छ ।



### एसडब्लूएम मोटरसाइकल

एसडब्लूएम मोटरसाइकल पनि पहिलो पटक नेपाल भित्रिएको हो । अहिले नेपालमा एसडब्लुएमका आरएस ३०० आर, सुपर ड्युअल ६५० टी तथा सिल्भर भेस ४४० मोडल उपलब्ध छन् । आरएस ३०० आरको मूल्य १६ लाख, सुपर ड्युअल ६५० टीको मूल्य २३ लाख तथा सिल्भर भेस ४४० को मूल्य १४ लाख ५० हजार रुपैयाँ पर्छ । डर्ट, क्रुजर तथा एड्भेन्चर टुरर मोटरसाइकलका रूपमा यी मोटरसाइकलले नेपाली बजारमा अन्य ब्रान्डसँग प्रतिस्पर्धा गर्ने अनुमान गरिएको छ ।

### बेनेली टीआरके

टीआरके-५०२ बेनेलीको पहिलो एड्भेन्चर बाइक हो । यसमा ५ सय सीसी क्षमताको इन्जिन छ भने ६ वटा गियर छन् । लामो दूरीको यात्राका यसमा २३ सेन्टिमिटरको ग्राउन्ड क्लियरेन्स छ भने यसको इन्धन क्षमता २० लिटर छ । बेनेली टीआरकेको मूल्य १७ लाख रुपैयाँ पर्छ ।




### टीभीएस आरआर ३१०

टीभीएस अपाचे आरआर ३१० मा ३१२.२ सीसी क्षमताको फोरस्ट्रोक, फोरभल्भ सिंगल सिलिन्डर इन्जिन छ । यो बाइकको उच्च गति १ सय ६० किलोमिटर प्रतिघण्टा हो । अपाचे आरआर ३१० को नेपाली बजार मूल्य ७ लाख ८० हजार रुपैयाँ छ ।

यसबाहेक अन्य विभिन्न ब्रान्डका महँगा तथा लोकप्रिय मोटरसाइकल पनि नाडा अटो शोमा उपलब्ध छन् । कावासाकी भर्सिस ६५० को मूल्य १८ लाख ९९ हजार रुपैयाँ छ । केटीएम ३९० ड्युकको मूल्य ८ लाख ३० हजार रुपैयाँ छ । यसैगरी यामाहा आर थ्रीको मूल्य ९ लाख २४ हजार ९ सय, यूएम रेनेगेड स्पोर्ट्स ३०० सीसीको मूल्य ६ लाख २२ हजार, रोयल इन्फिल्ड क्लासिक ५०० को मूल्य ६ लाख ८१ हजार तथा बजाज डोमिनारको मूल्य ५ लाख ८९ हजार ९ सय रुपैयाँ पर्छ ।



# इलेक्ट्रिक कारको सम्भावना



विश्व बजारमै इलेक्ट्रिक कारले बजार लिने सम्भावना देखिइरहेको समयमा नेपालमा पनि केही कम्पनीले इलेक्ट्रिक कार भित्र्याएका छन् । नेपाली बजारमा लोकप्रिय टाटा, हुन्डाई तथा महिन्द्राले समेत यस्ता गाडी उपलब्ध गराइरहेका छन् । रेनल्टले पनि भर्खरै यस्तै गाडी भित्र्याएको छ । महिन्द्राको ईटुओ तथा कियाको ईभी सोल पहिलेदेखि नै नेपाली बजारमा उपलब्ध छन् ।




### महिन्द्राको इलेक्ट्रिक कार ई-भेरिटो

महिन्द्राको इलेक्ट्रिक कार ई-भेरिटोमा ७२ भोल्टको मोटर छ । यो कार एकपटक फुल चार्ज गरेपछि १ सय १० किलोमिटरसम्म गुडाउन सकिन्छ । यो कारमा जडान गरिएको रि-जेनेरेटिभ ब्रेकिङ प्रणालीले पावर तथा ब्याट्री चार्ज गर्छ । त्यसका अतिरिक्त महिन्द्राले ई-भेरिटोमा फास्ट चार्जिङ सिस्टम समेत जडान गरेको छ । यसको सहयोगमार्फत् एक घण्टा ४५ मिनेटमा ८० प्रतिशत ब्याट्री चार्ज हुन्छ । महिन्द्रा ई-भेरिटोको मूल्य २८ लाख ८० हजार रुपैयाँ पर्छ ।

### टाटा टिगोर इलेक्ट्रिक

टाटाले इलेक्ट्रिक कार टिगोर इभी नेपाली बजारमा उपलब्ध गराएको छ । यो कारमा ३० किलोवाटको इलेक्ट्रिक मोटर जडान गरिएको छ भने यसमा सिंगल स्पिड अटोमेटिक ट्रान्समिसनसमेत छ । यो कार ७२ भोल्टको ब्याट्रीद्वारा सञ्चालित हुन्छ । फास्ट चार्जरमार्फत डेढ घण्टामा ८० प्रतिशत चार्ज हुने यसको ब्याट्री नर्मल चार्जरबाट चार्ज गर्दा ६ देखि ८ घण्टामा फुल चार्ज हुन्छ । यो कारको टप स्पिड १ सय ३० किलोमिटर प्रतिघण्टा छ ।

### हुन्डाई आयोनिक इलेक्ट्रिक

हुन्डाईको इलेक्ट्रिक कार आयोनिक मिड साइज सेडान आकारको छ । यो कारमा ८६ किलोवाटको इलेक्ट्रिक मोटर जडान गरिएको छ । यो कारलाई एकपटक फुल चार्ज गरेपछि २ सय २० देखि २ सय ५० किलोमिटर सम्म चलाउन सकिन्छ । यसमा ड्युअल एलईडी लाइट, सुरक्षाका लागि ७ वटा एयर ब्याग, सिक्स ब्रेकिङ सिस्टम उपलब्ध गराइएको छ । ५ सिट क्षमताको यो कारले सेफ्टीमा फाइभ स्टार रेटिङ सहित उत्कृष्ट नतिजा हात पारेको छ । यसको मूल्य (नेपाली बजारमा) ५३ लाख ९६ हजार रुपैयाँसम्म पर्ने बताइएको छ ।

### रेनो जोइ

फ्रान्सेली कम्पनी रेनोले इलेक्ट्रिक कार जोइलाई नाडा अटो शोमा पहिलो पटक सार्वजनिक गरेको छ । अन्तर्राष्ट्रिय बजारमा प्रचलित निसानको इलेक्ट्रिक कार लिफसँग प्रतिस्पर्धा गरिरहेको जोइलाई नेपाली ग्राहकको मनस्थिति बुझ्न ल्याइएको यसको आयातकर्ता कम्पनी एड्भान्स्ड अटोमोबाइल्सले जनाएको छ । त्यसैले अहिले यसको मूल्य सार्वजनिक गरिएको छैन । यो कार दुई फरक ब्याट्री प्याक क्षमतामा उपलब्ध हुन्छ । एउटा २२ किलोवाट क्षमताको ब्याट्रीले फुल चार्जमा १ सय ६० किलोमिटर तथा अर्को ४१ किलोवाटको ब्याट्रीले २ सय ८८ किलोमिटर गुड्न सकिन्छ । यसको फास्ट चार्जर प्रयोग गर्दा ६५ मिनेटमा ८० प्रतिशत ब्याट्री चार्ज हुन्छ ।

### किया सोल ईभी

नेपालमा पहिले देखि नै चल्तीमा रहेको अर्को विद्युतीय गाडी हो कियाको सोल इभी । उच्च प्रविधि जडान भएको सोल इभीको ब्याट्री शक्तिशाली छ र एकपटकको पूरा चार्जमा सोलइभीले १ सय ८० किलोमिटर बाटो तय गर्छ । यो कारमा २७ केडब्ल्युएच लिथियम आयोन पोलिमर ब्याट्री प्रयोग गरिएको छ, जसको पावर ९० किलोवाट छ । यसको ब्याट्री चार्ज स्टेसनको डिसी फास्ट चार्जरबाट ३३ मिनेट तथा एसी फास्ट चार्जरबाट ४ घण्टामा चार्ज हुन्छ । यात्रु एवं चालकको सुरक्षाका लागि यसमा एयरब्यागसमेत समावेश छ । यो कारमा गियरको झन्झट छैन । दुई मोडलमा उपलब्ध किया सोल ईभीको मूल्य ५६ लाख तथा ५८ लाख रुपैयाँ पर्छ ।







# विलासी सवारी...

पृष्ठ २२ बाट

बजारमा इन्ट्री लेभलका १४-१५ लाख रुपैयाँ पर्ने गाडीदेखि ५ करोड रुपैयाँसम्मका महँगा गाडी कुदिरहेका छन् ।

नेपालमा सबैभन्दा बढी चलेका गाडीका ब्रान्डमा मारुती सुजुकी तथा हुन्डाई हुन् । राम्रो रिसेल भ्यालु, नेटवर्क, परसेप्सन, पार्टपुर्जाहरूको उपलब्धता, देशभरि सोरुम सन्जालजस्ता कारणले हुन्डाई र सुजुकीले नेपाली अटो बजारमा आफ्नो वर्चस्व कायम गर्न सकेका हुन् । फोर्ड, भक्सवागन, टाटा तथा टोयोटाले पनि नेपाली बजारमा राम्रो रेस्पोन्स बटुलिरहेका छन् । तुलनात्मक रूपमा सस्तो एवं सडकमैत्री भएका कारण महिन्द्राका गाडी पनि नेपालमा लोकप्रिय छन् । महिन्द्राका बोलेरो, स्कार्पियोजस्ता गाडी उकालो पनि राम्रोसंग चढ्ने भएकाले नेपालीहरूमाझ लोकप्रिय छन् । केही पारखीहरू भने




एलसी खोलेरै भन्सार प्रक्रिया पूरा गरी नेपालमा नभएका महँगा विदेशी गाडी भित्र्याउँछन् । व्यवसायीहरूका अनुसार नेपाली बजारमा ८० प्रतिशत इन्ट्री लेभलका गाडी तथा २० प्रतिशत अन्य गाडी बिक्री हुने गरेका छन्, जसमा हुन्डाईको क्रेटा, सुजुकीको ब्रेजा, फोर्ड इकोस्पोर्ट आदि गाडी बढी बिक्री हुने चारपाङ्ग्रे सवारीमा पर्छन् ।

गाडीको कर बढे पनि गाडी चलाउनेहरूको संख्या निरन्तर उकालो लागिरहेको छ । यातायात व्यवस्था विभागको तथ्यांकअनुसार बितेको २९ वर्षमा नेपालमा दर्ता हुने गाडीको संख्या ३२ लाख २१ हजार ४२ पुगेको छ, जसमध्ये यो अवधिमा विभागमा दर्ता भएका कार, जिप तथा भ्यानको संख्या २ लाख ३७ हजार ६ सय ५८ छ । आर्थिक वर्ष २०६५/६६ देखि आर्थिक वर्ष २०७४/०७५ सम्म कार, जिप तथा भ्यान आयातमा २१ दशमलव ८३ प्रतिशतले वृद्धि भएको पाइन्छ । नेपालमा राजस्व बढी तिर्नेमा अटो व्यवसाय तेस्रो स्थानमा छ । नाडाका अध्यक्ष शम्भुप्रसाद दाहाल अटोमोबाइल बजारको पारदर्शिता, बजार विस्तार, आयस्रोत बढ्नु, क्रयशक्ति बढ्नु, बैंकले ६५ प्रतिशत फाइनान्स गर्नुजस्ता कारणले गाडी चढ्ने नेपालीहरूको संख्या वृद्धि भएको बताउँछन् । 'अटो लोनमा सहजता, बढ्दो आम्दानी, बजारको विस्तारजस्ता कारणले गाडी चढ्ने नेपालीहरूको संख्या वृद्धि भएको हो,' दाहाल भन्छन् । यसबाहेक घरजग्गा र सेयर कारोबारमा भएको वृद्धि एवं वैदेशिक रोजगारीसँगै सडक सन्जालको विस्तार पनि गाडी चढ्नेहरूको संख्यामा वृद्धि हुनुको महत्वपूर्ण कारण हो ।

### मोटरसाइकलको व्यापार खस्कियो

मध्यवर्गीय नेपालीमाझ लोकप्रिय मोटरसाइकलको बजार भने पछिल्लो वर्ष घटेको सरकारी तथ्यांकले देखाएको छ । यातायात व्यवस्था विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७३/०७४ मा ३ लाख ५४ हजार ७१ बाइक यातायात व्यवस्था विभागमा दर्ता भएका थिए भने ०७४/०७५ मा ३ लाख ४१ हजार ६ सय २३ बाइक मात्र दर्ता भए । यो अघिल्लो वर्षको तुलनामा झन्डै ३ दशमलव ५ प्रतिशतले कम हो ।

बाइकको बजार घट्नुको कारण के हो त ? व्यवसायीहरूका अनुसार बैंक तथा कर्पोरेट हाउसहरूमा जागिरको अवसरमा भएको वृद्धि, कूटनीतिक नियोग, एनजिओ, आइएनजिओ तथा मल्टीनेसनल कम्पनीहरूको आकर्षक आम्दानी यसका प्रमुख कारण हुन् । अर्कातर्फ बाइक चढ्ने नेपालीहरू बिस्तारै कारतर्फ आकर्षित हुन थालेका छन्, यद्यपि अहिले पनि महँगा बाइकले समेत आफ्नो बजार विस्तार गरिरहेका छन् । भृकुटीमण्डपमा जारी अटो शोमा ४५ लाख रुपैयाँसम्मका बाइक उपलब्ध हुनुलाई त्यसकै परिणाम मान्न सकिन्छ ।

## कुराकानी

# मदन पुरस्कार आफैंमा ठूलो खुसी हो



नीलम कार्की

पाल्पामा जन्मिएकी नीलम कार्की 'निहारिका' को कर्मथलो हो ! अमेरिका । २०७२ मा मदन पुरस्कारका लागि श्रेष्ठ सात पुस्तकभित्र परेको थियो उनको चिरहरण । यद्यपि मदन पुरस्कार नै हात पार्न उनले दुई वर्ष पर्खनुपऱ्यो । ऐतिहासिक विषयवस्तुमा आधारित नीलमको योगमायाले मदन पुरस्कार प्राप्त गरेपछि उनको चर्चा थप चुलिएको छ । यसअघि उनका हवन (कथा-संग्रह), ब्रेन फिभर (कविता-संग्रह), कागजमा दस्तखत (कथा-संग्रह), नीलम कार्की 'निहारिका' का कविता (कविता-संग्रह), बेली (कथा-संग्रह), अर्की आईमाई (उपन्यास) बजारमा आइसकेका छन् ।

**नेपालको प्रतिष्ठित मदन पुरस्कार पाएपछिको खुसी कसरी साट्नुहुन्छ ?**

मदन पुरस्कारले मलाई दुईवटा खुसी दिएको छ । एक त मदन पुरस्कार आफैंमा ठूलो खुसी हो । अर्को मलाई स्नेह गर्ने मेरा शुभचिन्तक कति हुनुहुँदो रहेछ भन्ने ज्ञान भयो । योगमायाले मदन पुरस्कार प्राप्त गरेसँगै र मसँगै हर्षित मनहरूलाई सम्झँदा मलाई अर्को खुसी मिलेको छ । यद्यपि मेरो खुसी कता-कता अपुरो छ । मेरा दाजु, बुवा र भाउजूलाई सुनाउन, बाँड्न नसक्ने भएपछि हरेक खुसी यस्तै अपूर्ण हुन्छन् मेरा लागि ।

**मदन पुरस्कार पाउँछु भन्ने कल्पना गर्नुभएको थियो ?**

चिरहरण उपन्यास पनि २०७२ को मदन पुरस्कारका लागि श्रेष्ठ सात पुस्तकभित्र परेको थियो । त्यसअघि मदन पुरस्कार गुठीले सर्ट लिस्ट निकाल्ने परम्परा थिएन । चीरहरण उपन्यास त्यतिबेला पुरस्कृत नभए पनि यसपटक कता-कता योगमायाबाट आशावादी थिएँ ।

**योगमाया पात्रमाथि नै उपन्यास लेख्ने सोच कसरी आयो ?**

यो मेरो नितान्त व्यक्तिगत सोचभन्दा पनि दाहाल यज्ञनिधिले मलाई कथा सुनाउनुभएको थियो । कहिलेकाहीं यस्तो लाग्छ, मैले गुरुले दिनुभएको गृहकार्य गरें । योगमाया पुरा गरेर प्रकाशनपश्चात् उहाँको हातमा बुझाउँदा म लगलग कापेकी थिएँ । उहाँले पढेर जुन प्रतिक्रिया दिनुभयो, म अगाडिको लेखनका लागि अझ उत्साहित भएँ । अहिले उहाँ यो दुनियाँमा हुनुहुन्न । यसो सम्झिन्छु, योगमाया उपन्यास नै मेरो गुरुभेटी भयो ।

**योगमाया तयार पार्नुअघि झेलेका अप्ठ्यारा वा सम्झिनलायक केही क्षण बताइदिनुस् न ।**

अप्ठ्याराहरू अवश्य थिए । आफ्नो हालको बसाइ अमेरिका, अनुसन्धान गर्नुपर्ने क्षेत्र भोजपुर । दिन र रातको उल्टो चक्रले पनि दुःख दियो । टेलिफोन सम्पर्कका निम्ति नेपालबाट यो समयमा सम्पर्क गर्नु भनेको समयमा घडीमा अलार्म राखेर सुत्थें । त्यसो गर्दा निदाएका श्रीमान्लाई समेत डिस्टर्व हुन्थ्यो । पछिपछि त फोन गर्ने तालमेल नमिल्दा लेख्ने टेबलमै पर्खिबस्दा आफ्नो निदाउने समय पनि अति कम हुन्थ्यो । जब म भोजपुर पुगें, सानातिना अप्ठ्यारा त्यहाँ पनि थिए । त्यहाँ पुगेपछि योगमायाले तपस्या गरेको ठाउँ अरुणछेउ, मझुवाबेसी पुगेपछि अति आनन्दको अनुभूति भयो । समयले साथ दियो भने त्यहाँ फेरी पुगेर केही समय बस्ने रहर छ ।

**डायास्पोरामा बसेर साहित्य सिर्जनालाई कसरी समय छुट्याइरहनुभएको छ ?**

सबै कुरा मनसँग जोडिने रहेछ । जहाँ इच्छा त्यहाँ उपाय यसै भनिएको होइन रहेछ । लेखनकै निम्ति मैले आफैसँग अन्याय गरेकी छु । रातको निद्रा र तमाम अन्य इच्छाहरूसँग सम्झौता गरेकी छु ।

**तपाई के-का लागि लेख्नुहुन्छ ? आफ्नो रहर मेटाउन, समाज परिवर्तन गर्न कि व्यवसायिकताका लागि ?**


प्रारम्भिक समयमा लेखन मेरो रहर मात्र थियो । आज कलम मेरो जिम्मेवारी हो भन्ने लाग्छ । सामाजिक जिम्मेवारी बोकेको छ, कलमले ।

**लेखनमा आउन चाहने युवाहरूलाई तपाईंको सुझाव ?**

कलमले गर्नुपर्ने काम धेरै छन् । अझ भनूँ भने खनि नसक्ने मेलो छ यहाँ । सँगै मिलेर अक्षरको खेती गरौं, जिम्मेवार भएर ।

## अनुभूति

# आँखाभरि इजरायल





भगवती बस्नेत

आँखाभरि सपनाहरूको बिस्कुन फिँजाएर अनि मनमा अनगिन्ती योजना सम्हालेर इजरायल आएकी थिएँ । कति सपना पूरा भए, कति अधुरै छन् । नेपालको हिमालको हावाको झोंक्काले एकाबिहानै साउती माऱ्यो- अब तिमी आफ्नै देश फर्कनुपर्छ । बाँकी रहेका अधुरा सपना आफ्नै देशमा पूरा गर्नुपर्छ । मैले पनि फर्कने मन बनाएँ । एक दशकभन्दा बढी प्रवासी जीवन बिताएँ । इजरायलमा अशक्तको हेरचाह गर्ने मात्र नभएर साहित्यिक, सामाजिक, सांस्कृतिक क्षेत्रका विभिन्न तह र तप्कामा रहेर काम गर्ने सुनौलो अवसर पाएँ ।

हुन त पराइभूमि जाने न त इच्छा थियो न रहर । नियतिले लेखेको यो कर्मलाई मैले खुसीखुसी अंकमाल गरे । जिन्दगी एउटा सम्झौता न हो, समयले दिएको अवसरलाई यथासक्य उपयोग गरे । सुसारे कर्ममा अभ्यस्त हुने क्रममा लाग्थ्यो, यो पुण्य कर्म पनि हो । अरूको आत्मालाई खुसी बनाउनु, अशक्त, असहाय वा शक्ति क्षीण हुँदै गएका वृद्धवृद्धाहरूको स्याहार गर्ने काम, काम मात्र पक्कै होइन । यसमा कहीं न कहीं हाम्रो आत्मियता जोडिएको हुन्छ । यसमा केही न केही पुण्यभाव मिसिएको हुन्छ । जीवनको उत्तरार्द्धमा पुगेका मानिसहरूको संगतले थुप्रै अनुभव दिलायो । सामाजिक, साहित्यिक कार्यले सधैं हौसल्ला र ऊर्जा थपिरह्यो ।

इजरायल आउने सबैजसो कामदारले सजिलो काम गर्छन्, सबैले राम्रै आम्दानी गर्छन् । तैपनि, यहाँ सबै कुरा सतप्रतिशत नै राम्रा छन् भन्ने पनि होइन । यहाँ पनि काममा विविध समस्या, दुःख अनि हैरानी पनि छन् । चौबीसै घण्टा घरमा बसिरहनु पर्ने हुँदा पिंजडाको सुगा जस्तै भइन्छ । भनेको समयमा छुट्टी नमिल्ने हुँदा गर्छु भनिएका कति काम समयमै गर्न पाइदैन । भेट्छु भनेका साथीभाइ तथा आफन्तसँग भेट्न सकिँदैन ।

अल्जाइमर, डिमेन्सिया जस्ता बिभिन्न किसिमका रोगीसँग बस्दा वा उनीहरूको हेरबिचार गर्दा आफ्नै मनस्थिति बिग्रने डर समेत हुन्छ । यस्तै कामबीच, चारैतिर दुश्मन देशले घेरिएर बसेको इजरायलले गरेको प्रगति देखेर यहाँका मानिसको लगनशीलता ,देश प्रेम र स्वावलम्बन अनि युद्धका आर्तनादमा पनि मानिस खुसीका साथ बाँचिरहेको देखेर पनि धेरै कुरा सिकियो । यस्तो अफ्ठ्यारो परिस्थितिमा पनि इजरायलमा कार्यरत नेपालीहरूले सामाजिक धार्मिक, सांस्कृतिक, साहित्यिक एवं परोपकारि संघ-संस्थामा आबद्ध भएर नेपाली भाषा कला, साहित्य, धर्म एवं संस्कृतिको जगेर्ना गरिरहेका छन् । असहाय दुखी, पीडितहरूलाई आफ्नो कमाइको थोरै हिस्सा भए पनि बाँडेका छन् । छुट्टीमा रमणीय ठाउँहरू घुम्न जाने, नेपाली चाडपर्वहरू मनाउने, समय-समयमा नेपालबाट कलाकारहरू झिकाएर सांस्कृतिक कार्यक्रम गर्ने जस्ता गतिविधिलाई निरन्तरता दिइरहेका छन् । इजरायलमा दुःख गरेर धेरैले आ-आफ्नो घरपरिवारको भविष्य उज्वल बनाइरहेका छन् ।

इजरायल नेपालभन्दा धेरै सानो राष्ट्, त्यसमा पनि चारैतिरबाट दुश्मन देशहरूले घेरिएको । यस्तो अवस्थामा पनि यो देशले आफूलाई सुरक्षित राखी विकास र प्रविधिमा उत्कृष्टता देखाउँदै आएको छ । यहाँका जनताले आफ्नै मेहनत र परिश्रमले मरुभूमिमा हरियाली छरेका छन् । हाम्रो देश नेपालको उर्वर भूमिमा मेहनत र परिश्रम रोप्ने हो भने सुन फल्छ भन्ने कुरा इजरायलले कृषिक्षेत्रमा प्राप्त गरेको उपलब्धि देखेपछि जोकसैले अनुभव गर्न सक्छन् । इजरायलीहरू आपसमा लडाई-झगडा गर्दैनन् र कानुनको अक्षरंश पालना गर्छन् । परेका बेला देशका लागि एकजुट हुन्छन् ।

७० वर्षको छोटो इतिहास भएको इजरायलले हरेक क्षेत्रमा चमत्कारिक प्रगति गरेको छ । इजरायलमा जम्मा २० प्रतिशत जमिन मात्र खेतीयोग्य छ । यति थोरै जमिनमा आधुनिक प्रविधिद्वारा खेती गरेर इजरायलले आफ्नो आवश्यकता पूरा मात्र गर्दैन निर्यात समेत गर्छ । इजरायलको कृषि विकासमा सरकारी नीतिको ठूलो योगदान छ । इजरायलमा किबुच र मुसाफ गरी दुई प्रकृतिका कृषि समुदाय छन् । किबुचमा उत्पादनका साधनमा समुदायको अधिकार हुन्छ । समुदायका हरेक व्यक्तिले गरेको मेहनतबाट हरेक व्यक्ति लाभान्वित हुन्छन् । मोसाफअन्तर्गत भने हरेक घर-परिवारको आ-आफ्नो खेती हुन्छ । त्यसमा सबैले आ-आफू खेती गर्छन् । बिक्री वितरण तथा बजारीकरणमा भने सहकारीको संलग्नता हुन्छ ।

आधुनिक कृषिऔजार, थोपा सिँचाइ प्रविधि, दक्ष जनशक्ति तथा व्यवस्थित खेतीप्रणालीद्वारा थोरै जमिनमा धेरै उत्पादन, आधुनिक औजारले उत्पादन लागतमा कटौती एवं कम शारीरिक परिश्रम जस्ता थुप्रै कुराले गर्दा इजरायल आज कृषिमा अब्बल देशहरूमध्ये एक मानिन्छ । कृषिप्रधान देश भएर पनि हाम्रो देश नेपाल कृषिमा निकै पछाडि परेको छ । उर्वर जमीन, सिँचाइका लागि प्रशस्त पानी, हरेक प्रकारको खेतीका लागि सुहाउँदो हावापानी, खेतीमा काम गर्ने प्रशस्त युवा जनशक्ति हुँदाहुँदै पनि हामी वार्षिक डेढ खर्ब रुपैयाँबराबरको कृषिजन्य उत्पादन आयात गरिरहेका छौं । देशको अर्थतन्त्र बलियो बनाउन आधुनिक कृषि प्रणालीमार्फत् देशमा आर्थिक क्रान्ति ल्याउनुपर्छ । कृषि हाम्रो अर्थतन्त्रको बलियो आधार हुनसक्छ ।

दिनहुँ बिदेसिइरहेका हजारौं युवालाई रोक्न र तत्काले रोजगारी सिर्जना गर्न सकिने क्षेत्र कृषि नै हो । सरकारले कृषिलाई प्राथमिकतामा राखेर काम गर्ने हो भने नेपाल केही बर्षमै कृषि उत्पादनमा आयातमुखी नभई निर्यातमुखी हुनेछ ।

इजरायल महिलाहरूका लागि सुरक्षित र आकर्षक गन्तव्य हो । आम्दानीको हिसाबले पनि इजरायल अतुलनीय छ । इजरायल महिलाहरूका लागि सुरक्षित छ । यहाँ महिलाहरू हिंसा अनि शोषणमा पर्दैनन् । इजरायलीहरू बेला-बेलामा भन्छन् 'इजरायलसँग पहिले केही थिएन, न खानी थियो न पानी । हामीले धेरै दुःख कष्ट झेल्यौं । हामीसँग केही थियो भने मानिसहरू धेरै मेहनति थिए । आजको इजरायल प्रकृतिले बनाएको होइन, मानिसले नै बनाएका हुन् ।

इजरायलको सामर्थ्य धेरै माथि पुगिसकेको छ । यहाँ आज नेपाली युवा-युवतीहरू इजरायली वृद्धवृद्धा तथा बालबालिका स्याहार-सुसार एवं कृषि कर्ममा संलग्न छन् । हामीसँग पनि यो देशका मानिसकै जस्तो मेहनत-लगन एवं देशभक्ति छ । यदि राम्रा नियम-कानुन बनाउन सके देशका युवा शक्ति देशमै खपत गर्न सकिन्छ । म आँखाभरी इजरायलको विकास, यहाँको प्रविधि तथा साथीभाइको आत्मियता बोकेर मातृभूमिमा फर्कँदै छु । केही नयाँ नौलो कार्य आफ्नै देशमा गर्ने अभिलाषाका साथ ।

भाग्य

# अमेरिकामा आठ गोली खाएर बाँचेकी रचना







एउटै गोलीले धेरैको ज्यान गएको सुनेकी थिएँ, रचना भन्दै थिइन्- आठवटा गोली खाएर पनि कसरी बाँचें, थाहा छैन । भाग्यले मलाई नयाँ जीवन दिएको छ । उपचारमा खटिने चिकित्सकको उपचारकै कारण सास धानिएकोमा उनले आफूलाई भाग्यमानी सम्झिएकी छिन् । घटनापछि सहयोग गर्ने स्वदेशी तथा विदेशी सबैलाई आफूले कहिल्यै बिर्सन नसक्ने रचनाले बताइन् ।

शिव शर्मा

दुई वर्षको नाबालक छोरा अनि श्रीमान्का साथ अमेरिका आएकी थिइन् ३० वर्षीया रचना श्रेष्ठ । उनको परिवारलाई डिभी अर्थात् ग्रिनकार्ड लोटरीले स्थायी बसोबासका लागि अमेरिका आउने ढोका खोलेको थियो । ११ महिनाअघि काभ्रेको पनौतीबाट आएको श्रेष्ठ परिवार ओक्लोहामा राज्यको अटोकामा बस्न थाल्यो । संघर्ष गर्दै अघि बढेको त्यो सानो परिवार खुसी नै थियो, तर गत साउन ७ गते उनीहरूको त्यो खुसीमा अनायसै कालो बादल मडारियो । घरनजिकैको ग्याँस स्टोरमा काम गर्ने क्रममा दिनदहाडै एक १८ वर्षीय अश्वेत अमेरिकी युवाले रचनामाथि जथाभावी गोली बर्सायो । आठवटा गोली खाएकी श्रेष्ठ स्टोरकै भुइँमा ढलिन् । बेलैमा अस्पताल पुर्‍याइएकीले धन्न उनको प्राण गएन । त्यतिबेला उनी ह्यान्डी मार्ट स्टोरमा काम गर्थिन्, जुन स्टोर नेपालीले नै सञ्चालन गर्दै आएका थिए । स्थानीय सहयोगी शिव सिलवालले स्टोर सञ्चालकसँग भेट गराई उनलाई उक्त काममा लगाइदिएका थिए ।

गाडीको लाइसेन्स, काम अनि अरू धेरै कुराको सहजता देखेर उनीहरूले आफ्नो बसाइका लागि अक्लोहामा राज्यको सानो गाउँ अटोका रोजेका थिए । त्यहीं काम गर्दागर्दै दुवैले गाडीको लाइसेन्स पनि निकाले । घरनजिकै पाँच मिनेटको ड्राइभमा काम पनि पाए । पति-पत्नीले एउटै स्टोरमा काम सुरु गरे । रचना बिहान ६ बजेदेखि दिउँसो १ बजेसम्म काम गर्थिन् । धेरै नेपालीले अमेरिकामा सुरु-सुरुमा यस्तै स्टोरको काम रोज्छन् । उनले पनि भाषा छिटो सिकिने देखेर स्टोरको काम रोजिन् । अंग्रेजी भाषा राम्रो होला भनेर ग्याँस स्टोरमा काम थालें, घटनाको बेलीविस्तार लगाउँदै रचनाले भनिन्- स्टोर खासै व्यस्त नहुने भएकाले काम पनि सजिलै थियो ।

स्टोरमा आउने ग्राहक पनि राम्रै थिए । घटनाको दिन उनको काम सकिन एक घण्टा मात्र बाँकी थियो । आफ्नो काम सकेपछि अमेरिकामा जोकोहीले पनि आफूले काम गरेको कार्यालय वा स्थान सरसफाइ गरेर छोड्नुपर्ने हुन्छ । रचनाले पनि ग्राहकको भीड पातलिएपछि मध्याह्न १२ बजेतिर स्टोरको सरसफाइ थालिन् । त्यस क्रममा उनले स्टोरका लागि आएको सामानको ‘डेलिभरी’ पनि लिइन् ।

त्यहीबेला ६ जना ग्राहक उनको स्टोरमा प्रवेश गरे । ती ६ जनामध्ये एक जना बाथरुम पसेको थियो । पाँच जनालाई सेवा दिएपछि उनी फेरि सरसफाइमा जुटिन् । बाथरुम छिरेको ग्राहक आउला भन्ने सोच्दै उनी कामतिरै लागिन् । सफाइ गर्ने क्रममा बाथरुममा छिरेको कालो वर्णको केटोले हात सफा गरिरहेको उनले देखेकी थिइन् । उनले त्यो कालो वर्णको केटो ग्राहक होइन, लुटेरा हो भन्ने पत्तो पाइनन् । उसले लुकेर उनको गतिविधि नियालिरहेको रहेछ । उक्त केटो हतियारसहित योजनाबद्ध तरिकाले स्टोरमा पसेको कुरा रचनाले पछि मात्र थाहा पाइन् । जब उनी स्टोरको काउन्टरतर्फ फर्केर सरसफाइ गर्दै थिइन्, त्यही बेला त्यो कालो केटोले बाथरुमबाट निस्केर उनको पछाडि दायाँतर्फ गोली बर्साउन थाल्यो । पहिलो गोली लागेपछि एक्कासि करेन्ट लागेजस्तो भयो, रचना भन्छिन्- उसले ढाडमा गोली बर्सायो अनि म भुइँमा लडें । खुट्टा उचाल्न खोजें तर सकिनँ । ढाड, गाला, पिठ्युँ, पाखुरा, कम्मर तथा खुट्टा सबैतिर गोलीले छिया-छिया बनायो । यति धेरै गोली खाइसक्दा फतक्कै गलेजस्तो भए पनि बेहोस भने नभएको उनले बताइन् ।

त्यसपछि गोलीको दुखाइले ऐया-आत्थु भन्दै चिच्याउन थालिन् । त्यही बेला अरू ग्राहक स्टोरमा आएकाले गोली बर्साउने लुटेरा कुलेलम ठोकेको थियो । त्यसपछि उनी थप गोली खानबाट जोगिइन् र रचनाले घरमा रहेको तीन वर्षको छोरो अनि श्रीमान्लाई सम्झिइन् । त्यति धेरै गोली लागेपछि उनलाई बाँच्छु जस्तो रत्तिभर लागेको थिएन । गोली लागेर ढलेपछि– घरमा मेरो सानो बच्चा छ, मलाई छिटो अस्पताल पुर्‍याऊ भन्दै उनले स्टोरका पूर्वपरिचित नियमित ग्राहकसमक्ष बिन्ती गरेकी थिइन् । उनलाई गोली लागेको केही समयमै एम्बुलेन्स आइपुग्यो । घटना घटेको आठ मिनेटमै उनलाई नजिकैको अस्पताल पुर्‍याइयो । एम्बुलेन्सभित्र उनको हेरचाहका लागि बसेका नर्सलाई आफ्नो मोबाइलमा भएको श्रीमान्को नम्बरमा फोन गरेर घटनाका बारे जानकारी दिन लगाइन् । घटना थाहा पाएपछि उनका श्रीमान् कपिल श्रेष्ठ एम्बुलेन्सभन्दा पहिल्यै अस्पताल पुगिसकेका थिए । श्रीमान्लाई देखेपछि उनले केही राहत महसुस गरिन् । उनको खुट्टा चलिरहेको थिएन । मुखबाट समेत रगत बगिरहेको थियो । त्यस्तो अवस्थामा उनलाई बाँचुलाजस्तो लागिरहेको थिएन । रचनाले सहयोगी छिमेकीको घरमा रहेको तीन वर्षको कलिलो छोरालाई सम्झिइन् । मलाई केही भयो भने छोराको अवस्था के होला भनेर आत्तिएँ, उनले त्यो समय सम्झँदै भनिन्- त्यसले मेरो पीडा अझ थपेको थियो । सबैभन्दा धेरै त छोराकै माया लागेर आयो ।

अस्पतालमा उनको अवस्था गम्भीर देखिएपछि उनलाई थप उपचारका लागि हेलिकप्टरबाट नजिकैको टल्सा सहरस्थित सेन्ट फ्रान्सिस अस्पताल पुर्‍याइयो । उनको ढाडबाट छिरेको गोली आन्द्रा, फोक्सो तथा पाठेघरमा समेत पुगेको रहेछ । स्टोरनजिकैको अस्पताल पुग्दा उनलाई केही होस थियो, तर हेलिकप्टरबाट अर्को अस्पताल पुर्‍याउँदा भने उनले आफूलाई केही पत्तो नभएको बताइन् । गोलीले कमजोर बनाएकाले उनी बेहोस भएकी थिइन् । बेलैमा अस्पताल पुर्‍याएर राम्रो उपचार पाएकाले रचनाको ज्यान बच्यो । एउटै गोलीले धेरैको ज्यान गएको सुनेकी थिएँ, रचना भन्दै थिइन्- आठवटा गोली खाएर पनि कसरी बाँचें, थाहा छैन । भाग्यले मलाई नयाँ जीवन दिएको छ । उपचारमा खटिने चिकित्सकको उपचारकै कारण सास धानिएकोमा उनले आफूलाई भाग्यमानी सम्झिएकी छिन् । घटनापछि सहयोग गर्ने स्वदेशी तथा विदेशी सबैलाई आफूले कहिल्यै बिर्सन नसक्ने रचनाले बताइन् ।

अस्पतालमा झन्डै १५ दिनको उपचारपछि उनी घर फर्किइन् । अहिले पनि उनी अरूको सहाराबिना हिँडडुल गर्न सक्दिनन् भने घरभित्र भित्ता समाएर हिँड्छिन् । श्रीमान् कपिलले नै उनको स्याहारसुसार गरिरहेका छन् । कम्मर, गाला तथा घाँटीमा लागेको गोली त अझै निकालिएको छैन । अझै पनि उनको शरीरको पीडा बिसेक भएको छैन । उनको उपचार गरिरहेका चिकित्सिकले सात-आठ महिनासम्ममा उनी पूर्ण स्वस्थ हुने वा त्यसभन्दा पनि लामो समय लाग्न सक्ने कुरा बताएका छन् । दुखाइ कम गर्न तथा आरामका लागि उनी दैनिक पाँच पटक ‘हाइडोज’ को पेनकिलर खान्छिन् । दबाई खाइनन् भने उनी दुखाइले रातभर निदाउन सक्दिनन् । गोलीले शरीर थिलथिलो भए पनि रचना अहिले बोल्न सक्ने र अरूको सहारामा घरभित्र सामान्य हिँड्न सक्ने भएकी छिन् । उनमा छोराका लागि जिउने आशा बढेर आएको छ ।

घटना घट्नुअघि उनीहरूले ओक्लोहामाबाट नेपालीहरूको बाक्लो बसोबास रहेको नजिकैको राज्य टेक्सासको अर्भिङमा बसाइँ सर्ने तयारी गरेका थिए । अपार्टमेन्ट बुक भैसकेको थियो । गएको अगस्ट १७ मा सर्ने तयारी गरिरहेका बेला जुलाई २३ मा उक्त दुःखदायी घटना घट्यो । घटनापछि उनीहरूले अपार्टमेन्टको बुकिङ रद्द गराए । सबै व्यवस्था सहज हुँदै बसाइ सर्न लाग्दाको उक्त घटनाले उनीहरूको सपना चकनाचुर पारिदियो । घरमै स्वास्थ्य लाभ गरिहेकी रचनाले भावुक हुँदै भनिन्– कति सपना सँगालेका थियौं, तर सबै यो घटनाले उडाइदियो । पहिलेजस्तो सामान्य जीवन त नहोला, तैपनि कहिलेसम्म यसरी पीडा सहेर अनि पेनकिलर खाएर जिउनुपर्ने हो, थाहा छैन ।

घटनालगत्तै अमेरिकामा रहेका नेपालीहरूले उनको जीवनरक्षाका लागि सहयोग जम्मा गरे । सहयोगका लागि गरिएको याचनासहितको ‘गो फन्ड’ मा झन्डै ७३ लाख रुपैयाँ जम्मा भयो । कल्पनै नगरेको घटना घट्यो, श्रीमान् कपिलले भने– यति ठूलो घटनामा परे पनि उनको ज्यान बच्यो, छोरा र मेरा लागि यो नै ठूलो खुसी बनेर आएको छ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## मेष

अभिभावकको सुझावलाई ख्याल गरे प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। होसियारीपूर्वक काम गर्न सके धन आर्जनसमेत गर्न सकिएला। जिम्मेवारीको काममा विवेक पुऱ्याउनुपर्नेछ। राम्रो अवसर प्राप्त हुन सक्छ। साथीहरूले खर्च गराउने चेष्टा गर्नेछन्। पूण्य कार्यतर्फ आकर्षित भइनेछ।

## वृष

मनले नसोचेका स्थानको भ्रमण गर्दै स्वादिष्ट परिकारको आनन्द लिन पाइनेछ। रचनात्मक कार्य गरी हितैषीहरूको मन जित्न सकिनेछ। अध्ययनका लागि विदेश यात्राको अवसर जुट्न सक्छ। साताको अन्त्यतिर खर्च वृद्धि भै ऋणको चपेटामा पर्न सकिन्छ।

## मिथुन

आफ्नो दृढताकै कारण प्रतिस्पर्धामा जित हात पर्नेछ। आलोचना गर्नेहरू प्रशंसा गर्न थाल्नेछन्। काममा देखा पर्ने स-साना त्रुटिले मर्यादामा आँच पुऱ्याउन सक्छ। कार्य सम्पादन गर्दा विशेष होसियारी अपनाउनुहोला। सुनौलो रंगको प्रयोग फलदायी साबित हुनेछ।

## कर्कट

योग तथा ध्यानले दुर्भावनाहरू समाप्त गर्नेछ भने भावी मार्ग पहिल्याउन सहज हुनेछ। असहज परिस्थितिलाई नियन्त्रण गर्न सके लाभसमेत हुन सक्छ। विशेष भेटघाटको फाइदा उठाउँदै नयाँ काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। साताको अन्त्यमा पश्चिमतर्फको यात्रा लाभदायक होला।

## सिंह

उच्च ओहदाका व्यक्तिहरूले निगरानी गरिरहेका छन्, सर्तकता अपनाउनुहोला। विवेक पुऱ्याएर कार्य गरे उचित स्थान प्राप्त हुनेछ। बाहिरी कुरामा विश्वास गरी प्रेमी-प्रेमिकाले चित्त दुखाउँदा आफैंलाई पनि निराशाले सताउनेछ। सोमबारपछि स्थिति सामान्य होला।

## कन्या

सफलताका लागि कडा मेहनत गर्नुपर्नेछ। अध्ययनमा बाधा खडा हुनुका साथै आफ्नो बोलीको आलोचना हुनसक्छ। चोटपटक लाग्ने सम्भावना टरिसकेको छैन। पश्चिम तर्फको यात्रा फाइदाजनक हुनेछ। एकल निर्णयमा सम्पन्न गरिएका कार्यमा सफलता प्राप्त होला।

## तुला

आफ्नो नयाँ परिचय स्थापित गर्न सकिनेछ। गुणस्तरीय व्यवसाय सुरुवात गर्न साझेदारहरूबीच मत मिल्नेछ। सघाउन आउने आफन्तले नै षड्यन्त्र गर्न सक्छन्, सचेतना अपनाउनुहोला। मनोरञ्जन तथा भोजभतेरमा सहभागि हुँदा स्वास्थ्यको ख्याल गर्नुपर्नेछ।

## वृश्चिक

सहपाठी मित्रहरूबीच कार्यगत एकता भै नयाँ कामको श्रीगणेश हुनेछ। आकर्षक रोजगारी हात लाग्दा मनमा सन्तोष छाउनेछ। विदेश यात्राको अवसरसमेत जुर्नेछ। मनोरञ्जक क्रियाकलापमा सहभागी हुँदा विशेष ध्यान पुऱ्याउनुहोला। अरूको प्रशंसासमेत बटुल्न सकिनेछ।

## धनु

हूलमूलमा जीउ-धन जोगाउने चेष्टा गर्नुहोला। पारिवारिक खिचतानीका कारण सम्पन्न भैसकेको काम पनि ओझेलमा पर्न सक्छ। पैतृक सम्पत्तिको उपयोगबाट अतिरिक्त फाइदा उठाउन सकिनेछ। प्रेम सम्बन्धमा सावधानी अपनाउनुपर्नेछ। रात्रिको यात्रा गर्दा चिसोबाट जोगिनुहोला।

## मकर

प्रशस्त आम्दानीले परिवारबाट प्रशंसा दिलाउनेछ। भावी कार्ययोजनामा प्रेमी-प्रेमिकाले समर्थन जनाउनेछन्। गोपनीयता अवलम्बन गरे दैनिकी सहज होला। दान-पुण्य आदिले व्यवसाय स्वत: उचाइमा पुग्नेछ भने रोकिएका कामसमेत सम्पन्न हुनसक्छन्। स्वास्थ्यमा ध्यान पुऱ्याउनुपर्नेछ।

## कुम्भ

विभिन्न निकायबाट रोजगारीको प्रस्ताव प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। मौसमी फेरबदलले स्वास्थमा असर पार्न सक्छ। सोमबार तथा मंगलबार सतर्कतापूर्वक कार्य गर्नुहोला। मठ मन्दिरको यात्रामा समय खर्चदा तनावमुक्त भइनेछ। साताको अन्त्यमा फजुल खर्चले पिरोल्नेछ।

## मीन

आकर्षक पहिरनबाट अरुको मन लोभ्याउन सकिनेछ। रोकिएका काममा पुन: प्रयत्न गर्दा सफलता प्राप्त होला। पाहुनासँग रमाउँदै विशेष परिकारको आनन्द लिन पाइनेछ। लगानीले गतिलो आम्दानी हात लागाउनेछ। साताको अन्त्यमा सार्वजनिक कार्यक्रममा सहभागी हुने अवसर जुट्नेछ।

### यो साता

**भदौ २९ गते**
राष्ट्रिय बाल दिवस
ऋषि पञ्चमी

**भदौ ३१ गते**
विश्व ओजोन तह
बचाउ दिवस

**असोज १ गते**
विश्वकर्मा पूजा
राष्ट्रिय चलचित्र दिवस

**असोज ३ गते**
संविधान दिवस

**असोज ४ गते**
हरि परिवर्तिनी एकादशी

**अब हाम्रो पालो**

# कम पढेका व्यक्तिहरू किन राजनीतिमा लाग्छन् ?

पढेलेखेकाहरूजति अस्ट्रेलिया-अमेरिका भासिन्छन्। बचेखुचेकाहरू विज्ञान र म्यानेजमेन्टतिर अल्झिन्छन्। अनि को लागोस् त राजनीतिमा ?

**प्रवेश नेपाल**

धेरै पढेकाहरू घमन्ड देखाउँछन्। त्यही भएर हो कि ?

**सुरेश गुरुङ**

यो प्रश्न त सीधा प्रधानमन्त्रीसँग सोध्नुपर्ने।

**रमन एस कार्की**

दादागिरी देखाउन र भ्रष्टाचार गर्न।

**भूपेन्द्र बरुवाल**

पढेलेखेकाहरू त सहमति, छलफल अनि सहकार्यमा जान्छन्, त्यसपछि झगडा हुँदै हुँदैन तर राजनीतिमा झगडा-विवाद आदि भएन भने राजनीतिको के अस्तित्व भयो र ?

**हिमाल खतिवडा**

नपढेका मानिस राजनीतिमा लाग्नुको कारण हो :

१. पढेकाले भन्दा धेरै तनखा पाउनु
२. पढेकाले भन्दा बढी मान-मनितो पाउनु
३. शरीरलाई पर्याप्त मात्रामा आराम दिन पाउनु
४. आफूसँग पैसा नभए पनि करोडको कारमा घुम्न पाउनु।

**कृष्णबहादुर**



राजनीतिमा जनतालाई लुटेर जम्मा गरेको पैसाले ऐस-आरामको जिन्दगी बिताउन पाइन्छ। यहाँ न कानुन लाग्छ न त कसैको डर नै छ अनि किन पढ्नु पऱ्यो र ?

**आरजेकुमार गौतम**

किनभने राजनीति गर्न कुनै शैक्षिक योग्यता चाहिँदैन।

**सन्दीप सुवाल**

फुर्सदिला हुन्छन्। उनीहरू व्यवहारिक राजनीतिमा अब्बल हुन्छन्, न कि कोर्सको कुरामा।

**कुमार देवकोटा**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
> १. कम पढेका व्यक्तिहरू किन राजनीतिमा लाग्छन् ?

पढेलेखेका व्यक्तिलाई आफूभन्दा तल राख्न।

**द्रोणाचार्य अज्ञात**

अशिक्षित, बेरोजगार अनि नराम्रो छवि भएका व्यक्तिहरू ले गर्ने भनेको राजनीति, चम्चागिरी, दादागिरी आदि नै हो शिक्षितहरूका लागि खाडी छँदैछ नि।

**सरोज**

पढेकाहरू पढेका पढै हुन्छन्। नपढेकाहरूको हातमा काम हुँदैन, त्यसैले राजनीतिमा लाग्छन्।

**डल्ली कान्छी**

ठूलाबडाको संगत भएर होला।

**सुचन्द्र लामा**

पढेका मानिसभन्दा ठूलो बन्न।

**संरक्षण लम्साल**

राजनीति आफैंमा कम पढ्नेहरूको उच्च शिक्षा हो।

**उत्तम थापा**

अन्यत्र जागिर नपाएर।

**मुकुन्द योगी**

अरू काम नभएर।

**नरेशसिंह भण्डारी**

खाने बाटो गर्नु परेन ? नत्र के खाएर बाँच्छन् त ?

**जेएन केसी**

सात पुस्ताका लागि पुग्ने धन सजिलै कमाउन।

**जनक भट्टराई**

नपढेको व्यक्तिको बाहुल्य भएको हो, तर कम पढेका व्यक्ति मात्र राजनीतिमा लाग्छन् भन्न मिल्दैन, अहिले राजनीतिमा बौद्धिक वर्गको पनि राम्रै उपस्थिति छ।

**कपिल पौडेल**

पढेलेखेका मानिस राजनीतिमा आउँदैनन्, त्यसैले नपढेकाहरूले राजनीति गर्छन्।

**नसिम**

विगतको इतिहास नेता भनेको विद्रोही गर्न सक्ने, जेल-नेल जान सक्ने, भत्काउन सक्ने हुन्थ्यो। आज राजनीतिमा अर्को पुस्ता तयार नहुँदा तिनै पात्रको हालिमुहाली छ, जसले पढ्न पाएनन्। पढेलेखेका मानिसहरू राजनीतिमा सक्रिय नहुने कारण राजनीतिमा लागेपछि पढाइ छोड्नु पनि हो।

**रवि किरान हमाल**

पढाइ नै ठूलो कुरा होइन, दिमाग खुस्किएकाहरू पनि राजनीतिमा लागेर पो आपत छ त यहाँ।

**डियर विद्या**

निश्चित शैक्षिक आधार नभए पनि गफ लाएरै पुग्ने भएकाले।

**बत्तीमुनिको अँध्यारो**

किनभने पद पाउन लोकसेवा आयोगको परीक्षा दिनुपर्दैन। बरु नियुक्ति दिन बसेकाहरूलाई नै उल्टो आफैंले नियुक्ति दिन पाइन्छ।

**किरन बराल**

के असल नेतृत्व गर्न शिक्षाको आवश्यकता छ ?

**विचार**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * * * * *
नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २४ वर्षीय विवाहित पुरूष हुँ । मेरो विवाह भएको ५ वर्ष भयो । मेरो ४ वर्षको एउटा छोरा पनि छ । म आफ्नो जागिरको सिलसिलामा प्रायः बाहिर नै रहन्छु । म र मेरी श्रीमतीबीच साधारणतः शारीरिक सम्बन्ध भैरहेकै हुन्छ । कुनै समय कार्यव्यस्तताले अलि लामो समय घर जान नपाउँदा म हस्तमैथुन पनि गर्छु । पछिल्लो समय लगभग २-४ महिनादेखि हस्तमैथुन गर्दा मेरो वीर्यमा तरल पदार्थका साथ-साथै ठोस पदार्थ (भातको सिताजस्तो) देखा पर्छ । यो कुन कारणले देखा परेको हो ? उक्त ठोस पदार्थ देखा पर्नु कुनै यौन समस्या हो कि ? साधारण अवस्थामा वीर्यको अवस्था कस्तो हुनुपर्छ ? यदि मेरो समस्या रोग नै हो भने मैले के गर्नुपर्छ ?

**एसके**





तपाईंले कार्यव्यस्तताका बाबजुद यौन कार्यमा संलग्न भएर यौन आनन्द उठाउँदै आउनुभएको कुराले खुसी लागेको छ । श्रीमतीसँग यौनसम्पर्क गर्न नपाएका बेला हस्तमैथुनजस्तो वैकल्पिक उपाय अपनाउनु पनि एउटा राम्रो कदम हो । वैवाहिक सम्बन्धमा गाँसिएर पनि हस्तमैथुनमार्फत यौनेच्छा पूरा गर्दा वैवाहिक सम्बन्धमा जटिलता सिर्जना हुने स्थिति हुँदैन । यौनेच्छा शान्त पार्न अन्य व्यक्तिको सामीप्यता खोजियो भने त्यसले समय र पैसा दुवैको खति गर्छ । त्यस्ता सम्बन्धलाई लुकाउन पनि निकै कठिन हुन्छ भने हस्तमैथुन गर्दा यौनसंक्रमण हुने खतराबाट समेत जोगिन सकिन्छ ।

### वीर्य के हो ?

यौन उत्तेजनालाई निरन्तरता दिइएको स्थितिमा चरमसुख प्राप्त हुने हाराहारीमा मूत्रद्वारबाट एक प्रकारको सेतो तरल पदार्थ निस्कन्छ जसलाई वीर्य भनिन्छ । एकपटकमा यस्तै ३ देखि ५ मिली (अर्थात् १ चियाचम्चाजति वीर्य निस्कन्छ । यही वीर्यमै शुक्रकीट हुन्छन् । तपाईंलाई थाहै होला, मूत्रथैलीको मुनि दुईतिर वीर्य थैली हुन्छन्, यसैको रस नै वीर्यको मुख्य अंश (४६ देखि ८० प्रतिशत) हो भने यसमा पौरुष ग्रन्थिको रस पनि पर्याप्त मात्रामा (१३ देखि ३३ प्रतिशत) हुन्छ । अण्डकोष तथा इपिडिडाइमिस (अण्डकोषसँगै जोडिएको एक भाग) बाट आउने रसको मात्रा यस्तै ५ प्रतिशत हुन्छ भने मूत्रनलीका अन्य ग्रन्थीबाट आउने रस त्यसभन्दा पनि कम हुन्छ ।

### वीर्य कस्तो हुन्छ ?

सामान्य रूपमा यौनसम्पर्क गर्दा योनिभित्र नै वीर्य स्लखन गरिँदा वीर्य कस्तो हुन्छ भन्ने कुरामा खासै चासो नहुन सक्छ, तर हस्तमैथुनका बेला वीर्य स्खलन प्रत्यक्ष रूपमा देखिने भएकाले चासो हुनसक्छ । अब स्वस्थ वीर्य कस्तो हुन्छ हेरौं ।

वीर्यको रंग सामान्यतया धमिलो किसिमको सेतो-सेतो हुने भए पनि हल्का पहेँलो वा खरानी रंगको पनि हुनसक्छ । यसको गन्ध विशेष किसिमको हुन्छ र क्लोरिनको गन्धसंग मिल्दोजुल्दो हुन्छ । स्वादमा यो हल्का गुलियो हुन्छ तर भोजनदेखि लिएर अन्य कतिपय कुराले यसको सुवासमा विविधता ल्याउन सक्छ । यो क्रिम वा जेली जस्तै वनावटको र केही च्यापच्यापे प्रकृतिको हुन्छ । यो व्यक्तिअनुसार र एकै व्यक्तिमा पनि फरक-फरक हुनसक्छ । यसको स्वरूप, गन्ध, रङ्ग अनि स्वाद आदि कुरामा विविधता पाइन्छ । यस्तो विविधता पाइने कारणमा तापक्रम, शारीरिक क्रियाकलाप, भोजन तथा केही समयअघि मात्र वीर्य स्लखन गरिएको जस्ता कुराको प्रभाव पर्छ ।

### भातको कनिका जस्तो किन ?

वीर्य स्खलन भएको केही समयपछि त्यसमा परिवर्तन देखा पर्छ । वीर्य स्खलन हुँदा यो केही बाक्लो हुन्छ र केहीबेर पछि नै पातलिने क्रम सुरु हुन्छ । स्खलन हुनासाथको अवस्थामा वीर्य बाक्लो र निकै च्यापच्यापे अनि स-साना दानाजस्तो हुन्छ । यस्तो प्रकृतिको वीर्य योनिमै टाँसिने र सजिलै बाहिर नआउने हुँदा प्रजनन प्रक्रियामा सकारात्मक असर पर्छ । अब त तपाईंले बुझि नै सक्नुभयो होला कि वीर्य तपाईंले भन्नुभएजस्तो कनिकाजस्तो देखिनुले कुनै खराबी वा यौनरोग भएको कुरालाई संकेत गर्दैन । त्यसैले यस विषयमा अनावश्यक चिन्ता नलिए हुन्छ ।

### के कस्तो स्थितिमा चिन्ता गर्नुपर्छ ?

तपाईंले वीर्यसँग सम्बन्धित जिज्ञासाबाहेक अन्य केही समस्या वा लक्षणको कुरा लेख्नुभएको छैन । यौन रोगको शंका व्यक्त गर्नुभए पनि वास्तवमा यौन रोग भनेको यौनसम्पर्कका माध्यमबाट सर्ने विभिन्न संक्रमणहरूको समूह हो । तपाईंहरू दुवैमा यौन रोगको संक्रमण नभएको स्थितिमा अन्य कुनै व्यक्तिसँग यौनसम्पर्क नभए यी रोग तपाईंलाई सर्ने वा लाग्ने कुरै भएन ।

विशेष गरी वीर्यमा आएको परिवर्तनसँगै यदि दुख्ने, ज्वरो आउने, यौन उत्तेजना वा यौनकार्यमा समस्या, पिसाबमा रगत देखिने वा लिङ्गबाट असामान्य रस वा पीपजस्तो आएको स्थिति छ भने चिन्ताको विषय हुनसक्छ । यस्ता लक्षणले यौनाङ्ग तथा प्रजनन अङ्गमा केही खराबी वा संक्रमणलाई संकेत गर्छन् ।


यस्ता लक्षण देखिएको स्थितिमा भने चिकित्सकको सल्लाहमा परीक्षण गराउनुपर्छ र त्यसैअनुरूप उपचार गर्नुपर्छ । यस्ता लक्षण वा समस्या छैनन् भने अनावश्यक रूपमा चिन्ता नलिई मज्जाले यौन आनन्द लिए हुन्छ ।

### सूचना

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह

# यौन सपना



डा. सुमनराज ताम्राकार

निदाइरहेका बेला यौनसम्बन्धी सपना देख्नु स्वभाविक हो । यौन सपनाका क्रममा स्वप्न दोष हुनसक्ने भए पनि यी दुवै फरक-फरक कुरा हुन् । सधैंजसो र सबैको स्वप्न दोष हुनैपर्छ भन्ने छैन । कतिपय बेला अर्धचेतन अवस्थामा लिंग उत्तेजना मात्र पनि हुनसक्छ ।

उमेर पुगेपछि करिब ५० प्रतिशत व्यक्तिले एक न एक पटक यौन सपना देखिसकेका हुन्छन् । किशोरावस्थामा बढी देखिने यौन सपना तथा स्वप्न दोषको घटना व्यक्तिअनुसार फरक-फरक हुनसक्छ । पुरुषका साथै महिलाले पनि यौन प्रधान सपना देख्छन् । यस क्रममा योनिश्राव अत्यधिक भै यौन सन्तुष्टि प्राप्त हुन्छ । यौन सपनाका क्रममा कतिपयलाई वास्तवमै यौन कार्यमा संलग्न भैरहेको अनुभूति हुन्छ । यस्तो बेला सपनामा आउने यौन साथी परिचित वा अपरिचित दुवै हुन सक्छन् ।

बाह्य वातावरण तथा सामाजिक रीतिस्थितिअनुसार आफूमा भएको यौन चाहना दबाउनुपर्ने हुन्छ । कतिपय व्यक्तिको संकुचित भावना तथा हस्तमैथुनप्रतिको नकारात्मक दृष्टिले पनि यौन चाहना दबाउनुपर्ने हुन्छ । यतिबेला शरीरभित्रै विकसित भैरहेको यौन अवस्थाले विकल्प खोज्छ । त्यस क्रममा धेरैले हस्तमैथुन गरेर आफ्नो यौन भोक शान्त पार्छन् भने कतिपयमा यौन सपनासँगै वीर्य स्खलन वा योनिश्राव भै यौन तनाव शान्त हुन्छ । कतिपयले यौन सपनासँगै स्खलित हुनै लाग्दा थाहा पाउँछन् भने कतिपयले स्खलित भएपछि मात्र आफूले यौन सपना देखेको जानकारी पाउँछन् । यौन सपना स्वभाविक प्रक्रिया हो । हस्तमैथुन गर्ने बानी तथा विवाहपश्चात् नियमित यौन कार्यले त्यस्तो सपना देख्ने क्रममा कमी आउँदै जान्छ । विभिन्न अध्ययनले के देखाएका छन् भने शरीरमा टेस्टोस्टेरोनको मात्रासँग यौन सपनाको घनिष्ठ सम्बन्ध छ । विरलै भए पनि कतिपयमा देखिने सपना हिँड्ने बानीजस्तै सपनामै यौन सम्पर्क स्थापित गर्ने, यौन क्रियाकलाप गर्ने प्रवृत्तिसमेत पाइन्छ ।

शारीरिक विकाससँगै यौन विकासको एउटा चिह्नका रूपमा रहेको यौन सपना सबैले देख्नैपर्छ भन्ने चाहिँ होइन । यसले दमित यौन तनाव घटाउन मद्दत गर्ने हुनाले समग्रमा यौन दुर्व्यवहार, यौन हिंसा घटाउन मद्दत गर्छ । प्रजनन प्रणाली राम्रोसँग विकसित भएको अवस्थामा बारम्बार यौन सपना देखिन सक्छ भने कसैले चाहँदैमा यौन सपना देखिने पनि होइन । यौन सपना देख्ने बानी घटाउन यौन परिकल्पना नगर्ने, यौन सामग्री नहेर्ने, नपढ्ने, सुत्नुअघि पिसाब फेरेर, हातखुट्टा राम्रोसँग धोएर तथा शान्त मन लिएर सुत्नुपर्छ । यसलाई स्वभाविक प्रक्रिया मानी स्खलित हुनै लाग्दा वा भएपछि यौनांगको सरसफाइमा ध्यान दिनुपर्छ । यस क्रममा भित्री कपडा फेर्ने, तन्ना वा सिरकको खोलको सरसफाइ आदि गर्नुपर्ने हुन्छ ।

## महिला स्वास्थ्य






डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

प्रश्नमा तपाईंको साथीको उमेर उल्लेख छैन । समान्यतः महिनावारी २१ दिन देखि ३५ दिनको अन्तरमा ३ देखि ५ दिन सम्म हुन्छ । पहिलो दिन कम रगत गए पनि दोस्रो-तेस्रो दिन ८० मिलिग्राम सम्म रगत जान सक्छ अर्थात ३-४ वटा प्याड फेर्नुपर्ने हुन सक्छ भने कसै-कसैमा रगत जमेर वा कालो भएर आउन सक्छ । किशोरावस्था तथा महिनावारी सुक्ने बेलामा महिनावारीमा अनियमितता तथा ढिलाइ हुन सक्छ । त्यसबाहेक अण्डबाहिनी नली, अण्डाशयको संक्रमण, थाइराइड तथा अन्य हार्मोनको असन्तुलन, पोलिसिटिक ओभरियन सिन्ड्रमजस्ता रोगका कारण पनि महिनावारी अनियमित हुन, ढिला हुन वा रोकिन सक्छ । किशोरावस्थामा महिनावारी ढिला भयो भनेर खासै आत्तिनु पर्दैन, तर समयमै परीक्षण गराएर अन्य रोग होइन भन्ने पक्का गरेको राम्रो हुन्छ ।

## तस्बिर बोल्छ

**गिनिज बुक अफ वर्ल्ड रेकर्डसले हालै आफ्नो सन् २०१९ को संस्करण सार्वजनिक गरेको छ । उक्त पुस्तकमा विभिन्न समयमा राखिएको कीर्तिमान भंग नभएका कारण यी व्यक्तिहरु सन् २०१९ मा पनि चर्चामा रहने देखिन्छ । यस्तै अनौठा कीर्तिमान कायम गर्ने केही रेकर्डहोल्डर**



**गाडीमाथि बल नियन्त्रण :** बेलायतका एस रण्डलले गुडिरहेको कारको छतमा बललाई पैतालाले ९३ सेकेन्डसम्म नियन्त्रणमा राखेर कीर्तिमान कायम गरेका थिए ।



**ह्यान्ड स्केटिङ :** जर्मनीका मिर्को हान्सेनले हातमा स्केटिङ लगाएर बोच्होल्टमा ५० मिटरसम्म गुडेर गिनिज बुकमा ह्यान्ड स्केटिङको कीर्तिमान बनाएका थिए ।



**सर्वाधिक स्ट्यान्डिङ जम्प :** क्यानाडाका इभान उन्गेरले ५ दशमलव ३ फिट (१ दशमलव ६२ मिटर) स्ट्यान्डिङ जम्प गरेर राखेको कीर्तिमान अझै भंग हुन सकेको छैन ।



**ह्यान्ड स्प्रिङ :** दक्षिण अफ्रिकाका जामा मोफोकेनले उल्टो भएर हातलाई स्प्रिङजस्तो बनाई ३४ पटक उफ्रिएर कीर्तिमान कायम गरेका थिए ।



**लामो उल्टो भल्ट :** रायन लुनेले उल्टो भल्ट गर्दै सर्वाधिक लामो दूरी पूरा गर्ने व्यक्तिको कीर्तिमान बनाएका छन् । त्यस क्रममा बेलायतका रायनले १४ फिट ३ दशमलव ८ इन्चको दूरी पूरा गरेका थिए ।



**तीव्र गतिको गो कार्ट :** बेलायतका टम ब्याङनेलको नाममा सर्वाधिक तीव्र गतिमा गो कार्ट चलाउने चालकको कीर्तिमान छ । टमले १ सय ८० दशमलव २९ किलोमिटर प्रतिघन्टाको रफ्तारमा गो कार्ट चलाएका थिए ।

## मैदान बाहिर

# युएस ओपन जित्ने दोस्रो एसियाली महिला



जापानकी नाओमी ओसाका युएस ओपन टेनिसको नयाँ च्याम्पियन भएकी छिन् । २० वर्षीया ओसाका टेनिसको ग्रान्ड स्लाम जित्ने पहिलो जापानी तथा दोस्रो एसियाली महिला हुन् । यसभन्दा पहिले चीनकी ली नाले दुईवटा ग्रान्ड स्लाम जितेकी थिइन् ।

ओसाकाले ६ पटककी च्याम्पियन सेरेना विलियम्सलाई ६-२ तथा ६-४ को सोझो सेटमा हराएकी थिइन् । रोचक कुरा के छ भने ओसाकाको प्रेरणाको स्रोत सेरेना नै हुन् । सेरेनाको खेल देखेर नै ओसाकाले टेनिस खेल्न सिकेकी थिइन् । उनले आफ्नै आइडललाई हराउँदै पहिलो ग्रान्ड स्लाम आफ्नो नाममा गरेकी हुन् ।

सन् १९९७ को अक्टोबर १६ मा जापानको ओसाकामा जन्मिएकी नाओमी हैटी मुलकी हुन् । जन्मपश्चात् उनीहरू अमेरिकामा बसाई सरेका थिए । नाओमीसँग जापान र अमेरिका दुवै देशको नागरिकता छ ।

नाओमीले कक्षा ३ मा अध्ययनरत छँदै सेरेनाका बारेमा स्कुल प्रोजेक्ट तयार गरेकी थिइन् । सेरेनाले सन् १९९९ मा पहिलो पटक युएस ओपन जित्दा नाओमी २ वर्षकी पनि थिइनन् । नाओमीले पहिलो पटक २०१६ मा अस्ट्रेलियन ओपनमा पहिलो ग्रान्ड स्लाम खेलेकी थिइन् ।

# रेसको समयमा स्तनपान

ब्रिटिस अल्ट्रा धावक सोफी पावर खेलाडी बाहेक एक आदर्श आमासमेत हुन् । सोफीले १ सय ७१ किलोमिटरको अल्ट्रा ट्रेल मोन्ट ब्याक रेसका क्रममा आफ्ना तीन महिनाका छोरा कोर्मेकलाई स्तनपान गराइन् । सोफी १६ घण्टा लगातार दौडेर ब्रेकका लागि रोकिएकी थिइन् । उनले त्यही समयमा स्तनपान गराएकी थिइन् । अहिले उनले स्तनपान गराएको उक्त भिडियो भाइरल भैरहेको छ । सोफीले सामान्य अवस्थामा तीन घण्टामा स्तनपान गराउँथिन्, तर रेसको समयमा उनले १६ घण्टापश्चात् मात्र यो अवसर पाइन् । तीन देश इटाली, फ्रान्स र स्विट्जरल्यान्ड हुँदै गुज्रने यो रेस सोफीले ४३ घण्टा ३३ मिनेटमा पूरा गरेकी थिइन् । उक्त समयमा उनका पतिले सानो छोरालाई बोतलको दूध ख्वाएका थिए । विश्राम स्थलमा अन्य खेलाडी आराम गरिरहेका बेला सोफी भने छोरालाई दूध ख्वाइरहेकी थिइन् । उनको अनुहारमा थकानको सट्टा मुस्कान भरिएको थियो । सामाजिक सञ्जालहरूका अनुसार सोफीले यो वर्ष मात्र यस्ता विभिन्न प्रकारका २७ वटा दौडमा भाग लिइसकेकी छिन् ।






# पामेलाको विवाह नगर्ने निर्णय

अमेरिकी स्टार अभिनेत्री पामेला एन्डरसनले विवाह गर्न कर गरेकै कारण आफ्ना युवा प्रेमी आदिल रामीसँगको सम्बन्ध समाप्त गरेकी छिन् । रूसमा सम्पन्न फिफा विश्वकपको समयमा ५१ वर्षीया पामेला आफूभन्दा २० वर्ष कम उमेरका फ्रान्सेली फुटबलर आदिल रामीकी प्रेमिका हुन् भन्ने कुरा सार्वजनिक भएको थियो । फाइनलमा फ्रान्स र क्रोएसियाबीच भैरहेको खेलमा अन्य सुन्दरीहरूका साथ पामेलाको उपस्थितिले पनि धेरै अर्थ बोकेको थियो । फ्रान्स विश्व विजेता भएपश्चात् पामेला पनि फ्रेन्च रिभेरियास्थित आदिलको घरमा बस्न थालेकी थिइन् ।

जुलाईमा आदिलले पामेलाकी आमासँग भेटेर विवाहको प्रस्ताव गरेका थिए, तर केही दिन पछि नै पामेलाले कडा फैसला लिइन् । उनले आदिलका नाबालक जुम्ल्याहा छोरासँग भेटेपछि उनको मन परिवर्तन भयो । पामेलाले आफ्नै कारणले आदिलले ती नाबालक छोराहरूलाई समेत माया नगरेको अनुभव गरिन् अनि उनीसँग विवाह नगर्ने निर्णय गरिन् ।

# विश्व टेनिसका आदर्श जोडीहरू



## आन्द्रे आगासी तथा स्टेफी ग्राफ

सन् १९९९ को फ्रेन्च ओपनका क्रममा आन्द्रे आगासी र स्टेफी ग्राफको प्रेम झाँगिएको थियो । त्यसभन्दा अघि आन्द्रेले हलिउड अभिनेत्री ब्रुक शिल्डससँग विवाह गरेका थिए भने स्टेफी ग्राफको डेटिङ मोटर रेसर माइकल बार्टेलसँग चलिरहेको थियो । ग्राफ र आगासीले एक-अर्कालाई मन पराएपछि दुवैले आ-आफ्ना प्रेमी-प्रेमिकालाई छोडेका थिए । सन् २००१ मा विवाह बन्धनमा बाँधिएका ग्राफ र आगासीका एक-एक छोरा-छोरी छन् ।



## पिट साम्प्रास तथा ब्रिगेटी विल्सन साम्प्रास

केही वर्षको प्रेमपछि टेनिस खेलाडी पिट सम्प्रासले अभिनेत्री ब्रिगेटी विल्सनसँग सन् २००० मा विवाह गरे । सन् २००२ मा उनीहरूको पहिलो सन्तान भयो भने सन् २००५ मा अर्को । टेनिस खेलवाट संन्यास लिने क्रममा सन् २००२ को युएस ओपन ग्रान्ड स्ल्याम जित्दा साम्प्रासलाई ब्रिगेटीले गरेको सहयोग अविस्मरणीय रहेको उनी बताउँछन् ।




## राफेल नाडाल तथा मारिया फ्रान्सिस्का पेरिल्लो

राफेल नाडाल तथा मारिया फ्रान्सिस्का पेरिल्लोको प्रेम सन् २००५ मा भएको थियो । पेरिल्लोलाई कोर्टमा कमैले चिन्छन्, तर उनी राफेललाई समर्थन गर्न सधैं कोर्टमा पुग्छिन् भने राफेल पनि आफ्नो सफलतामा पेरिल्लोको महत्वपूर्ण योगदान रहेको कुरा बताउँछन् ।

## एन्ना कोर्निकोभा तथा इन्रिक इग्लेसिस

रुसी टेनिस खेलाडी एन्ना कोर्निकोभाले टेनिस कोर्टमा आफ्नो सौन्दर्यको जादु छरिन् । लोलिटा उपनामसमेत पाएकी एन्ना स्पेनिस गायक इन्रिक इग्लेसिससँग सन् २००१ देखि डेटिङमा छिन् । डेटिङमा भएको एक दशक नाघे पनि उनीहरूले अझै विवाह गरेका छैनन् । उनीहरू प्रेमी-प्रेमिकाका रूपमा सँगै बस्छन् ।



## महेश भूपति तथा लारा दत्त


भारतीय टेनिस खेलाडी महेश भूपतिले सन् २००० की मिस वर्ल्ड लारा दत्तसँग सन् २०११ मा विवाह गरेका थिए । लाराको भूपतिभन्दा अघि भुटानी कलाकार एवं मोडल केली दोर्जीसँग सम्बन्ध थियो । भूपति र लाराबाट सन् २०१२ मा एक छोरी सायराको जन्म भएको छ ।



## लियोटन हिविट तथा बिस कार्टराइट

लियोटन हिविट तथा बिस कार्टराईटको पहिलो भेट सन् २००० मा टेनिसको एक प्रदर्शन खेलका क्रममा भएको थियो । त्यति बेला लियोटनको प्रेम टेनिस खेलाडी किम क्लाइजर्ससँग थियो । लियोटन र किमको प्रेम टुटेको चार महिनामै लियोटनले बिस कार्टराईटसँग २००५ मा इन्गेजमेन्ट गरेर केही समयपछि विवाह गरे । लियोटन र बिसका तीन जना छोराछोरी छन् ।



## रोजर फेडेरर तथा मिर्का फेडेरर

स्विट्जरल्यान्डका टेनिस खेलाडी रोजर तथा मिर्काको भेट सन् २००० मा सिड्नीमा आयोजित ओलम्पिक प्रतियोगिताका क्रममा भएको थियो । त्यही भेट प्रेममा परिणत भएपछि रोजर र मिर्काले सन् २००९ मा विवाह गरेका थिए । उनीहरूका जुम्ल्याहा छोरा तथा एक छोरी छन् ।



## एना इभानोभिच तथा बास्टिन स्वाइनेसटिगर

सर्बियाकी टेनिस खेलाडी एना तथा जर्मनीका फुटबलर बास्टिन स्वाइनेसटिगर सन् २०१४ देखि डेटिङमा थिए । यद्यपि उनीहरूबीच गहिरो प्रेम रहेको कुरा सन् २०१५ को फ्रेन्च ओपनका क्रममा मात्र सार्वजनिक भयो । उनीहरूले सन् २०१६ मा भेनिसमा विवाह गरे । बास्टिन जहिले पनि एनाको गेममा आफैं उपस्थित भएर उनको हौसला बढाउँछन् ।




## एन्डी रोडिक तथा ब्रुकलिन डेकर

टेनिस खेलाडी एन्डी रोडिक स्विमसुट मोडल ब्रुकलिन डेकरसँग सन् २००७ देखि डेटिङमा रहे । त्यसको दुई वर्षपछि उनीहरू विवाह बन्धनमा बाँधिए । उनीहरूको पहिलो सन्तान सन् २०१५ मा जन्मिएका थिए ।

मुक्त आकाश

# स्वार्थ, व्यापार र प्रेम



अविरल थापा

स्वार्थ भनेको आफूले लिन मात्र खोज्नु हो । व्यापार भनेको दुवै जनालाई फाइदा हुनु हो । प्रेम भनेको फिर्ता पाउने आशा नगरी आफूले दिनु मात्र हो । सन्तहरू भन्छन्– हिजोआजसंसारमा चलेको सम्बन्ध भनेको व्यापारको सम्बन्ध हो । एक-अर्कालाई के फाइदा हुन्छ भन्ने सोचेरै अधिकांशले सम्बन्ध निर्माण गर्छन् । आफ्नो मेहनत र पौरखले केही गरौं भन्दा पनि कसको फेर समातेर चाँडै माथि पुग्न सकिन्छ भन्नेहरू जताततै छन् । कसैको पछि लागेको भरमा, बुई चढेको भरमा रातारात माथि पुग्न सकिन्छ भने कसले दुःखगर्न खोज्छ र ? सोझो बाटो हिंड्नेहरू हिँडेको हिड्यै हुन्छन्, बांगो बाटो समात्नेहरू ठालु भैसक्छन् ।

अरू त भयो भयो, केटा र केटीको प्रेम सम्बन्ध समेत भावनाले भन्दा पनि को कति धनी छ, कोसँग सम्बन्ध गाँस्यो भने अन्य के-के फाइदा लिन सकिन्छ, कसरी म सजिलै माथि पुग्न सक्छु भनेर निर्माण हुन थालिसकेको छ । काम छउन्जेल र फाइदा हुन्जेल एक जनालाई प्रयोग गर्‍यो, काम सक्किएपछि अर्कैसँग लाग्ने विकृत रूप समाजमा व्याप्त छ । कतिले त पैसा कुम्ल्याउनकै लागि कैयौंसँग एकैपटक विवाह गरेर छक्याइरहेको उदाहरण पनि समाचारमा यदाकदा आइरहेका छन् । केटा होस् वा केटी, व्यक्तिगत रूपमा वा पारिवारिक रूपमा कति सम्पन्न छ हेरर प्रेमको नाटक गरेर एक-अर्कासँग फाइदा लिनेहरू समाजमा धेरै छन् । फाइदा हुन्जेल यस्तो सम्बन्ध राम्रै चल्ला, तर आफूले खोजेको कुरा पाउन छोडेपछि सम्बन्धमा दरार सिर्जना हुन थाल्छ ।

सम्बन्ध यति विकृत भैसक्यो कि को असल नियतले आएको छ, को खराब नियतले ? छुट्याउनै मुस्किल पर्छ । हेर्दा सोझा देखिनेहरूको मन कति टेढो र अनुहार गोरा भएकाहरूको मन कति कालो छ ? जो-कसैले छुट्याउन सक्दैनन् । प्रेममा चुर्लुम्म डुबेको कुनै प्रेमीकी प्रेमिकालाई ग्रिनकार्डधारी वा पी.आर.धारीले टप्काएर विदेश पुर्‍याइसकेको हुन्छ । त्यसैगरी धनी र रूपवती अरू कोही फेला परी भने प्रेमीले धोका दिइरहेको प्रेमिकाले थाहा पाउँदिन ।

सबैलाई चाँडै धनी हुनु छ । चाँडै प्रगति गर्नु छ । मेहनतले आर्जन गर्न समय लाग्छ । आफैं कमाऊँ, आफ्नो स्वाभिमानमा बाँचौं भन्दा पनि कसलाई प्रयोग गरेर चाँडै धुरी चढौं भन्ने चेतना हावी छ । समाजमा कसैले को कति पढेर ज्ञानी भयो, को चेतनशील भयो भनेर हेर्दैन, कसले पैसा कमायो, कत्रो घरमा बस्छ, कस्तो गाडी चढ्छ भनेर सफलताको मापन गर्छ । मालपोत वा घूस खान मिल्ने अन्य ठाउँमा कसैको सरुवा भयो भने बधाई दिनेहरूको ओइरो लाग्छ– अब कमाउने भयो भनेर । आमाबाबुको चेतना पनि पढेलेखेको स्वाभिमानी युवकलाई भन्दा धनी, खानदानी घरमा छोरी दिन पाए हुन्थ्यो भन्ने हुन्छ । त्यसैले भन्न मनलाग्छ, हाम्रो सोच नै भ्रष्ट छ । हामी सम्बन्धको किनबेच गरिरहेका छौं । गरिबको घरमा खान दिन सक्दैन, गएर के नै फाइदा हुन्छ र भनेर कोही पाहुना लाग्न पनि जाँदैनन् । चिनेजानेको मान्छे कोही ठूलो पदमा पुग्यो भने अनेक नाता सम्बन्ध गाँसेर फूलमाला बोकेर पुग्नेहरूको लर्को लामै हुन्छ ।

कुरा यत्ति हो, स्वार्थ र व्यापारमा आधारित कुनै पनि सम्बन्ध दिगो हुँदैन । जब प्रयोजन सकिन्छ, सम्बन्ध पनि समाप्त हुन्छ । भावनाको किनबेच नगरौं । स्वार्थ गाँसेर बनाइएको सम्बन्धले तत्काललाई फाइदा देला, तर कतिबेला त्यही सम्बन्ध गलपासो भैदिन्छ थाहा हुँदैन र जिन्दगीभर पश्चातापसिवाय केही बाँकी रहँदैन ।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# मिस्टर मोडल अफ द वर्ल्ड



म्यानमारमा सम्पन्न मिस्टर मोडल अफ द वर्ल्ड-२०१८ को उपाधि नेपाली मोडल दिक्पाल कार्कीले जितेका छन् । आफ्ना ९ जना प्रतिस्पर्धीलाई पछि पार्दै दिक्पालले मिस्टर मोडल अफ द वर्ल्ड-२०१८ को उपाधि जितेका हुन् । प्रतिस्पर्धामा भारत, थाइल्यान्ड, इन्डोनेसिया, फिलिपिन्स, चीन आदिका पुरुष मोडलहरू सहभागी थिए । उक्त अवसरमा दिक्पालले मिस्टर किंग अफ क्याटवाक, मिस्टर मोडल चान लोन बेस्ट हेयर तथा मिस्टर मोडल बेस्ट इन फर्मल वेयरको उपाधिसमेत हात पारे । दिक्पाल यसअघि थाइल्यान्डमा सम्पन्न मिस्टर ग्लोबल तथा फिलिपिन्समा सम्पन्न मिस्टर ग्रान्ड इन्टरनेसनलमा सहभागी भैसकेका छन् । दिक्पालले मिस्टर ग्रान्ड इन्टरनेसनल-२०१७ मा सोसल मिडिया स्टार र पब्लिक च्वाइस एवार्ड जितेका थिए भने मिस्टर ग्लोबलमा उनी छैटौं भएका थिए ।

# इबिजामा फेसन नाइट




शनिबार राति अबेर ठमेलस्थित इबिजा लाउन्ज एन्ड बारमा आगन्तुकहरूको चहलपहलसँगै बारमा निर्माण गरिएको आकर्षक र्‍याम्पमा चम्किलो प्रकाश छरिन थाल्यो । लगत्तै पूर्वमिस नेपाल सदीक्षा श्रेष्ठले 'फेसन नाइट-२०१८' प्रारम्भ भएको घोषणा गरिन् । दुई पुरुष तथा चौध महिला मोडल पालै-पालो र्‍याम्पमा प्रस्तुत भए । उनीहरूले चारवटा सिक्वेन्समा चारै जना डिजाइनरद्वारा डिजाइन गरिएका विभिन्न प्रकारका पहिरन प्रदर्शन गरे । सुचिना श्रेष्ठ, समीक्षा मानन्धर, मनिष श्रेष्ठ तथा एलिशा क्रिएसनका पहिरन उक्त फेसन शोको आकर्षण रहे । त्यसक्रममा मोडलहरूले लेहेंगा, वन पिस, इभिनिङ गाउन तथा पुरुषहरूले सुट प्रदर्शन गरेका थिए । विगतमा मिस नेपालमा सहभागिता जनाइसकेकी सिर्जना रेग्मीद्वारा कोरियोग्राफी गरिएको उक्त फेसन शोमा अभिनेत्री स्वस्तिमा खड्का तथा मोडल सविता कार्कीले शोस्टपरका रूपमा क्याटवाक गरेका थिए ।

# पाल्पामा डिजाइन शो



तीजको अवसर पारेर पाल्पामा पहिलो पटक फेसन डिजाइन शो सम्पन्न भएको छ । ह्याप्पी नेपाल तानसेनले आयोजना गरेको उक्त प्रतिस्पर्धामा पाल्पा, स्याङ्जा, रुपन्देही तथा नवलपरासीका फेसन डिजाइनिङ १४ जना विद्यार्थी डिजाइनर सहभागी थिए । उक्त अवसरमा सहभागीहरूले आफैंले डिजाइन गरेका पहिरनमा क्याटवाक गरेका थिए । यो प्रतियोगितामा सुनवल नवलपरासीकी लक्ष्मी विक विजेता घोषित भइन् भने तानसेन पाल्पाकी चिजा थापा फस्ट रनर्सअप तथा तानसेनकै अन्जु अमात्य कुंवर सेकेन्ड रनर्सअप भए ।

माधव अर्याल

KANTIPUR INTERNATIONAL COLLEGE

Paid Internship China, UAE, Thailand, Malaysia, India & many more ... For Hotel Management
Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.
BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture
International Membership
Kantipur International College
COLLEGE OF MANAGEMENT Buddhanagar, New Baneshwor Tel: 4780564, 4783904
COLLEGE OF ENGINEERING Tel: 5582564, 5582565 www.kantipurinternational.edu.np
नोटः जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।